# लेखापरीक्षण प्रतिवेदन

# धरान उप महानगरपालिका, सुनसरी

## आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**
महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल
काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# धरान उप महानगरपालिका, सुनसरी

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| **स्वतन्त्रता** | *(Independence)* |
| **निष्ठा** | *(Integrity)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |
| **व्यावसायिकता** | *(Professionalism)* |

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश**

**काठमाडौं**

प.सं.: मिति : २०८३-१-२३

च.न :

श्रीमान् नगरप्रमुखज्यू,

धरान उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय, धरान, सुनसरी।

विषय-**लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी मिति २०८२।११।२८ मा प्रारम्भिक प्रतिवेदन जारी भइसकेको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औँल्याइएका बेहोराउपर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ अनुसार प्राप्त प्रतिक्रिया उपरको कारबाही टुङ्गो लगाई सो पश्चात् कायम रहेका बेहोरा समावेश गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदनको मस्यौदा यसैसाथ संलग्न छ। त्यस कार्यालयबाट प्राप्त प्रतिक्रिया उपर सम्परीक्षणको कारबाही भई लगत कट्टा भइसकेका कुनै बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको वा कुनै अंकगणीतीय त्रुटि देखिएमा सो सम्बन्धी बेहोरा नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) भित्रको Auditee File ट्याबमा ३ (तीन) दिनभित्र अपलोड गरी जानकारी गराउनुहुन अनुरोध छ। सो पश्चात् यो लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गरिने बेहोरा जानकारी गराइन्छ ।

( )

नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश**

**काठमाडौं**

प.सं.: मिति : २०८३-१-२३
च.न :

श्रीमान् नगर प्रमुखज्यू ,
धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय
चतरालाईन, धरान, सुनसरी।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

**१. कैफियत सहितको राय**

हामीले तहाँ उपमहानगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

**२. कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीतर्फको कारोबार समावेश गरेको छैन।

२.२. उप महानगरपालिकाको आय व्यय तर्फ रु.४ अर्ब ३६ करोड ३४ लाख ३ हजारको लेखापरीक्षण गर्दा रु.६ करोड ९८ लाख ३८ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.१ करोड २८ लाख ३ हजार फर्स्यौट भई असुल गर्नुपर्ने रु.१० लाख २१ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ६५ लाख ७१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.२ करोड ८७ लाख ५२ हजार र पेस्की बाँकी रु.७ लाख ३७ हजार गरी जम्मा रु.५ करोड ७० लाख ८१ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.४१ करोड ९६ लाख ७४ हजारमध्ये रु.२ करोड ६२ लाख ७९ हजार फर्स्यौट भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजु रु.४५ करोड ४ लाख ७६ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले उपमहानगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३.अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी

स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत उपमहानगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी  वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

( )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८९ | १२५ | ६,९८,३८,०४० | ० | ५३ | १,२८,०२,७७६ | ४६,५३७ | ८९ | ७२ | ५,७०,८१,८०१ | १०,२१,३०० | २,६५,७०,९७६ | २,८७,५२,४११ | ० | ० | ५,५३,२३,३८७ | ७,३७,११४ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सुनसरी | ४१,९६,७३,५९७ | ० | २,६२,७९,३९५.४० | ३९,३३,९४,२०१.६० | ० | ५,७०,८१,८०१ | ४५,०४,७६,००२.६० |

### बेरुजु सम्परीक्षणको विवरण

| क.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| **प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट सम्परीक्षण** | | | | |
| १ | २०८१/८२ | ५०.१ | पारिश्रमिक कर कट्टी | ९,५८२ |
| २ | २०८१/८२ | ४९.५ | सेनिटरी प्याडमा बढी भुक्तानी | १२४६९४ |
| ३ | २०८१/८२ | ४९.७ | छात्र वृति रकम बढी निकासा | ३८४०० |
| ४ | २०८१/८२ | ४९.८ | भ्रमण भत्ता भुक्तानी | ५२०० |
| ५ | २०८१/८२ | ३१.१ | विविध खर्च खाता। | ७४,५०० |
| ६ | २०८१/८२ | ७६.२ | वडा नं.६- कन्टिन्जेन्सी रकम खर्च | १६६४५ |
| ७ | २०८१/८२ | ७६.५ | खाजा खर्च | ६१०० |
| ८ | २०८१/८२ | ७६.६ | भ्रमण भत्ता भुक्तानी | ३२०० |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०८१/८२ | ७६.७ | पदाधिकारी इन्धन | ६४८५४ |
| १० | २०८१/८२ | ७५.१ | वडा नं.५- बढी भुक्तानी | १०३७० |
| ११ | २०८१/८२ | ७५.२ | प्राविधिक प्रतिवेदन | ९९९८८ |
| १२ | २०८१/८२ | ७५.३ | स्वयम सेविका भ्रमण | २६७४० |
| १३ | २०८१/८२ | ८५ | वडा नं.१८-जस्ताको आम्दानी | २४,३५७ |
| १४ | २०८१/८२ | ८३ | वडा नं.१६-बढी भुक्तानी | १६,३९५ |
| १५ | २०८१/८२ | ७८.३ | वडा नं.११-बढी तलव | ३०,२७६ |
| १६ | २०८१/८२ | ७७.१ | वडा नं.१०- कर्मचारीलाई इन्धन | २,८८३ |
| १७ | २०८१/८२ | ७१.५ | अवलोकन भ्रमण | १३८५६१ |
| १८ | २०८१/८२ | ७१.११ | वडा पदाधिकारीको इन्धन | १०९१४८ |
| १९ | २०८१/८२ | ४३ | यातायात सुविधा | १,८५,००० |
| २० | २०८१/८२ | ६६ | पिएसको भुक्तानी | ५,००० |
| २१ | २०८१/८२ | ५४ | नमुना विद्यालय भवन निर्माण | १,००,००,००० |
| २२ | २०८१/८२ | ६३ | ट्याक कोटको भुक्तानी | २,७७,८८३ |
| २३ | २०८१/८२ | ३ | आन्तरिक लेखापरीक्षण | ३,००० |
| २४ | २०८१/८२ | ४२ | अनुगमन भत्ता | १५,३०,००० |
| | | | **जम्मा** | **१,२८,०२,७७६** |
| **गत विगत आर्थिक वर्षहरूको सम्परीक्षण भई लगत कट्टा भएको** | | | | |
| **नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमार्फत सम्परीक्षण** | | | | |
| १ | २०८०/८१ | ८८.३ | सार्वजनिक निर्माण व्यवस्थापन | ६२,९४१ |
| २ | २०८०/८१ | ५७ | शिक्षा तर्फका थप व्यहोराहरु | ६२,६१,२०० |
| ३ | २०८०/८१ | ५९ | शिक्षा तर्फ | १६,९९,००० |
| ४ | २०८०/८१ | २८ | पेश्की बाँकी | ५१,२५,४५५ |
| ५ | २०८०/८१ | ९० | पालिकाको पूजिंगत तर्फ | ९५,०९,७१० |
| ६ | २०८०/८१ | २९ | दाखिला गर्न बाँकी दायित्व | २,७०,८०४ |
| ७ | २०८०/८१ | ६९ | खप्ने जिन्सी सामान | ४४,८५० |
| ७ | २०८०/८१ | ६१ | कृषि तथा पशु तर्फ देखिएका व्यहोराहरु | ३१,३०९ |
| ९ | २०८०/८१ | ४६ | कर कट्टी नगरेको | ६०,००० |

| | | | | |
|---|---|---|---|---|
| १० | २०८०/८१ | ८५ | उपभोक्ता समिति | २,७०,९५७ |
| ११ | २०८०/८१ | ३६ | आयको हिसाव मिलान | १९,९३,३९२ |
| १२ | २०७९/८० | ५९ | बढी भुक्तानी | १,७१,०१३ |
| १३ | २०७९/८० | ५७ | पेश्की बाँकी | ४,३०,००० |
| १४ | २०७८/७९ | ३४ | यातायात सुविधा | १०,८९० |
| १५ | २०७८/७९ | २९ | अनुगमन भत्ता | १६,१५० |
| १६ | २०७७/७८ | ५४ | दोहोरो सुविधा | २०,४०० |
| **जम्मा** | | | | **२,५९,७८,०७१** |
| **म्यानुअल रुपमा पेश भएको कागजातको आधारमा सम्परीक्षण भई लगत कट्टा भएको** | | | | |
| १ | २०७५/७६ | ३४ | जरिवाना असुल गर्नु पर्ने | ३,०१,३२४.४० |
| **सम्परीक्षण भएको जम्मा** | | | | **२,६२,७९,३९५.४०** |
| **कूल जम्मा** | | | | **३,९०,८२,१७१.४०** |

# धरान उप महानगरपालिका, सुनसरी

# ( ८०११४३०२३०० )

# धरान उप-महानगरपालिका , सुनसरी

## परिचय

१

**(क) पालिकाको परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। १९२.६१ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस पालिकामा २० वडा रहेको छ भने राष्ट्रिय जनगणना २०७८ अनुसार १ लाख ६६ हजार ५३१ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१।८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।९।१७ देखि २०८२।९।२७ सम्म ११ कार्यदिन रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत तथा आर्थिक प्रशासन शाखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्रको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आम्दानीतर्फ रु.२१६६९२३१३६.५५ र खर्च तथा भुक्तानीतर्फ रु.२१९६४८०२६६.१७ गरी जम्मा रु.४३६३४०३४०२.७२ को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरू :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची - २ मा संलग्न छ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.७५२४१८.०० असुल भइ दाखिला प्रमाण पेश भएको छ।

| कार्यक्रम/ब.उ.शी.नं. | वापत | मिति | दाखिला भएको बैङ्क | रकम |
|---|---|---|---|---|
| न.पा.चालु | खाजा खर्च वापत बढी भुक्तानी भएको | २०८२।९।१७ | राष्ट्रिय वाणिज्य बैंक | ८००० |
| न.पा.चालु | भ्रमण भत्तामा बढी भुक्तानी | २०८२।९।१७ | राष्ट्रिय वाणिज्य बैंक | १७०० |
| न.पा.चालु | खाजा खर्च वापत दोहोरो भुक्तानी | २०८२।९।२२ | राष्ट्रिय वाणिज्य बैंक | १८३७५ |
| न.पा.चालु | खाजा खर्च बढी भुक्तानी | २०८२।१०।९ | राष्ट्रिय वाणिज्य बैंक | २१२५ |
| वडा नं.१३ चालु | भ्रमण भत्ता बढी भुक्तानी | २०८२।१०।१३ | राष्ट्रिय वाणिज्य बैंक | ८४०० |
| वडा नं.१४ चालु | भ्रमण भत्ता बढी भुक्तानी | २०८२।१०।७ | राष्ट्रिय वाणिज्य बैंक | १२८०० |
| वडा नं.१४ चालु | भ्रमण पेस्की फिर्ता दाखिला | २०८२।१०।२६ | राष्ट्रिय वाणिज्य बैंक | १००००० |
| शर्सत चालु | विभिन्न विद्यालयहरुलाई बढी निकासा भएको रकम | २०८२।१०।९ | राष्ट्रिय वाणिज्य बैंक | ५५५४९ |
| शर्सत चालु | छात्रवृत्ति र भ्रमणमा बढी भुक्तानी भएको रकम असुल | २०८२।१०।११ | राष्ट्रिय वाणिज्य बैंक | २५९६६ |
| ससर्त चालु | सुलिकोट आ.वि.लाई बढी निकासा भएको रकम असुल | २०८२।१०।२० | राष्ट्रिय वाणिज्य बैंक | ८०० |
| ससर्त चालु | पारिश्रमिक कर घटि कट्टी | २०८२।१०।२३ | ग्लोवल आइएमई बैंक | ७३७० |
| ससर्त चालु | पारिश्रमिक कर घटि कट्टी | २०८२।१०।२६ | ग्लोवल आइएमई बैंक | ३७६८ |
| विभाज्य कोष | बाँडफाँड हुन बाँकी रकम प्रदेश संचितकोष दाखिला | २०८२।१०।९ | राष्ट्रिय वाणिज्य बैंक | ५०७५६५ |
| **जम्मा** | | | | **७५२४१८** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिबेदन**

२.१ **एकीकृत आर्थिक विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरिएको छ। पालिकाले महालेखापरीक्षकबाट २०७९।८।२० मा स्वीकृत सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्छ। पालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले वर्षभरी गरेको सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं.२७०) प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण तयार गरेको छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम एवं अन्तरसरकारी अख्तियारी मार्फत खर्च भएका कारोवार सुत्रमा लेखाङ्कन गरेको देखिदैन। पालिकाले पेश गरेको एकीकृत आर्थिक विवरण निम्नानुसार रहेको छ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ति र भुक्तानीको स्वीकृती वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) समेत यसै दफाको अनुसूचीमा समावेश गरिएको छ ।

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| **१. सुरु मौज्दात (गत आ.व.को अ.ल्या.)** | | **२०८२५१४४६.१९** | **१. चालु खर्च** | | **९६५२८७५९५.०३** |
| क) स्थानीय तह सञ्चित कोष खाता | १४२५६१४६३.१६ | | क) पालिका तर्फ | ३९९४१९४९४.६३ | |
| ख) स्थानीय तह धरौटी खाता | ४७५११०४९८.६९ | | ख) वडा कार्यालयतर्फ २० वडाको | ९९१७२९४६.९५ | |
| ग) विविध खर्च खाता | ९०७६४७४.१६ | | ग) संघीय ससर्त | ४६३४१७६३३.४५ | |
| घ) स्थानीय तह विविध कोष खाता | ४३६४१३८.६३ | | घ) प्रदेश ससर्त | ३२७७५२०.०० | |
| ङ) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १७१६३५२.२९ | | **२. पुँजीगत खर्च** | | **५१७९२४७८४.८०** |
| च) आन्तरिक राजस्व खाता | १९१९८०४.१३ | | क) पालिका तर्फ | ३४२९०४११८.०९ | |
| छ) स्थानीय तह विभाज्य कोष खाता | ११०२७१५.१३ | | ख) वडा कार्यालयतर्फ २० वडाको | ९५०२९६३४.४२ | |
| **२. यस वर्षको आय** | | **२७६६३९६०९.५६** | ग) संघीय ससर्त | २५३१६८४५.०० | |
| क) आन्तरिक आय | २७६६३९६०९.५६ | | घ) संघीय विशेष | १४१४२२३१.०० | |
| **३. वित्तीय हस्तान्तरण (संघ)** | | **१०८४६१५९९६.४९** | ङ) संघीय समपुरक | १५६७०८३४.२९ | |
| क) समानीकरण अनुदान | २६७९३९२००.०० | | च) प्रदेश ससर्त | २४८६११२२.०० | |
| ख) राजस्व बाँडफाँट | २९६५५१०११.९४ | | **३. वित्तीय व्यवस्थापन** | **४००००००००.००** | **४००००००००.००** |
| ग) ससर्त अनुदान-चालु | ४६४८३०२९८.४५ | | **४. अन्तर सरकारी अख्तियारी (संघ)** | | **५८१७४३२२६.६७** |
| घ) ससर्त अनुदान-पुँजीगत | २३९०४१८०.०० | | क) सामाजिक सुरक्षा तथा संरक्षण | ५७००७३२२६.६७ | |
| ङ) विशेष अनुदान-पुँजीगत | १४१४२२३१.०० | | ख) घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र | ०.०० | |
| च) समपुरक अनुदान-पुँजीगत | १५६७०८३४.२९ | | ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम- चालु | ११६७००००.०० | |
| छ) रोयल्टी | १५७८२४०.८१ | | **५. धरौटी तथा अन्य कोषहरू** | | **९१५२४६५९.६७** |

| | | | | | |
|---|---|---|---|---|---|
| **४. वित्तीय हस्तान्तरण (प्रदेश)** | | **८७२२५०९५.०५** | क) धरौटी फिर्ता तथा सदरस्याहा | २२००८१००.२२ | |
| क) समानीकरण अनुदान | १९२५६०००.०० | | ख) विविध खर्च खाता | ३३६४२६७७.९७ | |
| ख) राजस्व बाँडफाँट | २०९००४६७.०५ | | ग) स्थानीय तह विविध कोष खाता | २५६५१७५७.३५ | |
| ग) ससर्त अनुदान-चालु | ३२७७५२०.०० | | घ) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ५७५२६८६.०० | |
| घ) ससर्त अनुदान-पुँजीगत | २४८६११२२.०० | | ङ) स्थानीय तह विभाज्य कोष खाता | ४४६९४३८.१३ | |
| ङ) समपुरक अनुदान-पुँजीगत | १८९२९९८६.०० | | **६. मौज्दात** | | **१७८६९४३१६.५७** |
| **५. अन्तर सरकारी अख्तियारी (संघ)** | | **५८१७४३२२६.६७** | क) स्थानीय तह सञ्चित कोष खाता | ९२७९८३७९.५६ | |
| क) सामाजिक सुरक्षा तथा संरक्षण | ५७००७३२२६.६७ | | ख) स्थानीय तह धरौटी खाता | ६३२८४४२८.५१ | |
| ख) घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र | ०.०० | | ग) विविध खर्च खाता | ८२५३६६९.६८ | |
| ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम- चालु | ११६७००००.०० | | घ) स्थानीय तह विविध कोष खाता | १२८२५२५०.७८ | |
| **६. धरौटी तथा अन्य कोषहरू** | | **११३६५०४१७.७८** | ङ) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २६३६६६.२९ | |
| क) स्थानीय तह धरौटी खाता | ३७७८२०३०.०४ | | च) स्थानीय तह विभाज्य कोष खाता | १२६८९२१.७५ | |
| ख) विविध खर्च खाता | ३२८१९८७३.४९ | | | | |
| ग) स्थानीय तह विविध कोष खाता | ३४११२८६९.५० | | | | |
| घ) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ४३००००० .०० | | | | |
| ङ) स्थानीय तह विभाज्य कोष खाता | ४६३५६४४.७५ | | | | |
| **७. अन्य संस्थागत आन्तरिक अनुदान** | **१७४९८७९१.००** | **१७४९८७९१.००** | | | |
| **८. अन्य व्यक्तिगत आन्तरिक अनुदान** | **५५५००००.००** | **५५५००००.००** | | | |
| **जम्मा** | **२३७५१७४५८२.७४** | **२३७५१७४५८२.७४** | **जम्मा** | **२३७५१७४५८२.७४** | **२३७५१७४५८२.७४** |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोवार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोवार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा दुवै विवरणको तुलना गर्दा देहायअनुसार यस वर्षको प्राप्ती र भुक्तानीमा रु.५८१७४३२२६.६७ फरक परेको छ। सुत्रमा अन्तर सरकारी अख्तियारीतर्फको रु.५८१७४३२२६.६७ खर्च समावेश नभएकोले सो रकम फरक परेको देखिएको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोवारहरू समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोवारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैंक मौज्दात |
|---|---|---|---|---|
| म.ले.प.फा.नं.२७० अनुसार | २०८२५१४४६.१९ | १५८५१७९९०९.८८ | १६१४७३७०३९.५० | १७८६९४३१६.५७ |
| एकीकृत आ.वि. अनुसार | २०८२५१४४६.१९ | २१६६९२३१३६.५५ | २१९६४८०२६६.१७ | १७८६९४३१६.५७ |
| **फरक रकम** | **०.००** | **५८१७४३२२६.६७** | **५८१७४३२२६.६७** | **०.००** |

२.३ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ। सोही बमोजिम पालिकाले कारोवारको बैङ्क हिसाब मिलान विवरण (म.ले.फा.नं. २७० को टिप्पणी ६.२) तयार गरी हिसाब भिडान गर्नुपर्दछ । पालिकाले ऐनको व्यवस्था अनुसार हिसाव मिलान नगराएकोले श्रेस्ता र बैंकमा निम्नानुसार रु.१५८१६६३६.५८ फरक (बैंक बढी) देखिन्छ। पालिकाले तोकिएको व्यवस्था अनुसार श्रेस्ता र बैंकको हिसाव भिडान गरी आफ्नो कारोवारलाई चुस्त दुरुस्त राख्नु पर्दछ।

| संकेत | कोष खाता | गत बर्षको मौज्दात | घट/बढ नगद | श्रेस्ता अनुसारको असार मसान्तको मौज्दात | बैंक अनुसारको असार मसान्तको मौज्दात | फरक |
|---|---|---|---|---|---|---|
| ग १.१ | आन्तरिक राजस्व खाता | १९१९८०४.१३ | -१९१९८०४.१३ | ०.०० | ११६६६३७८.५२ | ११६६६३७८.५२ |
| ग १.२ | बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०.०० | ०.०० | ०.०० | २४४५६१.०२ | २४४५६१.०२ |
| ग १.३ | आन्तरिक अनुदान खाता | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ग ६.१ | स्थानीय तह विभाज्य कोष खाता | ११०२७१५.१३ | १६६२०६.६२ | १२६८९२१.७५ | १३१२८४०.५० | ४३९१८.७५ |
| ग ४.१ | स्थानीय तह सञ्चित कोष खाता | १४२५६१४६३.१६ | -४९७६३०८३.६० | ९२७९८३७९.५६ | ९०३७०४२३.५१ | -२४२७९५६.०५ |
| ग ३.१ | स्थानीय तह धरौटी खाता | ४७५१०४९८.६९ | १५७७३९२९.८२ | ६३२८४४२८.५१ | ६६९७६५६१.५६ | ३६९२१३३.०५ |
| ग २.२ | चालू खर्च खाता- जोर वर्ष | ०.०० | ०.०० | ०.०० | १२०००८९.१० | १२०००८९.१० |
| ग २.४ | पुँजीगत खर्च खाता- जोर वर्ष | ०.०० | ०.०० | ०.०० | २९६४८.०० | २९६४८.०० |
| ग २.६ | वित्तीय खर्च खाता- जोर वर्ष | ०.०० | ०.०० | ०.०० | १००१४.३६ | १००१४.३६ |
| ग २.७ | विविध खर्च खाता | ९०७६४७४.१६ | -८२२८०४.४८ | ८२५३६६९.६८ | ९११९२७४.५१ | ८६५६०४.८३ |
| ग ५.१ | स्थानीय तह विविध कोष खाता | ४३६४१३८.६३ | ८४६१११२.१५ | १२८२५२५०.७८ | १२८८५२३४.७८ | ५९९८४.०० |
| ग ७.२ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १७१६३५२.२९ | -१४५२६८६.०० | २६३६६६.२९ | ६९५९२७.२९ | ४३२२६१.०० |
| **जम्मा** | | **२०८२५१४४६.१९** | **-२९५५७१२९.६२** | **१७८६९४३१६.५७** | **१९४५१०९५३.१५** | **१५८१६६३६.५८** |

३ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनका उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्ने तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारवाहीको विवरण सहित पालिका प्रमुख समक्ष प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्ष २०८१/८२ को आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदन प्राप्त गरेको देखियो। आन्तरिक लेखापरीक्षणबाट प्राप्त सुझावलाई समेत कार्यान्वयन गर्दै लैजानु पर्दछ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन।आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नुपर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकेको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रबर्द्धन प्रभावकारी हुन नसकेको लगायतको अवस्था देखिएकोले सार्वजनिक स्रोतको प्रभावकारी रुपमा उपयोग गर्न नसकेको अवस्था छ। पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ। आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका केही व्यहोरा देहायबमोजिम रहेका छन्:

वजेट व्यवस्थापन तर्फ

- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,
- दिगो बिकास लक्ष्य (२०१६-३०)लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकीकृत दिर्घकालिन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरू तोकि मूल्याङ्कन नगरेको,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालीन खर्च संरचना तयार गरेको नदेखिएको,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची -११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको नदेखिएको,
- शहरीकरण भईरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको नदेखिएको,

खरिद व्यवस्थापनतर्फ

- उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सोको मूल्याङ्कन नगरेको,
- कार्यक्रमगत तथा योजनागत खाता राख्ने नगरेको,
- पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख नराखेको,
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि त्यसको कार्यान्वियन र उपयोग पृष्ठपोषणका लागि भएको नदेखिएको,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख अवस्था अद्यावधिक गरेको नदेखिएको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीयस्तरमा उपलव्ध हुने निर्माण सामाग्री ढुङ्गा, वालुवा, गिट्टी, माटोलगायत र वनजन्य विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी पुनरावलोकन गरेको देखिएन,

- विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गरेका आयोजनाहरुको कार्यान्वयन अवस्था खुल्ने गरी एकीकृत रुपमा नापी किताब तयार गरेको देखिएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) अनुसार उपभोक्ता समितिवाट कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुको रेखदेख र मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी दिगोपना र संरक्षणका आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा सो नगरेको,
- उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरिएतापनि अनुगमन प्रतिवेदन पूर्णरुपमा तयार नगरेको र अनुगमनको क्रममा प्रतिवेदन फाराममा प्रत्येक योजनामा कैफियत देखिए र सोको सुधारका लागि गरिएका प्रयास पुष्ट्याई हुने अवस्था उल्लेख नगरेको,
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ मा हरेक खरिद कारवाहीको छुट्टै फाइल खडा गरी नियम १४९.(२) मा उल्लिखित कागजातहरु संलग्न राख्नुपर्ने, नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने व्यबस्था रहेकोमा सो अनुसार सबै अभिलेख अद्याबधिक गरी राखेको पाइएन,

शिक्षातर्फ

- स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,
- कार्यक्रम कार्यान्वयन पुस्तिका IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन पूर्णरूपमा नभएको,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) र (ञ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा उक्त अभिलेखहरु व्यवस्थित गरि राखेको नदेखिएको,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, निशुल्क छात्रवृत्ति, वर्गीकरण, लेखापरीक्षणको अबस्थासमेतको अभिलेख व्यवस्थित गरी राखेको र अनुगमन मुल्याँङ्कन गरी अद्याबधिक अभिलेख तयार गरी राखेको नदेखिएको,

विविधतर्फ

- वडातर्फ हुने कार्यक्रममा खाजा, ईन्धन, भ्रमण भत्ता जस्ता कार्यक्रममा बढी केन्द्रीत भई खर्च गरेको देखियो।
- विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र कार्यक्रमसहितको यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत नगरेको,
- पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,
- वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार नगरेको।

अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ।

## ५ खर्च बिश्लेषण

पालिकाले यसवर्ष आन्तरिक आयबाट रु.२७६६३९६०९।५६ राजस्व बाँडफाँडबाट रु.३१७४५१४७८।९९, अनुदानबाट रु.८५२८११३७१।७४, रोयल्टीबाट रु.१५७८२४०।८१ बिभिन्न कोषहरुबाट रु.११३६५०४१७।७८ लगायत रु.१५६२१३१११८।८८ प्राप्ती भएकोमा चालु तर्फ रु.९६५२८७५९५।०३, बित्तिय व्यवस्थापनतर्फ रु.४००००००० र पुँजीगत तर्फ रु.५१७९२४७८४।८० समेत रु.१५२३२१२३७९।८३ खर्च भएको छ। खर्चमध्ये आन्तरिक आयको हिस्सा १८ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँडको रकमबाट ६५ प्रतिशत चालु र ३५ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

## ६ बजेट तथा कार्यक्रम

६.१ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रहि कुनै शिर्षकबाट पुँजिगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ।उल्लिखित व्यवस्था अनुसार चालु शीर्षकमा रकमान्तर गर्न सक्ने कानूनी व्यवस्था देखिदैन। पालिकाले पेश गरेको विवरण अनुसार यस वर्ष एक शीर्षकबाट अर्को शीर्षकमा बजेट रकमान्तर गरेको देखियो ।जस अनुसार चालुतर्फ रु.१९९७१९६१ र पूँजीगततर्फ रु.५६०३९४८१ गरी जम्मा रु ७६०११४४२ रकमान्तर भएको देखियो।रकमान्तर सम्बन्धमा मिति २०८१।१२।१४ को १६ औं नगरसभाले निर्णय गरेको देखिन्छ।

| घट कायम भएको | थप कायम भएको |
|---|---|
| ६९४२९४४२ | ७६०११४४२ |

अत: पालिकाले ऐन विपरित चालु खर्च शीर्षकमा रकमान्तर गर्ने प्रबृत्तिको अन्त्य गर्नुपर्दछ।

६.२ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, स्रोत साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुनभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुपर्ने व्यवस्था छ। साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ। पालिकाले त्यस्तो समिति गठन गरेकोमा ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गरेको देखिएन। अत ऐनमा भएको व्यवस्थाको पूर्णरुपमा पालना गर्नुपर्दछ।

६.३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

६.४ **नीति, कार्यक्रम तथा बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा पालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन मूल्याँकन योजना समेत तयार गर्नुपर्ने तथा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाको आर्थिक बर्ष २०८१।८२ को बार्षिक नीति तथा कार्यक्रममा समावेस भएका जस्तै नवनिर्मित स्मार्ट बसपार्कमा आवश्यक पूर्वाधारको

निर्माण गरी यथाशक्य चाँडो सन्चालनमा ल्याउन आवश्यक व्यवस्था गर्ने, पालिकामा निर्माण भएका पूर्वाधार संरचना पूँजीगत सम्पत्तीको लगत अद्यावधिक गरी Assets Management Plan तयार गरी कार्यान्वियन गर्ने, पालिकाभित्र सन्चालन गरिने आयोजनाहरुको पहिचान गरी आयोजना बैंक सन्वालन गर्ने, धरान ६ स्थित फोहर प्रोत्साहन केन्द्रलाई सन्चालनमा ल्याइने, वातावरणमैत्री ईलेक्ट्रिक भेइकल सन्चालन गरी आयआर्जन समेत गर्नेगरी धरान उपमहानगरले सन्चालन गर्ने, धरान १ मा रहेको पुरानो अस्पताललाई नगर अस्पतालको रुपमा सन्चालन गर्ने, कपास प्रशोधन केन्द्रको स्थापना गरी आफ्नै उत्पादनमा लुगाफाटा बनाइने जस्ता महत्वकांक्षी कार्यक्रमहरु ल्याइएकोमा उक्त कार्यक्रमहरु बजेटमा समाबेश भएको देखिएन। साथै बजेटमा समावेश भएका केही कार्यक्रमहरु जस्तै सभागृह मर्मत संभार, चिण्डेडाँडा जाने बाटो निर्माण, तरकारी बजार व्यवसायिक सेड तथा ट्रस निर्माण, क्रसर संचालन नदिजन्य वस्तु व्यवस्थापन तथा परिचालन जस्ता कार्यक्रमहरु बजेटमा समावेश भएतापनि कार्यान्वियन भएको देखिएन। अत नीति तथा कार्यक्रममा उल्लेखित विषयहरुलाई प्राथमिकतामा राखी बजेटमा समावेश गर्ने र बजेटमा समाबेश भएका योजना/कार्यक्रम कार्यान्वियन गर्ने व्यबस्था गर्नुपर्दछ।

६.५ **योजना तर्जुमा तथा कार्यान्वियन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ। उपमहानगरपालिकाबाट प्राप्त विवरण अनुसार यस बर्ष पालिकातर्फ २१७ र वडातर्फ ४१९ गरी जम्मा ६३६ वटा योजनाहरुमा बजेट बिनियोजन भएकोमा पालिकातर्फ १४७ र वडातर्फ ३७९ गरी जम्मा ५२६ वटा योजनाहरु कार्यान्वियन भएको विवरण पेश भएको छ। यो वर्ष सम्पन्न योजनाहरूको संख्यात्मक विवरण निम्नानुसार छन्:

| सि.नं | योजनाको विनियोजित रकमको विवरण | विनियोजित योजना संख्या | विनियोजित बजेट रु. | कार्यान्वियन योजना संख्या | बजेट खर्च रु. |
|---|---|---|---|---|---|
| | **उपमहानगरपालिकास्तरीय** | | | | |
| १ | रु ५ लाखसम्म लागत अनुमान भएका योजना | ८८ | ३१६३३९०० | ५६ | १७९४६६३६ |
| २ | रु.५ देखि २० लाखसम्म लागत अनुमान भएका योजना | ८७ | ९८१४५३०० | ५७ | ४८९६३१४५ |
| ३ | रु२० लाखभन्दा माथी लागत अनुमान भएका योजना | ४२ | ५१३५९४३३५ | ३४ | ३५५९८५३६९ |
| | जम्मा | २१७ | ६४३३७३५३५ | १४७ | ४२२८९५१५० |
| | वडास्तरीय | | | | |
| १ | रु ५ लाखसम्म लागत अनुमान भएका योजना | ३८५ | ७९४५५२४६ | ३४५ | ६८८५६१०७ |
| २ | रु.५ देखि २० लाखसम्म लागत अनुमान भएका योजना | ३४ | २७९९७३०० | ३४ | २६१७३५२७ |
| ३ | रु२० लाखभन्दा माथी लागत अनुमान भएका योजना | ० | ० | ० | ० |
| | जम्मा | ४१९ | १०७४५२५४६ | ३७९ | ९५०२९६३४ |
| | कूल जम्मा | ६३६ | ७५०८२६०८१ | ५२६ | ५१७९२४७८४ |

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालिन उपलब्धि नहुने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी दिगो प्रतिफल प्राप्त हुने योजना छनौटलाई प्राथमिकतामा राख्नुपर्दछ।

६.६ **बजेट अवण्डा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ।

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ समेतलाई ख्याल नगरी पछि बाँडफाट हुने गरी निम्नानुसार प्रमुख तथा उपप्रमुख कोष र एक वडा एक पुर्वाधार कार्यक्रममा जम्मा रु.४ करोड ६५ लाख अबण्डा बजेट व्यवस्था गरेको छ।

| सि नं | विवरण | बजेट | खर्च |
|---|---|---|---|
| १ | विविध कार्यक्रम खर्च प्रमुख कोष चालुतर्फ | ५०००००० | ४२७५८२१।७५ |
| २ | विविध कार्यक्रम खर्च उपप्रमुख कोष चालुतर्फ | ३०००००० | ३०००००० |
| ३ | बिभिन्न निर्माण कार्य प्रमुख कोष | १७०००००० | १२९९५२५६ |
| ४ | बिभिन्न निर्माण कार्य उपप्रमुख कोष | ४५००००० | ३९३८१३६ |
| ५ | एक वडा एक पूर्वाधार | १७०००००० | १४०८८९०३ |
| **जम्मा** | | **४६५००००००** | **३८२९८११६।७५** |

विविध कार्यक्रम खर्च प्रमुख कोषतर्फ मागको आधारमा बिभिन्न ५३ वटा कार्यक्रममा रु ४२७५८२१ र बिभिन्न निर्माण कार्य प्रमुख कोषतर्फ ३७ वटा कार्यक्रममा रु.१२९९५२५६ खर्च गरेको छ। त्यस्तै विविध कार्यक्रम खर्च उपप्रमुख कोषतर्फ ४५ वटा कार्यक्रममा रु.३०००००० र बिभिन्न निर्माण कार्य उपप्रमुख कोषतर्फ ३१ वटा कार्यक्रममा रु.३९३८१३६ खर्च गरेको देखिन्छ। एक वडा एक पुर्वाधार अन्तर्गत वडाको मागको आधारमा ३५ वटा योजनाहरुमा रु.१४०८८९०३।६० खर्च गरेको छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम नहुन सक्छ। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

६.७ **गत विगतको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(२घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्न बाँकी रकम समावेश गरेर बजेट बनाउनु पर्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ अनुसार को.ले.नि.का.बाट भुक्तानी बाँकीको विवरण प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ। पालिकाको हकमा पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) तयार गरी प्रमाणित गराई राख्नुपर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्षको बजेटमा गत वर्षको भुक्तानी दिन बाँकीको कच्चावारी समेतको व्यवस्था गरी पूँजीगततर्फ रु.३३१९७६२ भुक्तानी गरेको छ। त्यस्तै यस बर्षको बजेटमा समावेश भुक्तानी दायित्व शीर्षकमा छुट्टै बजेट व्यवस्थान नगरी प्रमुख प्रशासकिय अधिकृतबाट कच्चावारी स्वीकृत गरी नियमित बजेटबाट चालुतर्फ रु.७४३११३०।४० र पूँजीगततर्फ रु.२१९५१६७।४९ गरी जम्मा रु.९६२६२९७।८९ भुक्तानी दिएको देखियो। यसरी दायित्व सिर्जना गर्ने कार्यमा नियन्त्रण गरी कानुनी व्यवस्थाको पालना हुनु पर्दछ।

६.८ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१. मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असारमसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१।४।६ मा रु.१ अर्ब ८९ करोड ४३ लाख ४८ हजारको बजेट नगरसभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।४।६ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो । ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधिमा नै बजेट पेश र पारित गर्ने व्यवस्था गर्नुपर्दछ।

## ७ बजेट समिक्षा

अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को दफा ३०(३) बमोजिम नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले बजेट कार्यान्यिनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्था छ। पालिकाले उल्लेखित ऐन अनुसार बजेट समिक्षा गरेको देखिएन। अत बार्षिक समिक्षा गरी बजेट कार्यान्वियनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ८ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| **(रकम रु. हजारमा)** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **बजेट उपशिर्षक** | **कुल खर्च रकम रु.** | **त्रैमासिक खर्च रकम** | | | | **अषाढ महिनाको खर्च रकम** |
| | | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| १ | पालिका पुँजीगत | ४३७९३३ | ५१५९० | ५७२२४ | १०४७६१ | २२४३५८ | ११६०४५ |
| २ | संघीय सरकार हस्तान्तरित कार्यक्रम पुँजीगत | ५५१३० | ० | ७४८२ | ११३६८ | ३६२७९ | ३११३० |
| ३ | प्रदेश सरकार हस्तान्तरित कार्यक्रम पुँजीगत | २४८६१ | ० | ० | ० | २४८६१ | २१६१० |
| **जम्मा** | | **५१७९२४** | **५१५९०** | **६४७०६** | **११६१२९** | **२८५४९८** | **१६८७८५** |
| **प्रतिशत** | | **१००** | **१०** | **१३** | **२२** | **५५** | **३३** |

उक्त तालिकाअनुसार यस वर्ष पुँजीगततर्फ रु.५१ करोड ७९ लाख २४ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.५ करोड १५ लाख ९० हजार अर्थात १० प्रतिशत, दोस्रो त्रैमासिकमा रु.६ करोड ४७ लाख ६ हजार अर्थात १३ प्रतिशत, तेस्रो त्रैमासिकमा रु.११ करोड ६१ लाख २९ हजार अर्थात २२ प्रतिशत र चौथो त्रैमासिकमा रु.२८ करोड ५४ लाख ९८ हजार अर्थात ५५ प्रतिशत खर्च गरेको देखियो। यसरी नै आषाढ महिनामा मात्र रु.१६ करोड ८७ लाख ८५ हजार अर्थात ३३.प्रतिशत खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। नियममा भएको व्यवस्था अनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनेगरी स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित तवरले खर्च व्यवस्थापन गरिनुपर्दछ।

## ९ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो।

| **(रु. हजारमा)** | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **क्षेत्र/उप क्षेत्र** | **विनियोजन रु.** | **खर्च रु.** | **खर्च प्रतिशत** |
| १ | आर्थिक विकास | ४६४४३ | २९३६४ | २ |
| २ | सामाजिक विकास | ६६६००२ | ५६७८१६ | ३७.४ |
| ३ | पूर्वाधार विकास | ६३१५९३ | ४४३५३५ | २९ |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | १७३३१ | ८७३६ | ०.६ |
| ५ | बित्तीय व्यवस्थापन र सुशासन | ३०२०६ | १५४३३ | १ |
| ६ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ५२११४२ | ४५८३२६ | ३० |
| **कुल जम्मा** | | **१९१२७१७** | **१५२३२१०** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३७.४ प्रतिशत र वातावरण तथा विपद व्यवस्थापनमा सबै भन्दा घटी ०.६ प्रतिशत खर्च रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका

अल्पकालिन तथा दिर्घकालिन लक्ष्य तय गरी स्वीकृत बजेट शिर्षकमा पर्ने गरी प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

१० **नागरिक बडापत्र**

सुशासन (व्यवस्थापन तथा सन्चालन) नियमावली २०६५ को नियम १४ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यालयले त्यस्तो कार्यालयको परिसरभित्र सबैले देख्ने उपयुक्त ठाउँमा नागरिक बडापत्र राख्नुपर्ने साथै सार्वजनिक निकायले नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकोमा त्यस्तो संयन्त्र तर्जुमा गरेको पाइएन। सेवा प्रवाहलाई सरल र सुलभ बनाउन र कमी कमजोरी निराकरण गर्न कार्यालयबाट प्रदान गरिएका सेवाको अनुगमन हुनु पर्दछ। धरान उपमहानगरपालिकाको कार्यालय परिसरमा नागरिक बडापत्र राखेको देखिएन। अत उल्लेखित कानूनी व्यवस्था अनुसार नागरिक बडापत्र राखी प्रभावकारी रुपमा सेवा प्रवाह गर्नपर्दछ।

११ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४. बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। धरान उपमहानगरपालिकाको आवधिक विकास योजना २०८१।८२ - २०८५।८६ तयार गरी २०८२।३।३२ मा बसेको कार्यपालिकाको बैठकले स्वीकृत गरेको छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजनाको समिक्षा गर्दै प्रभावकारी कार्यान्वियन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१२ **प्रगति प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने र नियम ३६ मा उक्त प्रगति विवरण समिक्षा गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपरोक्त व्यवस्था बमोजिम त्रैमासिक प्रगति विवरण सम्बन्धित निकायमा पेश गरेको देखिएन। त्रैमासिक खर्चको प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा तोकिएको समयभित्र पेश गरी समिक्षा गर्ने व्यवस्था गर्नुपर्दछ।

१३ **खरिद योजना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रु.१० करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा वार्षिक रु.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष विभिन्न शीर्षक अन्तर्गत रु.५१७९२४७८४।८० पुँजीगत खर्च/खरिद तथा निर्माण कार्य गरेको देखियो। पालिकाले वार्षिक खरिद योजना तयार गरेको देखिएन। पालिकाले खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

१४ **अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४७ मा क्रमस सङ्घीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धित सङ्घीय ईकाइका कोषहरुमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष संघ र प्रदेशबाट प्राप्त उल्लिखित अनुदानको रकमको विवरण निम्नानुसार छन। प्राप्त अनुदान मध्ये खर्च नभई बाँकी रहेको रकम असार मसान्तमा देहाय बमोजिम फिर्ता गरेको छ।

| क्र.सं. | अनुदानको किसिम | प्राप्त अनुदान रु | खर्च रु | फिर्ता रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | संघीय ससर्त | ५२२३४३१५०।०० | ४८८७३४४७८।४५ | ३३६०८६७१।५५ | आर्थिक वर्ष २०८१।८२ मै फिर्ता भएको |
| २ | संघीय बिशेष | १६८६४२३२।०० | १४१४२२३१।०० | २७२२००१।०० | |
| २ | संघीय समपुरक | २०४०००००।०० | १५६७०८३४।२९ | ४७२९१६५।७१ | |
| ३ | प्रदेश ससर्त | ३५४०८०००।०० | २८१३८६४२।०० | ७२६९३५८।०० | |
| ४ | प्रदेश समपुरक | २००००००००।०० | १८९२९९८६।०० | १०७००१४।०० | |
| | **जम्मा** | **६१५०१५३८२।००** | **५६५६१६१७१।७४** | **४९३९९२१०।२६** | |

१५ **अनुदानको अनुगमन**

समपुरक अनुदान कार्यविधि,२०८१ को बुँदा न १६ तथा बिशेष अनुदान सम्बन्धी कार्यबिधि २०८१ को बुँदा नम्बर १५ मा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको नियमित अनुगमन गर्नुपर्ने र सोको त्रैमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी सम्बन्धित मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट समपुरक अनुदान अन्तर्गत निम्नानुसारका योजनाहरु संचालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाइने गरेको देखिएन।

| क्र.स. | स्रोत | संचालित योजनाहरु | बजेट खर्च |
|---|---|---|---|
| १ | संघीय समपुरक अनुदान | स्मार्ट बसपार्क निर्माण | १५६७०८३४ |
| २ | प्रदेश समपुरक अनुदान | चिण्डेडाँडाबाट धरान मुख्य बजार पुग्ने ग्रामिण सडक धरान २० | ८९२९९८६ |
| ३ | प्रदेश समपुरक अनुदान | वडा नम्बर ८ को बसपार्कबाट कोशी राजमार्ग जोड्ने सडक निर्माण | १०००००००० |
| ४ | संघीय बिशेष अनुदान | फुश्रे स्कूल भवन निर्माण धरान १३ | १६४६२१५ |
| ५ | संघीय बिशेष अनुदान | भगवती आधारभूत बिद्यालय भवन निर्माण धरान १६ | १२४९६०१६ |
| **जम्मा** | | | **४८७४३०५१** |

अत: कार्यविधिले तोकेअनुसार अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गरी प्रतिवेदन सम्बन्धित निकायमा पठाउनुपर्दछ।

१६ **संगठन तथा कर्मचारी व्यवस्थापन**

१६.१ **तलवी प्रतिवेदन** - कोशी प्रदेशको प्रदेश निजामति सेवा ऐन, २०७९ को दफा ४६ को उपदफा ४ अनुसार प्रदेश किताबखाना गठन नहुँदासम्म प्रचलित कानुन वमोजिमको निकायबाट तलवी प्रतिवेदन पारित गर्ने उल्लेख छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारको पत्र संख्या ०७६।७७ च.नं.१८० मिति २०७६।५।१८ को पत्रानुसार स्थानीय तहका र संघबाट काजमा खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराउनु पर्ने स्पष्ट निर्देशन रहेकोमा पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकातर्फ कार्यरत कर्मचारीहरूको वर्षभर रू.१०१३३७००८.१३ पारिश्रमिक खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

१६.२ **दरबन्दी र पदपूर्ती** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। २०८१।८२ को संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार पालिकातर्फ १३६ जना र वडातर्फ ८७ जना गरी २२३ जनाको दरबन्दी विवरण २०८१।४।६ को नगरसभाले स्वीकृत गरेको छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २२३ जनाको दरबन्दी स्वीकृत रहेकोमा २१९ पद पूर्ति भई ४ पद रिक्त रहेको देखिन्छ। पालिकाको दैनिक सेवा प्रवाहको आवश्यकता, प्रबिधिको उपयोग तथा कार्यक्रम सञ्चालन अवस्था समेतलाई ध्यान दिई कर्मचारी पदपुर्ति गर्नुपर्दछ।

१६.३ **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्यसै गरी सो दफामा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र प्रतिस्पर्धाको आधारमा करार मार्फत सेवा लिन सकिने व्यवस्था छ। पालिकाले यो वर्ष उल्लेखित पदहरुमा १३१ जना करारमा नियुक्ति गरेको विवरण पेश गरेको छ। उल्लेखित पदका अतिरिक्त सफाई कर्मचारी ज्यालादारी र अन्य कार्यक्रम करार समेतको जम्मा रु.८९२३१२५२ तलब भत्तामा खर्च गरेको छ। त्यस्तै उल्लेखित पदभन्दा बाहेक नगर कार्यपालिकाको कार्यालयमा अविछिन्न रुपमा कार्यरत सूचना प्रविधि अधिकृत १, सहायक कम्प्युटर अपरेटर १४, जनस्वास्थ्य अधिकृत १, ल्याव टेक्निसियन १, स्टाफ नर्स १, हेल्थ असिस्टेन्ट २, प्रशासन सहायक १, अनमी ९, अहेब ४, अमिन २, असिस्टेन्ट सव ईन्जिनियर २ र ग्रामीण स्वास्थ्य कार्यकर्ता ६ गरी ४४ जना कर्मचारी नियुक्ति गरी रु.१९८९०९४८ तलब भत्ता खर्च गरेको देखियो। मिति २०८१।४।६ को नगरसभाले उक्त पदहरु स्वीकृत गरेको देखिन्छ। प्रतिस्पर्धाको आधारमा कर्मचारी नियुक्त नगरी सोझै तथा पुराना कर्मचारीलाई नै निरन्तरता दिएको देखियो ।कानुन बमोजिम करार सेवाबाट पूर्ति गरिने पदहरु प्रतिस्पर्धाको माध्यमबाट मात्र पुर्ति गर्नुपर्दछ।

१६.४ **अवकास कोष** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण,औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले २०७६ श्रावण पछि नियुक्त कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा र सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गरे तापनि अन्य कर्मचारीको हकमा ऐन बमोजिमको रकम कट्टा गरी अवकास कोषमा जम्मा गर्ने गरेको पाइएन। पालिकाले यस वर्ष आन्तरिक श्रोत र राजस्व बाँडफाटबाट कर्मचारी अवकास कोषमा रु.३००००००० ट्रान्सफर गरेको छ। उक्त कोष सञ्चालन सम्बन्धी पालिकाले ऐन कानुनको व्यवस्था गरेको देखिएन। यस बर्ष अवकाश भएका ४ जना कर्मचारीहरुको सेवा सुविधामा रु २१८०१४४१।३५ खर्च गरेको छ। उपमहानगरपालिकाले कोषको रकम परिचालन गरी कोष बृद्धि गर्न सो रकमको परिचालन सम्बन्धी कानुनी व्यवस्था गर्नुपर्ने देखिन्छ।

१६.५ **प्रोत्साहन तथा फिल्ड भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन र सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ। पालिकाले धरान उपमहानगरपालिका खर्च व्यवस्थापन कार्यविधि, २०७८ तयार गरी सोही बमोजिम यो वर्ष प्रमुख प्रशासकीय अधिकृतलाई शुरु तलव स्केलको ३० प्रतिशतले हुने रु.१,०२,३४५।०० प्रोत्साहन भत्ता र प्राविधिकतर्फका कर्मचारीहरूलाई रु.४,१४,६४०।०० फिल्ड भत्ता भुक्तानी गरेको छ। कार्यविधिमा प्राविधिक कर्मचारीलाई फिल्ड भत्ता वापत सहायक स्तर र अधिकृत स्तरको छुट्टा छुट्टै दर तोकी सोही बमोजिम उपलब्ध गराएकोमा प्रोत्साहन भत्ताको हकमा अतिरिक्त समय काम गरे वापत थप ३० प्रतिशत प्रोत्साहन सुविधा उपलब्ध गराउने मात्र उल्लेख गरेको देखिन्छ। अत: प्रोत्साहन भत्ता भुक्तानी गर्दा भत्ता भुक्तानीको लागि आवश्यक मापदण्ड तयार गरी मापदण्डले तोकेका सूचकहरू पुरा गरेर मात्र यस्तो भत्ता भुक्तानी गर्नु पर्ने देखिन्छ।

१७ **सरसफाई ज्यालादारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। साथै सोही ऐनको दफा ८३ (८) मा गाउँपालिका तथा नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाइ सम्बन्धी पदमा स्थायी पदपूर्ती नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्ने र सो बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न नपाइने उल्लेख छ। पालिकाले आफ्नो कार्यबोझका आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षणमा उल्लेखित पद र दरबन्दी अनुसार कर्मचारी नियुक्त गरी कार्यसञ्चालन गर्नु पर्नेमा सो व्यवस्थाभन्दा फरक हुने गरी वार्षिक रुपमा स्वीकृत दरवन्दी अनुसार करारमा नियुक्त गरेको अतिरिक्त सरसफाईकर्मीहरू दरवन्दीभन्दा बाहिर थप २५ जनालाई निम्नानुसार मासिक ज्यालादारीमा कार्य गराई वार्षिक रु.६४३८२५५ भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्थाभन्दा फरक हुने गरी दरबन्दीभन्दा बाहिर ज्यालादारीमा कार्य गराई वार्षिक रुपमा पारिश्रमिक भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं.-मिति | महिना | करार दरबन्दी | करार पदपूर्ती | थप ज्यालादारी संख्या | ज्यालादारीको पारिश्रमिक भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|
| ५-२०८१।५।२७ | साउन | ४३ | ४३ | २५ | ७८८४०० |
| ८९-२०८१।६।६ | भाद्र | ४३ | ४३ | २५ | ५४८२३० |
| ३८०-२०८१।६।२२ | असोज | ४३ | ४३ | २० | ३२१२०० |
| ४०५-२०८१।७।४ | असोज | ४३ | ४३ | ५ | ९७०९० |
| ५५२-२०८१।८।४ | कार्तिक | ४३ | ४३ | ५ | ९२३४५ |
| ५६७-२०८१।८।५ | कार्तिक | ४३ | ४३ | २० | ५२१२२० |
| ६७०।२०८१।९।७ | मंसिर | ४३ | ४३ | १९ | ४०७३४० |
| ६८५।२०८१।९।७ | मंसिर | ४३ | ४३ | ५ | १०३६६० |
| ८३४।२०८१।१०।४ | पौष | ४३ | ४३ | ५ | ९९२८० |
| ८३६।२०८१।१०।६ | पौष | ४३ | ४३ | २० | ४१६१०० |
| १०३४।२०८१।११।०५ | माघ | ४३ | ४३ | २५ | ५३२९०० |
| १२१४।२०८१।१२।३ | फागुन | ४३ | ४३ | २० | ३९४९३० |
| १२१६।२०८१।१२।४ | फागुन | ४३ | ४३ | ५ | ९८५५० |
| १३६७।२०८१।१२।३१ | चैत्र | ४३ | ४३ | ५ | १०५१२० |
| १३९८।२०८२।१।३ | चैत्र | ४३ | ४३ | २० | ४४२३८० |
| १६०१।२०८२।२।२ | बैशाख | ४३ | ४३ | २५ | ५४३१४० |
| १८७०।२०८२।३।१ | जेठ | ४३ | ४३ | २५ | ५४३१२० |
| २२३४।२०८२।३।२३ | असार | ४३ | ४३ | २५ | ३८३२५० |
| **जम्मा** | | | | | **६४३८२५५** |

| अनियमित भएको | ६४,३८,२५५ |
|---|---|

## १८ खेलकुद प्रशिक्षक

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले २०८१ साउन ६ मा स्वीकृत गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षणमा खेलकुद प्रशिक्षकको कुनै दरबन्दी नरहेको अवस्थामा विभिन्न ४ खेलको प्रशिक्षक वापत ४ जनालाई करारमा नियुक्त गरी वार्षिक रुपमा तलव भत्ता भुक्तानी दिएको देखियो। अत: दरबन्दी नै नरहेको अवस्थामा खेलकुद प्रशिक्षक नियुक्त गरी वार्षिक रुपमा रु.१९२२०८७.०० भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| **प्रशिक्षकको नाम** | **खेल** | **वार्षिक भुक्तानी रु. (कर कट्टी पश्चात)** |
|---|---|---|
| राजेन्द्र कुमार राई | उसु प्रशिक्षक | ४४६९७८.०० |
| अर्जुन राई | फुटवल प्रशिक्षक | ६२०४४९.०० |
| सुरज कार्की | तेक्वान्दो सहायक प्रशिक्षक | ४२३४४९.०० |
| गीता मगर | टेवलटेनिस प्रशिक्षक | ४३१२११.०० |
| **जम्मा** | | **१९२२०८७.००** |

| | |
|---|---|
| अनियमित भएको | १९,२२,०८७ |

## १९ पदाधिकारी सुविधा

गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ ले कोशी प्रदेशका पालिकाका पदाधिकारी सुविधा सम्बन्धी व्यवस्था गरेको छ। पालिकाले यस वर्ष पदाधिकारी सुविधाको वापत रु.१९३२५००० खर्च गरेको देखियो। पालिकाको आन्तरिक आय रु.२७६६३९६०९ रहेको छ। जुन आन्तरिक आयको ७ प्रतिशत हुन जान्छ।

## २० सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकाको मुख्य उद्देश्य सेवाग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो। पालिकाले यस वर्ष आर्थिक, समाजिक र पूर्वाधार विकासका अतिरिक्त नियमिततर्फ निम्नानुसार सेवा प्रवाह गरेको विवरण पेश गरेको छ। पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउनेतर्फ ध्यान दिनु पर्दछ।

| सि नं | विवरण | संख्या |
|---|---|---|
| १ | नागरिकता सिफारिश | ५१७८ |
| २ | घरबाटो सिफारिश | ३०६९ |
| ३ | नाता प्रमाणित | ३४७१ |
| ४ | जन्म दर्ता | १५६६ |
| ५ | मृत्यु दर्ता | १०४५ |
| ६ | विवाह दर्ता | ११७५ |
| ७ | सम्बन्ध बिच्छेद | ५३४ |
| ८ | बसाई सरी आएको | १४४९ |
| ९ | बसाई सरी गएको | ८९१ |
| पूर्वाधार बिकासतर्फ | | |
| १ | नयाँ नक्सा दर्ता | ८२९ |
| २ | निर्माण सम्पन्न | ४६९ |
| ३ | पिच सडक निर्माण | ५३४६ मिटर |
| ४ | ढल निर्माण | ४०४२ मिटर |
| ५ | स्लाब निर्माण | ११९० मिटर |
| ६ | नयाँ ट्र्याक निर्माण | ३८० मिटर |
| ७ | कच्ची बाटो सरसफाई | १०३०० मिटर |
| ८ | सडक ढलान | १११३ मिटर |
| ९ | सिडी तथा रेलिङ्ग निर्माण | २२४ |
| १० | खानेपानी ट्याङ्की | ५ थान |
| ११ | बिभिन्न मठ मन्दिर निर्माण | ५ वटा |
| १२ | बिभिन्न गुम्बा निर्माण तथा मर्मत | ३ वटा |
| १३ | चर्च निर्माण तथा मर्मत | २ वटा |
| १४ | बिभिन्न सामुदायिक संघ संस्थाको भवन निर्माण | २७ वटा |
| १५ | अस्पताल तथा स्वास्थ्य चौकी भवन निर्माण तथा मर्मत | ६ वटा |
| १६ | पार्क निर्माण | ८ वटा |
| १७ | बाल उद्यान निर्माण | २ वटा |
| १८ | खेल तथा प्रशिक्षालय निर्माण | ३ वटा |
| १९ | नमुना बस्ती व्यवस्थापन | १ वटा |
| २० | बिद्यालय भवन निर्माण तथा मर्मत | १३ वटा |
| | | |

| | | |
|---|---|---|
| २१ | बसपार्क | १ वटा |

पालिका कार्यालय तथा वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित सरल र प्रभावकारी बनाउने र सोको अद्याबधिक अभिलेख समेत तयार गरी राख्नुपर्दछ।

२१ **कानून निर्माण एवं कार्यान्वयन**

२१.१ **कानून निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। धरान उपमहानगरपालिकाले हालसम्म १३ वटा ऐन, ११ वटा नियमावली, २५ कार्यविधि ४ निर्देशिका र १ नर्म्स गरी जम्मा ५४ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। निर्माण भएका कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याएको पालिकाको भनाई रहेको छ।

२१.२ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १९ र यो वर्ष थप भएको ६८ गरी कुल ८७ विवाद दर्ता भएकोमा ७७ वटा फर्स्यौट भई १० वटा फछ्र्यौट गर्न बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

२२ **सहकारी नियमन**

स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ११ तथा सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणालीमा (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। उपलव्ध विवरण अनुसार पालिकाभित्र ८७ वटा सहकारी संस्था रहेकोमा ६५वटा सहकारी एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको र २२ वटा प्रणालीमा दाखिला नगरी निस्कृय रहेको देखियो। उपमहानगरपालिकाबाट यस बर्ष सहकारीहरुको अनुगमन गरेको देखिएन। अत: ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गरी सहकारी वचत रकमको उपयोगको सुनिश्चितता गर्नुपर्दछ।

२३ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ४ मा फोहोरमैला व्यवस्थापन गर्ने गराउने दायित्व स्थानीय तहको हुने, दफा ६(१) मा स्थानीय निकायले फोहरमैलालाई कम्तीमा जैविक र अजैविक लगायत बिभिन्न प्रकारमा बिभाजन गरी स्रोतमै छुट्याउनुपर्ने उल्लेख छ। फोहरमैलाको दीर्घकालिन व्यवस्थापनको लागी धरान उपमहानगरपालिका, बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र भेन्चर वेस्ट टु इनर्जी प्रा.ली. बिच ८ जुन २०१७ मा डिजाइन, निर्माण, संचालन तथा हस्तान्तरण गर्ने गरी त्रिपक्षीय सम्झौता भएको देखियो। सम्झौतामा फोहोरो संकलन तथा वर्गीकरण गर्ने कार्य भेन्चर वेस्ट टु इनर्जी प्रा.ली.को हुने र उपमहानगरपालिकाको लागत नलाग्ने उल्लेख छ। सम्झौता अनुसार भेन्चर वेस्ट टु इनर्जी प्रा.लीले २० बर्षपछि ग्याँस प्रशोधन केन्द्रको जग्गासहित हस्तान्तरण गरी आफ्नो आम्दानीको एक प्रतिशत उपमहानगरपालिकालाई बुझाउनुपर्ने उल्लेख छ। सम्झौता अनुसार २०७८ सालमा नै फोहरबाट बायोग्याँस उत्पादन गर्ने प्लान्ट निर्माण गरी ग्याँस उत्पादन सुरु भई टेम्पोमा परीक्षण समेत गरेको उपमहानगरपालिकाले जनाएको छ। तर फोहर प्रशोधन प्लान्टबाट निस्केको Compressed Natural Gas(CNG) लाई सवारी साधनमा प्रयोग गर्न स्पष्ट कानूनी प्रावधान नहुनु, यातयात व्यवस्था बिभागबाट भेन्चर वेस्ट टु इनर्जी कम्पनीले ग्याँसबाट टेम्पो सन्चालन गर्न आवश्यक डिभाइस राख्नको लागी छुट्टै वर्कसप राख्न अनिवार्य गरेको तर कम्पनीले उक्त कार्य गर्न नसकेको, प्रदेश तथा संघीय सम्बन्धित मन्त्रालयहरुले CNG प्रयोग गर्ने कार्यमा आवश्यक सहजीकरण नगरेको र भेन्चर वेस्ट टु इनर्जी कम्पनीले २०७९ पछिको निर्वाचित नगर प्रमुख लगायत जनप्रतिनिधीहरुसँग प्लान्ट सन्चालनको लागी पर्याप्त समन्वय गर्न नसकेकोले उक्त योजना सन्चालनमा नरहेको उपमहानगरपालिकाको भनाई रहेको छ। सम्झौता

कार्यान्वयन नभएको कारण यस बर्ष फोहरमैला व्यवस्थापनमा निम्नानुसार रु.४१८२२६९१।९२ खर्च भएको देखिन्छ। फोहरमैला व्यवस्थापन सेवाशुल्क बापत पालिकाले रु.१८०३२४०७ संकलन गरेको जनाएको छ। उपमहानगरपालिकाले संघीय सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय गरी उक्त सम्झौता कार्यान्वयन गर्नुपर्दछ।

| **सि नं** | **विवरण** | **खर्च रु** |
|---|---|---|
| १ | सफाई कर्मचारी ७४ जना (ज्यालादारी समेत) | २९६५९१९०।४० |
| २ | चालक भत्ता | ९६००० |
| ३ | सफाईकर्मी पोशाक | ६४२३७६ |
| ४ | फोहर बोक्ने साधन मर्मत | ४३८९२५३।६० |
| ५ | फोहर बोक्ने साधन ईन्धन | ६४९२१७४।९२ |
| ६ | लास सदगत तथा सफाई विविध खर्च | ४५४३२ |
| ७ | सरसफाई सामान | ४९८२६५ |
| **जम्मा** | | **४१८२२६९१।९२** |

अत: फोहरमैला व्यवस्थापनमा हुने खर्चमा मितव्ययीता अपनाई पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

## २४ सार्वजनिक सुनुवाई

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाले सम्पन्न भएका योजनाहरुको सार्वजनिक परीक्षण गर्ने गरेको तर उल्लिखित कानुनी व्यवस्था बमोजिम सार्वजनिक सुनुवाई गरेको पाइएन। तोकिए बमोजिम सार्वजनिक सुनुवाई गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

## २५ आर्थिक सहायता र अन्य विविध खर्च

२५.१ **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। धरान उपमहानगरपालिकाको खर्च व्यवस्थापन कार्यबिधि, २०७८ को बुँदा नम्बर २९ मा विपन्न तथा अशक्तहरूलाई तत्काल कुनै पनि आर्थिक सहयोग प्रदान गर्नुपरेमा नगरप्रमुखको निर्णयबाट रु.१०००० सम्म र सो भन्दा बढी प्रदान गर्नुपरेमा कार्यपालिकाको निर्णयबाट प्रदान गर्न सकिने उल्लेख छ। पालिकाले यस आर्थिक बर्षमा बिभिन्न १३१ विपन्न व्यक्तिहरूलाई नगर प्रमुखको तोक आदेश तथा कार्यपालिकाको निर्णयानुसार रु.१९९९२६८.०० आर्थिक सहायता वितरण गरेको देखियो। बिभिन्न संस्थागत तथा व्यक्तिगत अनुदान सहयोग शीर्षकमा रु.२०००००० बजेट बिनियोजन गरी न्यूनतम रु.१००० देखि अधिकतम रु.५००००० सम्म आर्थिक सहायता वितरण गरेको देखिन्छ। त्यस्तै प्रकोप व्यवस्थापन कोषबाट बिभिन्न प्रकोपबाट पिडित व्यक्तिहरुलाई रु.३८५००० समेत जम्मा रु.२३८४२६८ वितरण गरेको पाइयो। आर्थिक सहायता प्राप्त गर्नेको विवरण एकीकृत गरी पालिकाको विद्युत्तियी साइटमा सार्वजनिक गर्नुपर्दछ।

२५.२ धरान उपमहानगरपालिकाको खर्च व्यवस्थापन कार्यविधि, २०७८ को दफा २९ मा विपन्न तथा अशक्तहरूलाई तत्काल कुनै पनि आर्थिक सहयोग प्रदान गर्नु परेमा नगर प्रमुखको निर्णयबाट रु.१०००० सम्म र सो भन्दा बढी प्रदान गर्नु परेमा कार्यपालिकाको निर्णयबाट प्रदान गर्न सकिने उल्लेख छ। सहायता वितरण को लागि पालिकाले छुट्टै मापदण्ड तयार नगरेको, सहायता वितरण गर्नका लागि कार्यपालिकाले निर्णय गर्नु पर्ने घटनामा घटनाको प्रकृति अनुसार अधिकतम कति रकमसम्म वितरण गर्ने त्यस सम्बन्धी कुनै सिमा नरहेको अवस्था देखिन्छ। एकै प्रकृतिको घटनामा समेत कुनै आधारबिना फरक फरक रकम सहायता वितरण गर्ने गरेको देखिन्छ। आर्थिक सहायता वितरण गरेको व्यक्तिहरूको एकीकृत विवरण समेत तयार गर्नु पर्नेमा सो विवरण तयार गरेको देखिएन। एकीकृत विवरण

तयार गरी पालिकाको विद्युतिय साईटमा समेत प्रकाशन गर्नु पर्ने देखिन्छ। अत: कार्यपालिकाले निर्णय गर्दा एकरुपता तथा वितरण गरिने रकममा मितव्ययीता अपनाउनु गर्नु पर्ने देखियो। मृत्युवरण वापतको केही आर्थिक सहायता वितरण भएकोमा फरक रकम प्रदान गरेका केही उदाहरणहरू निम्नानुसार रहेका छन्:

| गो.भौ.नं.-मिति | आर्थिक सहायता प्राप्त गर्ने | सहायता वितरणको कारण | वितरण रकम रु. |
|---|---|---|---|
| २६-२०८१।५।२८ | सिर्जना शाही | अप्रत्याशित घटनाबाट युजिन शाहीको ज्यान गएको | ५००००० |
| ८०-२०८१।६।६ | सुरेश मंग्राती | निजको आर्थिक अवस्था कमजोर रहेकोले आमाको उपचार र काजक्रिया खर्च वापतको | ५००००० |
| ८६-२०८१।६।६ | मान बहादुर परियार | सरसफाईकर्मी मंगल परियारको मृत्यु भएकोले काजक्रिया खर्च वापतको | २५००० |
| १८६-२०८१।६।१६ | बृन्दा लिम्बु | धरान ११ स्थित एश्वर्य मार्गमा ड्रेन तर्ने क्रममा बाढीमा परी रोशन लिम्बुले ज्यान गुमाएको | ५००००० |

२५.३ **विविध र सभा सञ्चालन खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष विविधतर्फ जम्मा रु.१४६३०१९ खर्च भएको मध्ये कार्यालय अतिथी सत्कारमा रु.१००४७४२, बिभिन्न करार कर्मचारी पदपुर्तिमा रु.२५८३२७, पर्व पुजामा रु.१९९९५० खर्च गरेको पाइयो। त्यस्तै नगरसभा सञ्चालनमा रु.८५७९१२ खर्च भएको छ। पालिकाले आफ्नो आन्तरिक आयलाई बिचार गरी यस प्रकारको खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

## २६ कार्यक्रमको अनुगमन

स्थानीय सरकार सन्चालन ऐन २०७४ को नियम १६ मा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। यस बर्ष बिभिन्न बजेट शीर्षकबाट निम्नानुसार व्यक्ति तथा फर्मलाई विभिन्न कृषिजन्य व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले रु११५१४२३ खर्च गरेको देखियो। वितरण गरिएको अनुदान रकमबाट परेको प्रभावको मूल्याङ्कन समेत गरेको अभिलेख पेश भएन। अनुदान वितरणको स्पष्ट कार्ययोजना, लक्षित गन्तव्य, अनुदान प्राप्त गर्ने व्यक्ति तथा फर्म छनौटको निश्चित र वस्तुगत मापदण्ड र प्रभावकारी अनुगमन संयन्त्र मार्फत कार्यक्रमको नियमित प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था गरी बजेट खर्चलाई नतिजामुखी बनाउनु पर्दछ। साथै अनुदान प्राप्त गर्नेको विवरण पालिकाको वेभसाईटमा राख्नुपर्दछ ।

| सि नं | कार्यक्रम | व्यक्ति वा फर्मको नाम | रकम |
|---|---|---|---|
| १ | कृषकको मागको आधारमा प्लाष्टिक टलेल वितरण | ५० जना कृषक | २५०००० |
| २ | गोलभेंडाको बिउ वितरण | ६७ जना कृषक | १०३८५० |
| ३ | कपास खेती प्रबर्धन कार्यक्रम | मचिन्द्र कृषि फर्म धरान २० | २८८४८५ |
| ४ | कपास खेती प्रबर्धन कार्यक्रम | ग्रिन ट्रेडिङ फार्म धरान २० | ३४३९७० |
| ५ | कपास खेती प्रबर्धन कार्यक्रम | कृषक रामलाल तामाङ | १६५११८ |
| **जम्मा** | | | **११५१४२३** |

तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी कृषकको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

## २७ जिन्सी व्यवस्थापन

२७.१

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९, ९४, ९५ र ९६ अनुसार जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिनाभित्र र लिलाम गर्नुपर्ने सामान नियम १०६ अनुसार लिलाम गर्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रविष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टि गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तिको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धि देखिएको बेहोरा निम्नानुसार छन्:

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा विभिन्न शाखागत तथा वडागत रुपमा खरिद भएका जिन्सी सामान दाखिला गरी प्रविष्टि गरेको पाइएन। साथै PAMS V1 बाट PAMS V2 मा जिन्सी मौज्दातका सबै डाटा माइग्रेट भएको अवस्था छैन। अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी दाखिला गरी जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
- पालिकाले एकै किसिमको मालसामानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसामानको तुलनात्मक विवरण तयार गरेको छैन।
- पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसंग सम्वन्धित सामानको विवरण तयार गरी कार्यकक्षमा टाँस गरेको देखिएन। यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वास्त हुने आधार रहेको नदेखिएकोले यसमा पालिकाको ध्यानाकर्षण हुनु पर्दछ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत किताब (म.ले.प.फा.नं. ४१७) महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नुपर्ने र सो ढाँचामा जग्गाधनि पूर्जा प्राप्त भए नभएको बेहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धित निकायहरुमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण भएका र पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा रहेका कोष तथा पालिका खाताहरुमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख अद्यावधिक नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरु एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९६ (२) अनुसार कार्यालयमा मूल्य नखुलेका कुनै सम्पत्ति तथा जिन्सी मालसमान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरी सम्पत्ति तथा जिन्सी समानको श्रेस्ता अध्यावधिक गर्नुपर्ने व्यवस्था रहेता पनि यस पालिकामा विगत बर्षदेखि रहेका विभिन्न सवारीसाधन तथा प्राप्त भएको जग्गाहरुको मूल्य खुलाई अध्यावधिक गरेको नदेखिएकोले पालिकामा रहेका सबै सम्पत्ति तथा जिन्सीको मूल्याङ्कन गरी गराई जिन्सी अभिलेख अद्यावधिक गरिनु पर्दछ।
- जिन्सी सामानको मूल्याङ्कन गरी काम नलाग्ने र विक्री नहुने सामानहरु मिन्हा गर्ने, तथा काम नलाग्ने तर बिक्री हुन सक्ने सामानहरु समयमै आवश्यक कारवाही गरी लिलाम बिक्री गर्ने व्यवस्था गरी जिन्सी व्यवस्थापन गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन।
- वर्षभरिमा मर्मत गरीएका सामाग्री र जिन्सी प्रतिवेदनमा औल्याइएका मर्मत गर्नुपर्ने सामाग्रीको अलग अलग विवरण तयार गरी कार्यालयका सामाग्री खरिद वा मर्मत गर्दा वार्षिक बजेट विनियोजन यथार्थपरक बनाउनुपर्दछ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा हस्तान्तर भई आएका सामाहरु तथा चालु हालतमा नभएका जिन्सी मालसामानहरुको रेकर्ड नराखी तयार गरेको छ।
- स्वास्थ्य शाखा तथा स्वास्थ्य केन्द्रहरुमा हालसम्म Logistic Management Information system (LMIS) अन्तर्गत जिन्सी दाखिला हुँदै आएकोमा मन्त्रालयद्वारा प्रतिपादित Electronic Logistic Management Information system (ELMIS) अन्तर्गत जिन्सी दाखिला गर्नुपर्दछ।

अतः जिन्सी व्यवस्थापनलाई चुस्त दुरुस्त राख्नको लागि नियममा भएका व्यवस्थाहरुलाई पालना गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२७.२ **मौज्दात नसारेको** - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ को उपनियम (३) मा जिन्सी मालसामान तथा तत् सम्बन्धी श्रेस्ता भण्डार शाखा प्रमुखको जिम्मामा रहने उल्लेख छ। त्यसैगरी सोही नियमावलीको नियम ९५(२) मा सम्पत्ति तथा जिन्सी मालसामानको लगत तयार गर्ने र लगत बमोजिमको सम्पत्ति तथा जिन्सी मालसामान कार्यालय प्रमुखको रेखदेखमा भण्डार शाखा प्रमखले जिम्मा लिनु पर्ने उल्लेख छ। विगतमा जिन्सी सामाग्री तथा सम्पत्तिको अभिलेख व्यवस्थापनको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को version 1 लागु भई आ.व. २०८१/०८२ बाट PAMS version 2 (PAMS V2) लागु गरीएकोमा PAMS version 1 मा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको जिन्सी सामाग्रिको मौज्दात version 2 मा जिम्मेवारी सार्नुपर्नेमा खर्च भएर जाने जिन्सी सामानको जिम्मेवारी सारेको देखिएन। यसबाट अनुसूचीमा संलग्न भए अनुसारको ४९१ आइटमको रु.२१५५२७६७। को खर्च भएर जाने जिन्सी मौज्दात नयाँ प्रणाली (PAMS V2 ) मा जिम्मेवारी सारेको देखिएन। महालेखा नियन्त्रक कार्यालयले एक प्रणालीलाई अर्को संस्करणको प्रणालीमा अध्यावधिक गर्दा सम्पूर्ण डाटा माइग्रेट नभएको कारण उक्त जिम्मेवारी सार्न छुट भएको देखिएको र कार्यालयले समेत म्यानुअल प्रबिष्टि गरी जिम्मेवारी नसारेको देखिएकोमा पालिकाले मस्यौदा छलफल पश्चात सम्पूर्ण मौन्दात PAMS V2 मा सारि सोको प्रमाण पेश गरेको छ।सारेको मौज्दात नियमानुसार खर्च गर्नुपर्दछ।

२८ **मर्मत सम्भार खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रिया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्यसैगरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार बिभिन्न ८१ थान साधन रहेकोमा रु.५८७८६९८ मर्मत खर्च गरेको देखियो। त्यस्तै सरसफाई व्यवस्थापन साधनमा रु.४३८९२५३ गरी जम्मा रु.१०२६७९५१ मर्मत खर्च भएको छ। तोकिएका फारमहरुको प्रयोग नगर्दा मर्मत खर्चमा तोकिएको सीमा भित्र रहेर खर्च भएको छ छैन यकिन गर्न सकिएन। मर्मतलाई मितव्ययी बनाउन तोकिएको ढाँचामा अभिलेखाङ्कन गरी अध्यावधिक गर्नुपर्ने तर्फ पालिकाले ध्यान दिनु पर्छ। मर्मत सम्बन्धमा Public Asset Management System (PAMS) को पूर्णरुपमा प्रयोग गरी मर्मत खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी मर्मत खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

२९ **ईन्धन खर्च**

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०८१ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा ईन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। धरान उपमहानगरपालिकाको खर्च व्यवस्थापन कार्यविधी २०७८ को बुँदा नम्बर १२ मा कार्यालयले उपलब्ध गराएको सवारी साधन र निजी सवारी साधन प्रयोग गरी फिल्डमा जाने कर्मचारीलाई मासिक रुपमा कार्यालयबाट अनुसूचि २ बमोजिम इन्धन सुविधा दिने उल्लेख छ। सोही कार्यविधी अनुसार पालिकामा रहेका निम्नानुसारका ८१ थान सवारी साधन र अन्य निजी साधनको लागी ईन्धन पदाधिकारीमा रु.१३२०४७१ र ईन्धन कार्यालय प्रयोजनमा रु.४२३५३९२ र सरसफाई व्यवस्थापनमा प्रयोग हुने साधनमा रु.६४९२१७४ गरी जम्मा रु.१२०४८०३७ खर्च गरेको छ। सवारी साधन प्रयोग गर्ने पदाधिकारी तथा कर्मचारीहरुले प्रयोग गरेको ईन्धनको अभिलेख र दमकल, ब्याकहोलोडर जस्ता साधनको प्रयोग अवधि र उक्त साधन खपत गर्ने ईन्धनको मापदण्ड समेत नबनेकोले ईन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन। ईन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पूर्णरुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी ईन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

| सि नं | सवारी साधनको | संख्या |
|---|---|---|
| १ | माइक्रो बस | १ |
| २ | जिप | ३ |
| ३ | मिनीट्रक | ४ |
| ४ | ट्र्याक्टर | ८ |
| ५ | मोटरसाइकल | ४४ |
| ६ | स्कुटर | ६ |
| ७ | अन्य यात्रुजन्य साधन | ५ |
| ८ | दमकल | ४ |
| ९ | ब्याकह्लोडर | २ |
| १० | रोलर | १ |
| ११ | पिक अप भ्यान | १ |
| १२ | ट्रिपर | २ |
| **जम्मा** | | **८१** |

## ३० पेस्की बाँकी

३०.१ **मोबिलाइजेशन पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) र धरान उपमहानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७८ को नियम १२२ मा पेश्की फस्र्यौट सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले विभिन्न कार्यको लागि उपलब्ध गराएको मोबिलाइजेशन पेश्की रू.१११४५५६९ आर्थिक वर्षको अन्त्यसम्म पनि फस्र्यौट नभई बाँकी रहेको देखिन्छ । पालिकाले निर्माण व्यवसायीसँग भएको सम्झौताको शर्त र नियमानुसार बाँकी पेश्की फर्छ्यौट गर्नुपर्दछ ।

| क्र.सं. | पेश्कीको विवरण | पेश्की लिनेको नाम | चालु आ. व.को बाँकी | गत आ. व.सम्मको बाँकी | जम्मा बाँकी पेश्की |
|---|---|---|---|---|---|
| १ | सडक तथा पूल निर्माण | नदिया सिता निर्माण सेवा | ० | १६०००० | १६०००० |
| २ | रेडक्रस चोक अमरहाट शिखरमार्ग सडक स्तरोन्नती धरान १/१३ | बाईसधारा/जेशिका जे.भि. | ० | ८२६५२० | ८२६५२० |
| ३ | रेडक्रसचौक अमरहाट शिखरमार्ग सडक स्तरोन्नती धरान १/१३ | बाईसधारा/जेशिका जे.भि. | ० | १७११०२४ | १७११०२४ |
| ४ | सडक तथा पूल निर्माण | सुरेश राई लम्सुङ | ० | ८९००० | ८९००० |
| ५ | कार्यालय भवनको नयाँ ब्लक निर्माण-क्रमागत | शेयर– इनोभेटिभ जे.भी. | ३०६४६५० | ० | ३०६४६५० |
| ६ | सरस्वतीचौक खहरे कोरिडोर निर्माण धरान १७-क्रमागत | देवीथान -बिर -काबिल जे.भि. | २३०३३७५ | ० | २३०३३७५ |
| ७ | भञ्ज्याङ्ग जाने सडक निर्माण धरान २० (बहुवर्षे)-नयाँ योजना | सगरमाथा । दिपादिल । विजेन जे.भी. | २९९१००० | ० | २९९१००० |
| **जम्मा** | | | **८३५९०२५** | **२७८६५४४** | **१११४५५६९** |

३०.२ **संस्थागत तथा उपभोक्ता समिति पेस्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेस्की दिईएको रकम तोकिएको म्याद भित्र फछर्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्नानुसार संस्था तथा उपभोक्ता समितिलाई उपलब्ध गराएको पेस्की आर्थिक वर्षको अन्त्यसम्म फछर्यौट नभई रू.१५९५६४१२.४८ बाँकी रहेको छ। बाँकी पेस्कीमध्ये चालु आ.व.को रु.२०२३३५४.२९ बाँकी देखिन्छ। नियमावलीले तोकेको अवधीभित्र फछर्यौट गर्नेतर्फ पेस्की लिने र दिने दुवैले ध्यान दिनु पर्दछ। गत विगत आर्थिक वर्षको प्रतिवेदनमा लगति भएकोले वाँकी पेस्की फर्स्यौट गरी सम्बन्धित आर्थिक वर्षमा र चालु आर्थिवर्षको बाँकी पेस्की नियमावलीको व्यवस्था अनुसार फर्स्यौट गरी प्रमाण पेश गर्नु पर्ने रु.

| क्र.सं. | पेश्कीको विवरण | पेश्की लिनेको नाम | चालु आ. व.को बाँकी | गत आ. व.सम्मको बाँकी | जम्मा बाँकी पेश्की |
|---|---|---|---|---|---|
| संस्थागत | | | | | |
| १ | कार्यक्रम खर्च | १० नं.वडा समिति | ०.०० | १००९८९.९० | १००९८९.९० |
| २ | कार्यक्रम खर्च | १२ नं.वडा समिति | ०.०० | ३३११९.७० | ३३११९.७० |
| ३ | कार्यक्रम खर्च | १३ नं.वडा समिति | ०.०० | ३००००.०० | ३००००.०० |
| ४ | कार्यक्रम खर्च | १ नं. वडा समिति | ०.०० | १५११९.५० | १५११९.५० |
| ५ | कार्यक्रम खर्च | ११ नं.वडा समिति | ०.०० | १०७९०२.०० | १०७९०२.०० |
| ६ | कार्यक्रम खर्च | १४ नं.वडा समिति | ०.०० | १०२९६.७० | १०२९६.७० |
| ७ | कार्यक्रम खर्च | १६ नं.वडा समिति | ०.०० | ५२४५१.६३ | ५२४५१.६३ |
| ८ | कार्यक्रम खर्च | १७ नं.वडा समिति | ०.०० | ४३९४४.२५ | ४३९४४.२५ |
| ९ | कार्यक्रम खर्च | १८ नं.वडा समिति | ०.०० | ९२८६१.०० | ९२८६१.०० |
| १० | कार्यक्रम खर्च | १९ नं.वडा समिति | ०.०० | ५२६११.०० | ५२६११.०० |
| ११ | कार्यक्रम खर्च | ३ नं.वडा समिति | ०.०० | ४२६६०.३० | ४२६६०.३० |
| १२ | कार्यक्रम खर्च | ६ नं.वडा समिति | ०.०० | ५९४०१.०० | ५९४०१.०० |
| १३ | कार्यक्रम खर्च | ८ नं.वडा समिति | ०.०० | २२७२२९.०० | २२७२२९.०० |
| १४ | कार्यक्रम खर्च | ९ नं.वडा समिति | ०.०० | ३२८३९.८४ | ३२८३९.८४ |
| १५ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | अमर आधारभुत विद्यालय | ०.०० | ६२०००.०० | ६२०००.०० |
| १६ | कार्यक्रम खर्च | आदिवासी जनजाती उत्थान तथा विकास समिति | ०.०० | ५००००.०० | ५००००.०० |
| १७ | कार्यक्रम खर्च | गोधुली क्लब | ०.०० | ५००००.०० | ५००००.०० |
| १८ | कार्यक्रम खर्च | जर्नादन वस्ती ज्ञानोदय उच्च मा.वि. धरान ११ | ०.०० | ३००००.०० | ३००००.०० |
| १९ | कार्यक्रम खर्च | जिल्ला शिक्षा समिति इनरुवा | ०.०० | २२०००.०० | २२०००.०० |
| २० | कार्यक्रम खर्च | झीगु समाज | ०.०० | १८०००.०० | १८०००.०० |
| २१ | कार्यक्रम खर्च | ट्रेट्रा एकिकृत फोहर व्यवस्थापन समिति | ०.०० | १२०००.०० | १२०००.०० |
| २२ | कार्यक्रम खर्च | दन्तकाली युनेस्को क्लब | ०.०० | २०६००.०० | २०६००.०० |
| २३ | कोरोना लगायत महामारी रोकथाम तथा नियन्त्रण | दुर्गा अक्सिजन ईण्डष्ट्रिज प्रा.लि. | ०.०० | १२००००.०० | १२००००.०० |
| २४ | कार्यक्रम खर्च | धरान एकिकृत जलाधार संरक्षण तथा खानेपानी व्यवस्थापन समिति | ०.०० | ५००००.०० | ५००००.०० |
| २५ | कार्यक्रम खर्च | धरान फुटबल क्लव | ०.०० | ४१००००.०० | ४१००००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २६ | कार्यक्रम खर्च | धरान मित्रमिलन क्लव | ०.०० | ९००००.०० | ९००००.०० |
| २७ | कार्यक्रम खर्च | नगर स्तरिय वातावरण सुधार समन्वय समिति | ०.०० | १०००००.०० | १०००००.०० |
| २८ | कार्यक्रम खर्च | नेपाल आदिवासी जनजाती महासंघ | ०.०० | ९७१००.०० | ९७१००.०० |
| २९ | कार्यक्रम खर्च | नेपाल खेलकुद महासंघ धरान नगर कमिटी | ०.०० | ३००००.०० | ३००००.०० |
| ३० | कार्यक्रम खर्च | नेपाल जनजाती युवा सरोकार मंच | ०.०० | ७५००.०० | ७५००.०० |
| ३१ | कार्यक्रम खर्च | नेपाल पत्रकार महासंघ सुनसरी | ०.०० | २४४७००.०० | २४४७००.०० |
| ३२ | कार्यक्रम खर्च | नेपाल प्रेस युनियन जिल्ला कार्यसमिति सुनसरी | ०.०० | १५०००.०० | १५०००.०० |
| ३३ | कार्यक्रम खर्च | नेपाल बन पैदावर उद्योग सुनसरी | ०.०० | ३०००००.०० | ३०००००.०० |
| ३४ | कार्यक्रम खर्च | नेपाल बौद्ध गुम्बा गुरुङ सेवा समिति | ०.०० | २५०००.०० | २५०००.०० |
| ३५ | कार्यक्रम खर्च | नेपाल मजदुर संगठन | ०.०० | ३६२००.०० | ३६२००.०० |
| ३६ | कार्यक्रम खर्च | नेपाल वसोवास वस्ती संरक्षण समाज | ०.०० | २०५४३.०० | २०५४३.०० |
| ३७ | कार्यालय बिजुली महसुल | नेपाल विद्धुत प्राधिकरण धरान | ०.०० | १०९५७६.०० | १०९५७६.०० |
| ३८ | शहीदमार्ग सडक निर्माण धरान १५ क्रमागत | नेपाल विद्धुत प्राधिकरण धरान | ०.०० | ३६३७४.३७ | ३६३७४.३७ |
| ३९ | कार्यक्रम खर्च | पुर्वान्चिल बहुप्राविधिक तालिम केन्द्र धरान | ०.०० | १५१०००.०० | १५१०००.०० |
| ४० | कार्यक्रम खर्च | प्राथमिक विधालय | ०.०० | ४००००.०० | ४००००.०० |
| ४१ | कोरोना लगायत महामारी रोकथाम तथा नियन्त्रण | पाथिभरा इन्डष्ट्रिज प्रा.लि. | ०.०० | २७५०००.०० | २७५०००.०० |
| ४२ | कार्यक्रम खर्च | फोहर शिक्षा समिति | ०.०० | १३५००.०० | १३५००.०० |
| ४३ | कार्यक्रम खर्च | ब्रिटिश गोर्खा स्मृति पार्क सुनसरी | ०.०० | ७६०००.०० | ७६०००.०० |
| ४४ | कार्यक्रम खर्च | बासुदेव बराल मनिङ टाइम्स | ०.०० | ४३२५०.०० | ४३२५०.०० |
| ४५ | कार्यक्रम खर्च | मैत्री संगीत प्रतिष्ठान | ०.०० | ८०००.०० | ८०००.०० |
| ४६ | कार्यक्रम खर्च | मन्जु ट्रेडर्स | ०.०० | ५००००.०० | ५००००.०० |
| ४७ | कार्यक्रम खर्च | महिला स्वास्थ्य स्यमंसेविका कोष २१५०१००००२६९८००१ | ०.०० | २६९५०.०० | २६९५०.०० |
| ४८ | कार्यक्रम खर्च | युवा जागृति क्लव धरान १९ | ०.०० | १५०००.०० | १५०००.०० |
| ४९ | कार्यक्रम खर्च | वातावरण तथा पर्यटन विकास केन्द्र | ०.०० | १२५०००.०० | १२५०००.०० |
| ५० | कार्यक्रम खर्च | श्री अनन्त शिक्षा ज्योती प्रा.वि. धरान ११ | ०.०० | २५०००.०० | २५०००.०० |
| ५१ | अन्य सार्वजनिक निर्माण | श्री पब्लिक हाइ स्कुल धरान | ०.०० | ३००००.०० | ३००००.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५२ | कार्यक्रम खर्च | शारदा बालिका माध्यमिक विधालय | ०.०० | ३५०००.०० | ३५०००.०० | |
| ५३ | कार्यक्रम खर्च | सम्यक शिक्षा समुह | ०.०० | ५६७४०.०० | ५६७४०.०० | |
| ५४ | कार्यक्रम खर्च | समाज कल्याण तथा वातावरण मंच | ०.०० | १९११०.०० | १९११०.०० | |
| ५५ | कार्यक्रम खर्च | सरस्वती उच्च मा.वि. पांचकन्या | ०.०० | १४००००.०० | १४००००.०० | |
| ५६ | कार्यक्रम खर्च | सेवा नेपाल | ०.०० | ४००३१.०० | ४००३१.०० | |
| ५७ | कार्यक्रम खर्च | संस्कृत अध्ययन केन्द्र पांचकन्या | ०.०० | १५०००.०० | १५०००.०० | |
| ५८ | स्मार्ट बसपार्क निर्माण धरान ८ (पुरानो । क्रमागत) | नेपाल विद्युत प्राधिकरण धरान | १०७६१४.२९ | ०.०० | १०७६१४.२९ | |
| ५९ | कार्यगत अभ्याससहितको तालिम सञ्चालन | जयन टेक्निकल कलेज अफ टेक्नोलोजी प्रा.लि. | ५६५५००.०० | ०.०० | ५६५५००.०० | |
| ६० | कर्मचारी तालिम खर्च | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | १३५०२४०.०० | ०.०० | १३५०२४०.०० | भौचर नम्बर ३१९ मिति २०८२।८।४ बाट फस्यौंट |
| **उपभोक्ता समिति** | | | | | ०.०० | |
| १ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | अमर प्रा.वि. | ०.०० | ३२०००.०० | ३२०००.०० | |
| २ | सडक तथा पूल निर्माण | अमरहाट पिच तथा ढल निर्माण उपभोक्ता समिति | ०.०० | २००००.०० | २००००.०० | |
| ३ | सडक तथा पूल निर्माण | आदर्शमार्ग पिच निर्माण उपभोक्ता समिति | ०.०० | ४६४०००.०० | ४६४०००.०० | |
| ४ | सडक तथा पूल निर्माण | आदर्शमार्ग सनमार्ग पिच निर्माण उपभोक्ता समिति | ०.०० | १५०१५०.०० | १५०१५०.०० | |
| ५ | सडक तथा पूल निर्माण | उत्तमकुमार श्रेष्ठ | ०.०० | ८०००.०० | ८०००.०० | |
| ६ | सडक तथा पूल निर्माण | उपभोक्ता समिति कलेज रोड | ०.०० | ६३२०००.०० | ६३२०००.०० | |
| ७ | सडक तथा पूल निर्माण | एकराज कोइराला | ०.०० | १३५०००.०० | १३५०००.०० | |
| ८ | सडक तथा पूल निर्माण | कार्कीपथ विकासमार्ग बाटो तथा ढल निर्माण उपभोक्ता समिति | ०.०० | ६५०००.०० | ६५०००.०० | |
| ९ | तटबन्ध तथा बाँधनिर्माण | खहरे खोला उपभोक्ता समिति धरान ४ | ०.०० | १२००००.०० | १२००००.०० | |
| १० | तटबन्ध तथा बाँधनिर्माण | खहरे खोला पुल्चोक बाढी नियन्त्रण उपभोक्ता समिति | ०.०० | १४६१४.०० | १४६१४.०० | |
| ११ | तटबन्ध तथा बाँधनिर्माण | खहरे नियन्त्रण उपभोक्ता समिति धरान ८ | ०.०० | ३००००.०० | ३००००.०० | |
| | | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | तटबन्ध तथा बाँधनिर्माण | खहरे नियन्त्रण उपभोक्ता समिति धरान ९ | ०.०० | १५०००.०० | १५०००.०० |
| १३ | सडक तथा पूल निर्माण | खहरे फुटपाथ निर्माण उपभोक्ता समिति | ०.०० | ७६०५८.०० | ७६०५८.०० |
| १४ | तटबन्ध तथा बाँधनिर्माण | खहरे बाढी नियन्त्रण उपभोक्ता समिति | ०.०० | १००००.०० | १००००.०० |
| १५ | खानेपानी संरचना निर्माण | खानेपानी ट्याङकी निर्माण उपभोक्ता समिति | ०.०० | १५०००.०० | १५०००.०० |
| १६ | खानेपानी संरचना निर्माण | खानेपानी निर्माण उपभोक्ता समिति शिवमार्ग | ०.०० | ७५०००.०० | ७५०००.०० |
| १७ | खानेपानी संरचना निर्माण | खानेपानी पाइपलाइन विस्तार उपभोक्ता समिति | ०.०० | १५००००.०० | १५००००.०० |
| १८ | खानेपानी संरचना निर्माण | खानेपानी विस्तार उपभोक्ता समिति | ०.०० | ५५००.०० | ५५००.०० |
| १९ | खानेपानी संरचना निर्माण | खानेपानी विस्तार उपभोक्ता समिति सुनौलो मार्ग | ०.०० | १००००.०० | १००००.०० |
| २० | खानेपानी संरचना निर्माण | खारखोला खानेपानी उपभोक्ता समिति धरान १६ | ०.०० | ४५०००.०० | ४५०००.०० |
| २१ | सडक तथा पूल निर्माण | गोविन्दरोड निर्माण उपभोक्ता समिति धरान ७ | ०.०० | ४९५०००.०० | ४९५०००.०० |
| २२ | सडक तथा पूल निर्माण | चतरा मार्ग ढल निर्माण उपभोक्ता समिति धरान १७ | ०.०० | ४०४०००.०० | ४०४०००.०० |
| २३ | सडक तथा पूल निर्माण | चतरामार्ग ढल निर्माण समिति धरान १७ | ०.०० | ३५४६०.०० | ३५४६०.०० |
| २४ | सडक तथा पूल निर्माण | चुम्लुङ पथ पिच निर्माण उपभोक्ता समिति | ०.०० | २०००००.०० | २०००००.०० |
| २५ | सडक तथा पूल निर्माण | चुम्लुङपथ क सडक निर्माण उपभोक्ता समिति | ०.०० | १५८७१३.०० | १५८७१३.०० |
| २६ | अन्य सार्वजनिक निर्माण | छात्रावास पर्खाल निर्माण उपभोक्ता समिति | ०.०० | ८००००.०० | ८००००.०० |
| २७ | सडक तथा पूल निर्माण | ड्रेन निर्माण कार्य उपभोक्ता समिति | ०.०० | २४०००.०० | २४०००.०० |
| २८ | सडक तथा पूल निर्माण | ढल निर्माण उपभोक्ता समिति | ०.०० | २०००००.०० | २०००००.०० |
| २९ | सडक तथा पूल निर्माण | तिनधारे पथ निर्माण उपभोक्ता समिति | ०.०० | ४७६००.०० | ४७६००.०० |
| ३० | सडक तथा पूल निर्माण | देउराली चौक सडक निर्माण उपभोक्ता समिति | ०.०० | १०३१०००.०० | १०३१०००.०० |
| ३१ | सडक तथा पूल निर्माण | दशरथ पथ पिच निर्माण उपभोक्ता समिति | ०.०० | ३६०५९६.०० | ३६०५९६.०० |
| ३२ | अन्य सार्वजनिक निर्माण | धरान घण्टाघर निर्माण अनुगमन समिति | ०.०० | १००००.०० | १००००.०० |
| ३३ | अन्य सार्वजनिक निर्माण | धरान बसपार्क उपभोक्ता समिति | ०.०० | २५०००.०० | २५०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३४ | अन्य सार्वजनिक निर्माण | नेपाल बसोबास वस्ती संरक्षण समाज | ०.०० | २५०००.०० | २५०००.०० |
| ३५ | सडक तथा पूल निर्माण | नयां सृजनामार्ग उपभोक्ता समिति | ०.०० | १५०००.०० | १५०००.०० |
| ३६ | तटबन्ध तथा बाँधनिर्माण | निराजनवस्ती बाढी पिडित उपभोक्ता समिति | ०.०० | १५३००.०० | १५३००.०० |
| ३७ | खानेपानी संरचना निर्माण | पंचकन्या खानेपानी योजना | ०.०० | १६४००.०० | १६४००.०० |
| ३८ | वन तथा वातावरण संरक्षण | पंचकन्या पार्क निर्माण उपभोक्ता समिति | ०.०० | ९४०००.०० | ९४०००.०० |
| ३९ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | पंचायत मा.वि.उपभोक्ता समिति | ०.०० | २००००.०० | २००००.०० |
| ४० | सडक तथा पूल निर्माण | पुतलीलाइन ख सडक निर्माण उपभोक्ता समिति | ०.०० | १९९९६०.०० | १९९९६०.०० |
| ४१ | सडक तथा पूल निर्माण | पुर्णपथ पिच ढल निर्माण उपभोक्ता समिति | ०.०० | १९५००.०० | १९५००.०० |
| ४२ | सडक तथा पूल निर्माण | प्राविधिक मार्ग ग्याबियन कार्य निर्माण उपभोक्ता समिति | ०.०० | १५०००.०० | १५०००.०० |
| ४३ | सडक तथा पूल निर्माण | पलिखे मार्ग उपभोक्ता समिति | ०.०० | ४७६००.०० | ४७६००.०० |
| ४४ | सडक तथा पूल निर्माण | पिच निर्माण उपभोक्ता समिति धरान २ | ०.०० | ७५०००.०० | ७५०००.०० |
| ४५ | सडक तथा पूल निर्माण | पिच निर्माण उपभोक्ता समिति धरान ७ | ०.०० | ६००००.०० | ६००००.०० |
| ४६ | सडक तथा पूल निर्माण | पिच निर्माण उपभोक्ता समिति लक्ष्मी श्रेष्ठ | ०.०० | १६८०००.०० | १६८०००.०० |
| ४७ | सडक तथा पूल निर्माण | पिण्डेश्वर अष्टभुजा सडक निर्माण उपभोक्ता समिति | ०.०० | ६००००.०० | ६००००.०० |
| ४८ | तटबन्ध तथा बाँधनिर्माण | पिण्डेश्वर खोल्सी निर्माण उपभोक्ता समिति | ०.०० | ३९०००.०० | ३९०००.०० |
| ४९ | अन्य सार्वजनिक निर्माण | पिण्डेश्वर पोखरी निर्माण उपभोक्ता समिति | ०.०० | २७००००.०० | २७००००.०० |
| ५० | सडक तथा पूल निर्माण | बुद्धचौक दुर्गाचौक सडक निर्माण उपभोक्ता समिति | ०.०० | १०१४०००.०० | १०१४०००.०० |
| ५१ | सडक तथा पूल निर्माण | बेलगाछीलाइन रिटेनिङवाल निर्माण उपभोक्ता समिति | ०.०० | ८१३०.०० | ८१३०.०० |
| ५२ | सडक तथा पूल निर्माण | बलभद्र सडक उपभोक्ता समिति | ०.०० | १९६०००.०० | १९६०००.०० |
| ५३ | सडक तथा पूल निर्माण | बाटो निर्माण उपभोक्ता समिति धरान १५ | ०.०० | १३५००.०० | १३५००.०० |
| ५४ | तटबन्ध तथा बाँधनिर्माण | बाढी नियन्त्रण उपभोक्ता समिति धरान १५ | ०.०० | ३००००.०० | ३००००.०० |
| ५५ | सडक तथा पूल निर्माण | भृकुटी टोल एवं बाटो सुधार समिति | ०.०० | १८०००.०० | १८०००.०० |
| ५६ | सडक तथा पूल निर्माण | भवानीमार्ग सयपत्री टोल खानेपानी | ०.०० | १३०००.०० | १३०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | विस्तार उपभोक्ता समिति | | | |
| ५७ | सडक तथा पूल निर्माण | मदनआश्रित मार्ग ड्रेन निर्माण उपभोक्ता समिति | ०.०० | ४५०००.०० | ४५०००.०० |
| ५८ | अन्य सार्वजनिक निर्माण | महेन्द्र प्रधान | ०.०० | १००००.०० | १००००.०० |
| ५९ | वन तथा वातावरण संरक्षण | महानन्द मार्ग पिच निर्माण उपभो्का समिति | ०.०० | ३६०००.०० | ३६०००.०० |
| ६० | सडक तथा पूल निर्माण | मिलन पथ उपभोक्ता समिति | ०.०० | ३२०००.०० | ३२०००.०० |
| ६१ | सडक तथा पूल निर्माण | यलम्बर मार्ग पिच निर्माण उपभोक्ता समिति | ०.०० | ६८०००.०० | ६८०००.०० |
| ६२ | सडक तथा पूल निर्माण | रत्नचौक पुर्व ढल निर्माण उपभोक्ता समिति | ०.०० | १८५००.०० | १८५००.०० |
| ६३ | सडक तथा पूल निर्माण | राई टोल उपभोक्ता समिति | ०.०० | ५००००.०० | ५००००.०० |
| ६४ | तटबन्ध तथा बाँधनिर्माण | रिटेनिङवाल निर्माण उपभोक्ता समिति | ०.०० | २३०००.०० | २३०००.०० |
| ६५ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | वडासमिति तथा प्रहरीचौकी निर्माण समिति | ०.०० | ६४८००.०० | ६४८००.०० |
| ६६ | सडक तथा पूल निर्माण | विकास प्रगति समिति मार्ग उपभोक्ता समिति | ०.०० | ४००००.०० | ४००००.०० |
| ६७ | सडक तथा पूल निर्माण | विजयपुर पंचकन्या सेउती झोलगें पुल समिति | ०.०० | १२००००.०० | १२००००.०० |
| ६८ | विद्युत संरचना निर्माण | विधुत पोल व्यवस्थापन उपभोक्ता समिति | ०.०० | ८४८८७.०० | ८४८८७.०० |
| ६९ | सडक तथा पूल निर्माण | विशालरोड समितिमार्ग बाटो तथा ढल निर्माण उपभोक्ता समिति | ०.०० | १२३६४०.०० | १२३६४०.०० |
| ७० | सडक तथा पूल निर्माण | शहिद रत्न मार्ग उपभोक्ता समिति | ०.०० | १३०००.०० | १३०००.०० |
| ७१ | सडक तथा पूल निर्माण | शहिदरत्न मार्ग ढल निर्माण उपभोक्ता समिति | ०.०० | ११०००.०० | ११०००.०० |
| ७२ | सडक तथा पूल निर्माण | शान्तिपथ पिच ढल निर्माण उपभोक्ता समिति | ०.०० | ६००००.०० | ६००००.०० |
| ७३ | सडक तथा पूल निर्माण | सनमार्ग बाटो तथा ढल निर्माण उपभोक्ता समिति | ०.०० | १६०००.०० | १६०००.०० |
| ७४ | अन्य सार्वजनिक निर्माण | सब्जीमण्डी निर्माण उपभो्का समिति | ०.०० | ३५०००.०० | ३५०००.०० |
| ७५ | सडक तथा पूल निर्माण | सुम्निमा मार्ग पिच ढल निर्माण उपभोक्ता समिति | ०.०० | ६३८८००.०० | ६३८८००.०० |
| ७६ | सडक तथा पूल निर्माण | सरबरे टोल ह्युमपाइप उपभोक्ता समिति | ०.०० | ३००००.०० | ३००००.०० |
| ७७ | सडक तथा पूल निर्माण | सुर्यमार्ग उपभोक्ता समिति | ०.०० | ७५०००.०० | ७५०००.०० |
| ७८ | तटबन्ध तथा बाँधनिर्माण | सुर्यमार्ग बाढी नियन्त्रण उपभोक्ता समिति | ०.०० | ३००००.०० | ३००००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७९ | खानेपानी संरचना निर्माण | स्वास्तिका मार्ग खानेपानी विधुत सडक उपभोक्ता समिति | ०.०० | ३००००.०० | ३००००.०० |
| ८० | सडक तथा पूल निर्माण | सिद्धिचरण मार्ग सडक मर्मत समिति | ०.०० | ५५०००.०० | ५५०००.०० |
| ८१ | सडक तथा पूल निर्माण | सिदिङ्वा चौक सडक निर्माण उपभोक्ता समिति | ०.०० | ३७९०००.०० | ३७९०००.०० |
| ८२ | सडक तथा पूल निर्माण | सिंहदेवी चौक ढल निर्माण उपभोक्ता समिति | ०.०० | १४०००.०० | १४०००.०० |
| ८३ | सडक तथा पूल निर्माण | सिंहदेवी पथ पिच सडक मर्मत उपभोक्ता समिति | ०.०० | १८००००.०० | १८००००.०० |
| ८४ | अन्य सार्वजनिक निर्माण | हरेराम किर्तन कुन्ज उपभोक्ता समिति | ०.०० | १८०००.०० | १८०००.०० |
| ८५ | सडक तथा पूल निर्माण | हिमाली सामुदायिक बन उपभोक्ता ढल निर्माण उपभोक्ता समिति | ०.०० | १३७५०.०० | १३७५०.०० |
| **जम्मा बाँकी** | | | **२०२३३५४.२९** | **१३९३३०५८.१९** | **१५९५६४१२.४८** |

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| ३०.२.१ | जयन टेक्निकल कलेज अफ टेक्नोलोजी प्रा.लि. | ५६५,५०० |
| ३०.२.२ | नेपाल विद्युत प्राधिकरण धरान | १०७,६१४.२९ |

| | |
|---|---|
| पेश्की | ६,७३,११४.२९ |

३०.३ **पदाधिकारी, कर्मचारी र व्यक्तिगत पेस्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेस्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्नानुसार पदाधिकारी, कर्मचारी र व्यक्तिलाई उपलब्ध गराएको पेस्की आर्थिक वर्षको अन्त्यसम्म पनि फस्र्यौट नभई रु.४५७२२१८.९३ बाँकी रहेको देखियो। बाँकी पेस्कीमध्ये चालु आर्थिक वर्षमा उपलब्ध गराएको रु.३९०००.०० पेस्की बाँकी देखिन्छ। नियमावलीको नियम ५१ मा पेस्की रकम असुली सम्बन्धी व्यवस्था गरिएको छ। सो व्यवस्था बमोजिम गत आर्थिक वर्षसम्मको पेश्की फस्र्यौट गरी विगतको प्रतिवेदनमा लगति बेरुजु कायम भएकोमा सोही बमोजिम पेश गर्ने र चालु आर्थिक वर्षको हकमा नियमले तोकेको प्रक्रिया पुरा गरी फस्र्यौट गरी सोको प्रमाण कागजात पेश गर्नु पर्ने रु.

| क्र.सं. | पेश्कीको विवरण | पेश्की लिनेको नाम | पद | चालु आ. व.को बाँकी | गत आ. व.सम्मको बाँकी | जम्मा बाँकी पेश्की |
|---|---|---|---|---|---|---|
| पदाधिकारी | | | | | | |
| १ | कार्यक्रम खर्च | ईश्वरराज जोशी | वडा सदस्य | ०.०० | ३००००.०० | ३००००.०० |
| २ | कार्यक्रम खर्च | उद्धव श्रेष्ठ | वडा सदस्य | ०.०० | २५०००.०० | २५०००.०० |
| ३ | कार्यक्रम खर्च | गान्दिप राई | वडा सदस्य | ०.०० | ११५००.०० | ११५००.०० |
| ४ | कार्यक्रम खर्च | घनश्याम आचार्य | वडा सदस्य | ०.०० | २८६९००.०० | २८६९००.०० |
| ५ | कार्यक्रम खर्च | तेजबहादुर राई | वडा सदस्य | ०.०० | १३५१२२.०० | १३५१२२.०० |
| ६ | कार्यक्रम खर्च | देवराज अधिकारी | वडा सदस्य | ०.०० | ३८५००.०० | ३८५००.०० |
| ७ | कार्यक्रम खर्च | धनप्रसाद राई | वडा सदस्य | ०.०० | २०९७००.०० | २०९७००.०० |
| ८ | कार्यक्रम खर्च | धर्मराज राई | वडा सदस्य | ०.०० | ४३२८९.०० | ४३२८९.०० |
| ९ | कार्यक्रम खर्च | ध्रुव श्रेष्ठ | वडा सदस्य | ०.०० | ७५१२९.०० | ७५१२९.०० |
| १० | कार्यक्रम खर्च | पुर्णप्रसाद राई | वडा सदस्य | ०.०० | ३००००.०० | ३००००.०० |
| ११ | पारिश्रमिक पदाधिकारी | बुद्धराज मोक्तान | वडा सदस्य | ०.०० | ६८००.०० | ६८००.०० |
| १२ | इन्धन - अन्य प्रयोजन | बम देवान | वडा सदस्य | ०.०० | ३०५६९.७५ | ३०५६९.७५ |
| १३ | पारिश्रमिक पदाधिकारी | बीरबहादुर बुढाथोकी | वडा सदस्य | ०.०० | ५३८५.०० | ५३८५.०० |
| १४ | कार्यक्रम खर्च | भगिरथ देवान | वडा सदस्य | ०.०० | ५९०००.०० | ५९०००.०० |
| १५ | कार्यक्रम खर्च | मदन ढकाल | वडा सदस्य | ०.०० | ३१३५०.०० | ३१३५०.०० |
| १६ | कार्यक्रम खर्च | महेश गौतम | वडा सदस्य | ०.०० | ४४०००.०० | ४४०००.०० |
| १७ | कार्यक्रम खर्च | मानबहादुर पौडेल | वडा सदस्य | ०.०० | ३००५०.०० | ३००५०.०० |
| १८ | कार्यक्रम खर्च | रुद्रबहादुर लिम्वु | वडा अध्यक्ष | ०.०० | ११५१४८.०० | ११५१४८.०० |
| १९ | पारिश्रमिक पदाधिकारी | राजु थापा | वडा सदस्य | ०.०० | ७०००.०० | ७०००.०० |
| २० | कार्यक्रम खर्च | राजेन्द्र दाहाल | वडा सदस्य | ०.०० | १००००.०० | १००००.०० |
| २१ | कार्यक्रम खर्च | राधिका राई | महिला वडा सदस्य | ०.०० | २२४७०.०० | २२४७०.०० |
| २२ | पारिश्रमिक पदाधिकारी | रामबहादुर राई | वडा सदस्य | ०.०० | ६०००.०० | ६०००.०० |
| २३ | घरभाडा | विष्णुकुमर राई | वडा सदस्य | ०.०० | १५०००.०० | १५०००.०० |
| २४ | पारिश्रमिक पदाधिकारी | विष्णुमोहन पलिखे | वडा सदस्य | ०.०० | १६३४४.७५ | १६३४४.७५ |
| २५ | कार्यक्रम खर्च | शम्भु खनाल | वडा सदस्य | ०.०० | २७७३००.०० | २७७३००.०० |
| २६ | औषधीउपचार खर्च | श्री सुव्वा | वडा सदस्य | ०.०० | ४०००.०० | ४०००.०० |
| २७ | पारिश्रमिक पदाधिकारी | श्रीप्रसाद मोक्तान | वडा सदस्य | ०.०० | १९४७२.०० | १९४७२.०० |
| ६ | वडा अध्यक्ष कप | राजस्व बाँडफाँड - प्रदेश सरकार | ६५५०० | ६५५०० |
| कूल जम्मा | | | १४०७५७०२ | १०५९७३४३ |

## ४६ खाजा खर्चको भुक्तानी

धरान उपमहानगरपालिकाको खर्च व्यवस्थापन कार्यविधि, २०७८ को दफा ८(ग) मा धरान उपमहानगरपालिकामा कार्यरत स्थायी र करारका कर्मचारीलाई दैनिक हाजिरीका आधारमा कार्यालय सञ्चालन भएका दिनको प्रति कर्मचारी प्रतिदिन एक सय पच्चीस रुपैयाँका

दरले खाजा सुविधा दिइने उल्लेख छ। सोही व्यवस्था बमोजिम पालिकाले पालिकामा कार्यरत सम्पूर्ण कर्मचारीलाई हाजिरीको आधारमा खाजा खर्च वापत वर्षभर रु.१,०१,४३,११२.०० खर्च लेखी भुक्तानी गरेको छ। भुक्तानी परीक्षण गर्दा पालिकातर्फका कर्मचारीको ई-हाजिरी रिपोर्टका आधारमा र अन्य वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको मेनुअल प्रमाणित हाजिरीको आधारमा खर्च लेखेको पाईयो। पालिकाले सम्पूर्ण वडा कार्यालय र स्वास्थ्य संस्थाहरूमा समेत ई-हाजिरी जडान गरेकोमा ई-हाजिरी पेश नगरी मेनुअल प्रमाणित हाजिरीका आधारमा निम्नानुसार रु.५०,५५,९५९.०० खाजा खर्च लेखेकोले यस्तो कार्यमा नियन्त्रण गरी ई-हाजिरीका आधारमा मात्र यस्तो खर्च लेख्नु पर्ने देखिन्छ।

| गो.भौ.नं.-मिति | विवरण | खर्च रकम रु. |
|---|---|---|
| १०२।२०८१।६।७ | २०८१ बैशाख देखी असार सम्मको वडा तर्फको खाजा भत्ता भुक्तानी। | ७५६७५० |
| ५७८।२०८१।८।६ | २०८१ श्रावण र भाद्र महिनाको स्वास्थ्य तर्फको खाजा भत्ता भुक्तानी। | ४४९००० |
| ५८५।२०८१।८।७ | २०८१ श्रावण र भाद्र महिनाको वडा तर्फका कर्मचारीहरुको खाजा भत्ता भुक्तानी। | ५२४१२५ |
| ९५२।२०८१।१०।२४ | २०८१ असोज देखी पौष महिना सम्मको स्वास्थ्य तर्फका कर्मचारीहरुको खाजा भत्ता भुक्तानी। | ७५६५०० |
| १२९४।२०८१।१२।१४ | २०८१ असोज देखी पौष महिना सम्मको वडा कार्यलय तर्फको खाजा भत्ता भुक्तानी। | ८४९१३३ |
| १९५४।२०८२।३।१० | २०८१ माघ देखी २०८२ बैशाख सम्मको स्वास्थ्य संस्था तर्फको खाजा भत्ता भुक्तानी | ८०१५०० |
| १९८५।२०८२।३।१२ | २०८१ माघ देखी २०८२ बैशाख महिना सम्मको सवै वडाहरुको खाजा भत्ता भुक्तानी। | ९१८९५१ |
| **जम्मा** | | **५०५५९५९** |

४७ **गैर सरकारी संस्था मार्फत कार्यक्रम**

धरान उपमहानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७८ को नियम १०९ मा गैर सरकारी संस्थाबाट काम गराउनका लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य संचालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको अनुमान तयार गर्नुपर्ने, सार्वजनिक निकायले दश लाख रुपैया सम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उद्धेश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको, मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा प्रस्ताव माग गरी पारदर्शी रुपमा छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न लक्षित समूह तथा वर्गको कार्यक्रम तथा तालिम सञ्चालन गर्नका लागि छनौट भएको संघ संस्थाहरूको छनौट प्रकृया नियमावली बमोजिम पारदर्शी रहेको पाइएन । अधिकांश कार्यक्रम तथा तालिममा खर्चको नर्म्स, लागत अनुमान तयार नगरी तालिम सञ्चालन गरेको र सहभागीहरूको छनौटको मापदण्ड स्पष्ट नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुरुप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन । यस्ता कार्यक्रम सञ्चालन गर्दा लक्षित वर्गको सही पहिचान गरी सहभागी छनौट गर्ने, कार्यक्रम तर्जुमा गर्दा उद्यमशिलता विकास, रोजगारीको अवसर, स्थानीय स्रोत साधन र क्षमताको प्रयोगलाई विचार गरी कार्यक्रमको छनौट गर्नु पर्दछ । यस सँग सम्बन्धित केही उदाहरण देहाय बमोजिम रहेका छन्:

| गो.भौ.नं.-मिति | सेवा प्रदायक | कार्यक्रमको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ४१०।२०८१।७।४ | नेपाल आदिवासी जनजाती महासंघ नगर समन्वय परिषद् धरान | आदिवासी जनजाती क्षमता विकास कार्यक्रम | १००००० |
| १५५२। २०८२।१।२६ | राष्ट्रिय आदिवासि जनजाति महिला महासंघ नगर समन्वय परिषद धरान | आदिवासी जनजाती क्षमता विकास कार्यक्रम | ७५००० |
| १६१५। २०८२।२।५ | सुनुवार सेवा समाज नगर समिति धरान | आदिवासी जनजाती क्षमता विकास कार्यक्रम | ५०००० |
| २२१६। २०८२।३।२३ | भुजेल सेवा समाजलाई आदिवासी जनजाती क्षमता विकास कार्यक्रम अन्तर्गत उदघोषण तथा क्षमता अभिबृद्धि तालिम कार्यक्रमको भुक्तानी | आदिवासी जनजाती क्षमता विकास कार्यक्रम | ५०००० |

### ४८ साबुन फ्याक्ट्री स्थापना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकालाई आफ्नो क्षेत्रभित्र पूर्वाधार निर्माण र विकास आयोजना सञ्चालन गर्ने अधिकार दिइएको छ। सोही ऐनको दफा ११(२) 'ञ' मा स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन सम्बन्धी अधिकार उल्लेख छ। स्थानीय तहले आफ्नै फ्याक्ट्री खोलेको अवस्थामा त्यसको सञ्चालन, रेखदेख र नियमनको अधिकार सोही स्थानीय कार्यपालिकामा निहित हुने व्यवस्था छ। स्थानीय तहले फ्याक्ट्री सञ्चालन गर्दा प्रचलित उद्योग व्यवसाय ऐन र वातावरण संरक्षण ऐनको पालना गर्नु अनिवार्य हुन्छ। पालिकाले साबुन उत्पादन गर्नका लागि गत विगत वर्षहरूमा संरचना निर्माणमा माया धराने सावुन फ्याक्ट्री निर्माण उपभोक्ता समितिबाट कार्य गराई रु.१४९९८४२.०० आर्थिक वर्ष २०८०।८१ मा खर्च गरेको छ। यसवर्ष सञ्चालनका लागि आवश्यक मेसिन तथा अन्य सामाग्री खरिदमा रु.३०३०७५०.०० खर्च गरेको देखियो। पालिकाले फ्याक्ट्री सञ्चालनको लागि कार्यविधि तयार नगरेको हुँदा सो सम्बन्धी थप विश्लेषण गर्न सकिएन। हालसम्म साबुन उत्पादन तथा फ्याक्ट्री सञ्चालन नभएकोले संरचना निर्माण र सञ्चालनका लागि भएको खर्चले सार्थकता पाउन सकेको देखिदैन्। पालिकाले सार्वजनिक खरिद कानुन र सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धित कानुनको अधिनमा रही सञ्चालनको निमित्त कार्यविधि तयार गरी खर्चको सार्थकता अभिवृद्धी गर्दै आन्तरिक आयलाई थप व्यवस्थित गर्नु पर्ने देखिन्छ।

| गो.भौ.नं.-मिति | क्रियाकलापको नाम | खर्च विवरण | खर्च रकम रु. |
|---|---|---|---|
| **नपा चालु** | | | |
| १९८०।२०८२।३।१२ | साबुन उद्योग मेशीन खरिद र संचालन-नगरप्रमुख भिजन कार्यक्रम | थ्री फेज २० केभीए विद्युत जडान वापत | ८४७८४ |
| २३८९।२०८२।३।२५ | | सावुन उद्योगका लागि आवश्यक सामाग्री खरिद | ३११९३६ |
| २३४७।२०८२।३।२५ | | इन्टर ट्रेड नेपाललाई मेशिन खरिद वापतको भुक्तानी | ६३४०३० |
| प्रदेश ससर्त पुँजीगत | | | |
| ६०।२०८२।३।२५ | साबुन उद्योगका लागि यन्त्र उपकरण खरिद | इन्टर ट्रेड नेपाललाई मेशिन खरिद वापतको भुक्तानी | २०००००० |
| **जम्मा रु.** | | | **३०३०७५०** |
| **आर्थिक वर्ष २०८०।८१ मा भएको खर्च रु.** | | | **१४९९८४२** |
| **हालसम्म भएको जम्मा खर्च रु.** | | | **४५३०५९२** |

## ४९ शिक्षा तर्फ

४९.१ **शैक्षिक गुणस्तर** - सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वियन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसममयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकिय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्थागरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरीलागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानुपर्दछ।

४९.२ **शिक्षक विद्यार्थी अनुपात** - शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम १) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १२क मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। विद्यालय समायोजन कार्यान्वियन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्य अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत रहेका ४८ सामुदायिक विद्यालयबाट प्राप्त विवरण अनुसार न्यून शिक्षक विद्यार्थी अनुपात भएका विद्यालयहरुको विवरण निम्नानुसार छन।

| क्र.स. | विद्यालयको नाम | वडा | शिक्षक संख्या | विद्यार्थि संख्या | शिक्षक विद्यार्थि अनुपात |
|---|---|---|---|---|---|
| १ | अनन्त शिक्षा ज्योति आधारभूत विद्यालय | वडा नं.११ | ३ | १०८ | १:३६ |
| २ | अमर आधारभूत विद्यालय | वडा नं.१३ | ३ | ६९ | १:२३ |
| ३ | आधारभूत विद्यालय | वडा नं.४ | ४ | ३९ | १:१० |
| ४ | उदय आधारभूत विद्यालय | वडा नं.२० | १ | १२ | १:१२ |
| ५ | कन्या आधारभूत विद्यालय | वडा नं.४ | ३ | १८ | १:०६ |
| ६ | कालिका आधारभूत विद्यालय | वडा नं.४ | ३ | ४७ | १:१६ |
| ७ | किरातेश्वर माध्यमिक विद्यालय | वडा नं.१९ | १४ | ३११ | १:२२ |
| ८ | चण्डिका भवानी आधारभूत विद्यालय | वडा नं.२० | २ | २७ | १:१४ |
| ९ | चन्द्र संस्कृत माध्यमिक विद्यालय | वडा नं.१६ | १८ | १४१ | १:०८ |
| १० | जनज्योति आधारभूत विद्यालय | वडा नं.२० | १ | २२ | १:२२ |
| ११ | जनता आधारभूत विद्यालय | वडा नं.१५ | ३ | ६२ | १:२१ |
| १२ | जनता आधारभूत विद्यालय | वडा नं.५ | ३ | १३० | १:४३ |
| १३ | ज्ञानोदय माध्यमिक विद्यालय | वडा नं.११ | २३ | ६२८ | १:२७ |
| १४ | ज्वालामुखी माध्यमिक विद्यालय | वडा नं.१७ | १२ | ४२२ | १:३५ |
| १५ | दिपेन्द्र स्मृति आधारभूत विद्यालय | वडा नं.१७ | ३ | १९७ | १:६६ |
| १६ | निशान देवी अधारभूत | वडा नं.५ | २ | ४५ | १:२३ |
| १७ | पञ्चकन्या अधारभूत विद्यालय | वडा नं.४ | १७ | ३१ | १:२ |
| १८ | पञ्चकन्या माध्यमिक विद्यालय | वडा नं.१७ | ३ | ५८३ | १:१९४ |
| १९ | पञ्चायत आधारभूत विद्यालय | वडा नं.१६ | ५ | ३७ | १:७ |
| २० | पञ्चायत दन्तकाली माध्यमिक विद्यालय | वडा नं.१४ | १४ | १७२ | १:१२ |
| २१ | पञ्चायत माध्यमिक विद्यालय | वडा नं.१० | १६ | १६५ | १:१० |
| २२ | पव्लिक माध्यमिक विद्यालय | वडा नं.१३ | २० | २७१ | १:१४ |
| २३ | ल्याब्रेटोरी माध्यमिक विद्यालय | वडा नं.८ | २२ | ३३९ | १:१५ |
| २४ | बद्रीनाथ आधारभूत विद्यालय | वडा नं.१५ | ८ | १८६ | १:२३ |
| २५ | भगवती आधारभूत विद्यालय | वडा नं.२० | २ | २९ | १:१५ |
| २६ | भगवती आधारभूत विद्यालय | वडा नं.१६ | ९ | १४९ | १:१७ |
| २७ | भानु स्मृति माध्यमिक विद्यालय | वडा नं.३ | १७ | ४६८ | १:२८ |
| २८ | भालढुङ्गा माध्यमिक विद्यालय | वडा नं.२० | १७ | २३३ | १:१४ |
| २९ | मदन आश्रित आधारभूत विद्यालय | वडा नं.२० | २ | ४८ | १:२४ |
| ३० | माध्यमिक विद्यालय | वडा नं.१७ | ९ | १९६ | १:२२ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | राणादेवी अधारभूत | वडा नं.६ | ३ | ८९ | १:३० |
| ३२ | वाल्मीकि आधारभूत विद्यालय | वडा नं.२० | २ | ३ | १:२ |
| ३३ | शारदा बालिका नमुना माध्यमिक विद्यालय | वडा नं.१६ | २२ | ४०० | १:१८ |
| ३४ | शिक्षा ज्योति आधारभूत विद्यालय | वडा नं.४ | ३ | ९८ | १:३३ |
| ३५ | शिक्षा निकेतन माध्यमिक विद्यालय | वडा नं.२ | २६ | ७५० | १:२९ |
| ३६ | शिक्षा सदन माध्यमिक विद्यालय | वडा नं.१५ | ३२ | १२६३ | १:३९ |
| ३७ | सम्यक शिक्षा आधारभूत विद्यालय | वडा नं.१७ | ४ | १४२ | १:३६ |
| ३८ | सरस्वती आधारभूत विद्यालय | वडा नं.१ | ४ | ४९ | १:१२ |
| ३९ | सरस्वती माध्यमिक विद्यालय | वडा नं.६ | २१ | ७६९ | १:३७ |
| ४० | सहिद स्मृति माध्यमिक विद्यालय | वडा नं.८ | १८ | ३६४ | १:२० |
| ४१ | पब्लिक हाई स्कूल | वडा नं.१२ | २९ | ३५९९ | १:१२४ |
| ४२ | सिंहदेवी आधारभूत विद्यालय | वडा नं.४ | ३ | ३१ | १:१० |
| ४३ | सुलिकोट आधारभूत विद्यालय | वडा नं.२० | २ | ९ | १:०५ |
| ४४ | सूर्योदय आधारभूत विद्यालय | वडा नं.२० | २ | १९ | १:१० |
| ४५ | हिमाली माध्यमिक विद्यालय | वडा नं.५ | १२ | ७१३ | १:५९ |
| ४६ | सुस्ता मनस्थिति बाल कल्याण विद्यालय | वडा नं.१६ | ० | ९४ | अनुदानमा सञ्चालित |
| ४७ | पूर्वाञ्चल ज्ञानचक्षु विद्यालय | वडा नं.१५ | ० | ७८ | अनुदानमा सञ्चालित |
| ४८ | पूर्वाञ्चल बहिरा विद्यालय | वडा नं.१६ | ० | ९३ | अनुदानमा सञ्चालित |
| | जम्मा | | ४४२ | १३७४८ | |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लिखित विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात १:२ देखि १:१९४ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्ने गरेको अवस्था देखियो। अतः न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवम शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

४९.३ **प्रति विद्यार्थी लागत** - विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्य अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत रहेका ४८ सामुदायिक विद्यालयबाट प्राप्त विवरण अनुसार विद्यालयलाई भएको कूल निकासाको आधारमा प्रति विद्यार्थी लागतको विवरण निम्नानुसार छन।

| क्र.सं. | विद्यालयको नाम | वडा | कुल निकासा | विद्यार्थि संख्या | प्रति विद्यार्थि लागत |
|---|---|---|---|---|---|
| १ | अनन्त शिक्षा ज्योति आधारभूत विद्यालय | वडा नं.११ | २९१३३७५ | १०८ | २६९७६ |
| २ | अमर आधारभूत विद्यालय | वडा नं.१३ | २७८१२२० | ६९ | ४०३०८ |
| ३ | आधारभूत विद्यालय | वडा नं.४ | २७२४२४७ | ३९ | ६९८५२ |
| ४ | उदय आधारभूत विद्यालय | वडा नं.२० | ९९४८६७ | १२ | ८२९०६ |
| ५ | कन्या आधारभूत विद्यालय | वडा नं.४ | २६५९४२८ | १८ | १४७७४६ |
| ६ | कालिका आधारभूत विद्यालय | वडा नं.४ | २३६३०२४ | ४७ | ५०२७७ |
| ७ | किरातेश्वर माध्यमिक विद्यालय | वडा नं.१९ | १०८०९५३४ | ३११ | ३४७५७ |
| ८ | चण्डिका भवानी आधारभूत विद्यालय | वडा नं.२० | १२१४२७६ | २७ | ४४९७३ |
| ९ | चन्द्र संस्कृत माध्यमिक विद्यालय | वडा नं.१६ | १३३२६११८ | १४१ | ९४५११ |
| १० | जनज्योति आधारभूत विद्यालय | वडा नं.२० | १०१४६१२ | २२ | ४६११९ |
| ११ | जनता आधारभूत विद्यालय | वडा नं.१५ | २६९६७५७ | ६२ | ४३४९६ |
| १२ | जनता आधारभूत विद्यालय | वडा नं.५ | २६७१८८० | १३० | २०५५३ |
| १३ | ज्ञानोदय माध्यमिक विद्यालय | वडा नं.११ | १७३९४१४७ | ६२८ | २७६९८ |
| १४ | ज्वालामुखी माध्यमिक विद्यालय | वडा नं.१७ | ८७९४२९४ | ४२२ | २०८४० |
| १५ | दिपेन्द्र स्मृति आधारभूत विद्यालय | वडा नं.१७ | २८७६२२३ | १९७ | १४६०० |
| १६ | निशान देवी अधारभूत | वडा नं.५ | १५३१६६७ | ४५ | ३४०३७ |
| १७ | पञ्चकन्या अधारभूत विद्यालय | वडा नं.४ | २०९५६८१ | ३१ | ६७६०३ |
| १८ | पञ्चकन्या माध्यमिक विद्यालय | वडा नं.१७ | १२७३२४३९ | ५८३ | २१८४० |
| १९ | पञ्चायत आधारभूत विद्यालय | वडा नं.१६ | ३९०६४८१ | ३७ | १०५५८१ |
| २० | पञ्चायत दन्तकाली माध्यमिक विद्यालय | वडा नं.१४ | १०४४६५०८ | १७२ | ६०७३६ |
| २१ | पञ्चायत माध्यमिक विद्यालय | वडा नं.१० | १०८५७७७७ | १६५ | ६५८०५ |
| २२ | पव्लिक माध्यमिक विद्यालय | वडा नं.१३ | ३२२३१६०८ | २७१ | ११८९३६ |
| २३ | पूर्वाञ्चल ज्ञानचक्षु विद्यालय | वडा नं.१५ | १६५०८७५३ | ७८ | २११६५१ |
| २४ | पूर्वाञ्चल बहिरा विद्यालय | वडा नं.१६ | १३३७५३०२ | ९३ | १४३८२० |
| २५ | प्रयोगशाला माध्यमिक विद्यालय | वडा नं.८ | १६४४६७८० | ३३९ | ४८५१६ |
| २६ | बद्रीनाथ आधारभूत विद्यालय | वडा नं.१५ | ५४२९६५७ | १८६ | २९१९२ |
| २७ | भगवती आधारभूत विद्यालय | वडा नं.२० | १८५००८५ | २९ | ६३७९६ |
| २८ | भगवती आधारभूत विद्यालय | वडा नं.१६ | ६७९६८४८ | १४९ | ४५६१६ |
| २९ | भानु स्मृति माध्यमिक विद्यालय | वडा नं.३ | १२३८३८७७ | ४६८ | २६४६१ |
| ३० | भालढुङ्गा माध्यमिक विद्यालय | वडा नं.२० | १०८५१९४७ | २३३ | ४६५७५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | मदन आश्रित आधारभूत विद्यालय | वडा नं.२० | १९३२५२५ | ४८ | ४०२६१ |
| ३२ | माध्यमिक विद्यालय | वडा नं.१७ | ६५७८७६४ | १९६ | ३३५६५ |
| ३३ | राणादेवी अधारभूत | वडा नं.६ | २२००१२५ | ८९ | २४७२१ |
| ३४ | वाल्मीकि आधारभूत विद्यालय | वडा नं.२० | १५९९५२६ | ३ | ५३३१७५ |
| ३५ | शारदा बालिका नमुना माध्यमिक विद्यालय | वडा नं.१६ | १५०६९७९५ | ४०० | ३७६७४ |
| ३६ | शिक्षा ज्योति आधारभूत विद्यालय | वडा नं.४ | २७४१५३९ | ९८ | २७९७५ |
| ३७ | शिक्षा निकेतन माध्यमिक विद्यालय | वडा नं.२ | २६४६८५५२ | ७५० | ३५२९१ |
| ३८ | शिक्षा सदन माध्यमिक विद्यालय | वडा नं.१५ | २५३५८१०१ | १२६३ | २००७८ |
| ३९ | सम्यक शिक्षा आधारभूत विद्यालय | वडा नं.१७ | ३११३५९९ | १४२ | २१९२७ |
| ४० | सरस्वती आधारभूत विद्यालय | वडा नं.१ | ३०२०४८५ | ४९ | ६१६४३ |
| ४१ | सरस्वती माध्यमिक विद्यालय | वडा नं.६ | १६८८२४४८ | ७६९ | २१९५४ |
| ४२ | सहिद स्मृति माध्यमिक विद्यालय | वडा नं.८ | १५९२२८७९ | ३६४ | ४३७४४ |
| ४३ | पव्लिक हाई स्कूल | वडा नं.१२ | २९८७५६६८ | ३५९९ | ८३०१ |
| ४४ | सिंहदेवी आधारभूत विद्यालय | वडा नं.४ | १९५४६६४ | ३१ | ६३०५४ |
| ४५ | सुलिकोट आधारभूत विद्यालय | वडा नं.२० | १५८१८९४ | ९ | १७५७६६ |
| ४६ | सुस्ता मनस्थिति बाल कल्याण विद्यालय | वडा नं.१६ | ७०९४०६० | ९४ | ७५४६९ |
| ४७ | सूर्योदय आधारभूत विद्यालय | वडा नं.२० | १३५३९१७ | १९ | ७१२५९ |
| ४८ | हिमाली माध्यमिक विद्यालय | वडा नं.५ | ९७५४०५८ | ७१३ | १३६८० |
| | जम्मा | | ४०५१८२०११ | १३७४८ | ३१६५३१० |

उल्लिखित विवरण अनुसार सबै भन्दा धेरै प्रति विद्यार्थी लागत वाल्मीकि आधारभूत विद्यालयको रू.५३३१७५। र सबै भन्दा कम प्रति विद्यार्थी लागत पव्लिक हाई स्कूलको रू. ८३०१। देखियो। धेरै प्रति विद्यार्थी लागत भएको विद्यालयलाई अन्य विद्यालयहरुमा समायोजन गर्न आवश्यक अध्ययन गरी कार्यान्वियन गर्नुपर्दछ।

४९.४ निजी शिक्षक - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ताका लागि ससर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले ससर्त अनुदान अन्तर्गत दरबन्दी भित्रका प्राथमिक शिक्षक, निम्न माध्यमिक शिक्षक, माध्यमिक शिक्षक तथा प्रारम्भिक बाल विकास शिक्षकहरूबाट पठनपाठन कार्य सञ्चालन गरी निजहरूको तलब भत्तामा खर्च लेखेको अतिरिक्त निम्नानुसार गोश्वार भौचरबाट विद्यालयलाई शिक्षकको तलव भत्ता वापतको रकम निकासा दिएको देखियो। यसरी दरबन्दीभन्दा बाहिर निजी शिक्षक नियुक्त गरी भुक्तानी दिएको अनियमित देखिएको रु.

| गो.भौ.नं.-मिति | बजेट उपशीर्षक | वजेट शिर्षक | विद्यालयको नाम | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|
| २२९। २०८१।६। २० | पालिका चालु | शिक्षा(शिक्षक तथा शैक्षिक सुधार समेत)-नगरप्रमुख भिजन कार्यक्रम | हिमाली मा.वि.धरान ५, सम्यक शिक्षा आ.वि. धरान १७ र अनन्त शिक्षा ज्योती धरान ११ | ५११८१० | गत आर्थिक वर्ष २०८०।८१ को भुक्तानी |
| १४३४। २०८२।१। ९ | पालिका चालु | | सरस्वती माध्यमिक विद्यालय | १२०००० | |
| विभिन्न | वडा नं.५ | बालविकास केन्द्रलाई सपोर्ट कार्यक्रम | हिमाली मा.वि. देउराली र निशानदेवी आ.वि. | २४०००० | |
| विभिन्न | वडा नं.१४ | दन्तकाली माध्यमिक विद्यालय स्कुल शिक्षक पारिश्रमिक | दन्तकाली माध्यमिक विद्यालय | २१०९०० | |
| विभिन्न | वडा नं.१३ | सत्य शाई स्कूल शिक्षक तलब | सत्य शाई स्कूल | २६०००० | |
| जम्मा | | | | १३४२७१० | |

| | |
|---|---|
| अनियमित भएको | १३,४२,७१० |

### ४९.५ सेनिटरी प्याडमा बढी भुक्तानी

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **९,८५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **२४,४८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **३६,०८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **१,०४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **६,२८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **२८३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **२०,१६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **८,६४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१७,८६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४९.६ **स्यानिटरी प्याड** – ५०८।२०८२।३।२० स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ अनुसार न्यूनतम २४०±२० एम एमको साईज हुनुपर्ने र दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी खरिद तथा भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका ४८ सामुदायिक विद्यालयहरुमा कक्षा ६ देखि १२ सम्मका छात्रा विद्यार्थीहरु ३३०६ जना रहेका छन। पालिकाले यो वर्ष प्रति प्याक रु.७२ (एक प्याकमा ८ पिस) का दरले ५८२३६ प्याक स्यानिटरी प्याड खरिदको लागि लागत अनुमान तयार गरी २०८१।१०।२५ गते पहिलो पटक बोलपत्र सुचना आव्हान गर्दा कुनै पनि बोलपत्रदाता ग्राह्य नभएकाले दोस्रो पटक २०८२।२।४ गते सूचना गर्दा सवै भन्दा कम कबोल गर्ने श्री हेल्थ एण्ड हाईजिन प्रोडक्ट प्रालिले रु.३३४८३८३८.५४ कबोल गरेकोमा निजले पेश गरेको नमुना सामान परीक्षण गर्न पठाउदा पालिकाले न्यूनतम ३२० एमएमको साईज उपयुक्त हुने भनि बोलपत्रमा उल्लेख गरेकोमा परीक्षणबाट ३१७ एमएमको साईज मात्र भएको भनि रद्द गरी थप सुचना गर्ने समय अभावले तोकीएको रकम लागत अनुमानको दरले सम्बन्धित विद्यालयलाई निकासा गरेको भनि रु.४७६०६४०। विद्यालयको खातामा वर्षान्तमा निकासा गरेको देखियो। पालिकाले कार्यविधि अनुसार न्युनतम मापदण्ड पुगे पनि खरिद नगरी विद्यालयलाई निकासा गरी सम्बन्धित विद्यालयहरुले खरिद गरेकोमा मापदण्ड अनुसार भए नभएको यकिन हुने गुणस्तर प्रमाणपत्र पेश नगरेकोले रु.१४१२२५७। बढी व्ययभार पारेको देखियो। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखे नराखेको समेत यकिन भएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी सोको आधारमा लागत अनुमान तयार पारी आर्थिक बर्षको सुरुमा नै खरिद प्रक्रिया गरेर समयमा तोके अनुसारका सामान प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्दछ।

४९.७ **छात्र वृति रकम बढी निकासा**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **७,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **४,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **२,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४९.८ **भ्रमण भत्ता भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **५,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४९.९ **कार्यगत अभ्यास सहितको तालिम-** कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७४(पहिलो संसोधन २०७७) अनुसार दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (इन्स्योर) नेपाल सरकार र स्विट्जरल्याण्ड संयुक्त लगानीमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले हेल्भेटास स्विस इन्टरकोअपरेसन नेपालको प्राविधिक सहयोग नेपाली कामदार, बिशेषतः विपन्न समूहका कामदारको निरन्तर रोजगारीका लागि सीप अभिवृद्धि गर्ने तथा व्यापारिक तथा व्यावसायिक संस्थाका लागि दक्ष कामदारको उपलब्धतामा सहयोग पुर्याउने लक्ष्यले यस पालिकामा विगत तीन वर्ष देखि सञ्चालित रहेको छ। पालिकाले सेवा प्रदायक संस्थालाई भुक्तानी गर्दा चार किस्तामा गर्नुपर्ने र कार्यान्वयन पुस्तिकाको बुदाँ १०.२ अनुसार अन्तिम किस्ताको ५ प्रतिशत रकम सीप परीक्षण नतिजा ९० प्रतिशत वा सो भन्दा माथि हुनुपर्ने उल्लेख छ। पालिकाले देहायका सेवा प्रदायक संस्थाबाट तालिम कार्यक्रम संचालन गरेकोमा ९० प्रतिशत नतिजा कुनै पनि तालिममा प्राप्त गरेको देखिएन। पालिकाले सम्झौता गर्दा ८० प्रतिशत भन्दा माथिको नतिजा हासिल गरेमा अन्तिम किस्ता भुक्तानी गर्ने उल्लेख गरे अनुसार भुक्तानी गरेको देखिन्छ।तालिम दिदाँ कार्यविधि अनुसार उतिर्ण गर्ने गरी सेवा प्रदायकले संचालन गर्नुपर्ने तर्फ ध्यान दिनुपर्दछ।

| क्र.सं. | तालिमको नाम | सेवा प्रदायक संस्था | सम्झौता मिति | सम्झौता रकम | प्रशिक्षार्थी | सिप परीक्षणबाट सफल |
|---|---|---|---|---|---|---|
| १ | आल्मुनियम फ्याब्रिकेटर्स | साना व्यवसाय परामर्श साना व्यवसाय परामर्श तथा तालिम केन्द्र प्रा.लि., विरगंज | ६ जुलाई २०२३ | १४,८९,३२० | १७ | ८ |
| २ | वेयल्डर | साना व्यवसाय परामर्श साना व्यवसाय परामर्श तथा तालिम केन्द्र प्रा.लि., विरगंज | ६ जुलाई २०२३ | १४,८९,३२० | १७ | १४ |
| ३ | मोटरसाइकल मेकानिक्स | पाथिभारा हिमालयन पोलिटेक्निक्स इन्सिट्युट, इटहरी | ६ जुलाई २०२३ | १३,६८,४१० | १७ | ३ |
| ४ | विल्डिङ इलेक्ट्रिसियन | गल्फ इन्टरनेश्नल ट्रेनङ्ग, इन्सिट्युट काठमाण्डौ | २९ मार्च २०२४ | १६,७९,४८८.५० | २० | १६ |
| ५ | कुक | एक्सपर्ट टेक्निकल कलेज नेपाल,ईटहरी | २७ मार्च २०२४ | २१,२१, ४८८ | २० | १६ |
| ६ | पलम्बर | एक्सपर्ट टेक्निकल कलेज नेपाल,ईटहरी | २७ मार्च २०२४ | २०,९२, १०८ | २० | १० |
| ७ | कुक | एक्सपर्ट टेक्निकल कलेज नेपाल ,ईटहरी | ९ अप्रिल २०२५ | २०,९२, १०८ | २० ojt मा गएका | |
| ८ | लाइट भेइकल मेकानिक्स | जयन टेक्निकल कलेज अफ टेक्नोलोजी, बुटवल | ९ अप्रिल २०२५ | २०,२४०,८२ | १७ | कक्षा संचालन भईरहेको |

५० **स्वास्थ्य तर्फ**

५०.१ **पारिश्रमिक कर कट्टी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रु **९,५८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५०.२ **औषधि उपचार** - मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाइ औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को बुदा नं ४ मा नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएका संस्था वा संगठन संस्थावाट रोजगारी/निवृतिभरण वा बिदेशी सरकारवाट रोजगार/पेन्सन प्राप्त गरिरहेका ब्यक्तिले मासिक वृति नपाउने उल्लेख छ साथै नेपाल सरकारवाट उपलब्ध गराइदै आएको ज्यरेष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, दलित भत्ता, पिछडिएको भत्ता अपांङ्ग भत्ता लगायत नेपाल सरकारवाट साविकमा पाइ आएको सामाजिक सुरक्षा भत्ता वा यस निर्देशिका बमोजिम उपलव्ध गराइने मध्ये कुनै एक किसिमको भत्ता/मासिक वृति मात्र प्राप्त गर्न सक्ने व्यवस्था रहेको छ । साथै सोही कार्यविधिको बुदा नं ८ मा मन्त्रालय र प्रदेश सरकारको स्वास्थ्य हेर्ने मन्त्रालयले उपचार खर्च सम्वन्धी कार्यको नियमित अनुगमन गर्न सक्ने व्यवस्था रहेको छ। कार्यालयवाट सेवाग्राहीले दोहोरो सुविधा पाउने सम्भावना रहेको साथै मृत्यु पश्चात समेत खातामा रकम जान सक्ने अवस्था देखिएकोले सो सम्वन्धमा पालिकाले आन्तरिक नियन्त्रणको प्रभावकारी व्यवस्था गरी दोहोरो सुविधा निकासा नहुने सुनिश्चितता हुनुपर्दछ।

५१ **कार्यविधिमा भन्दा बढी अनुदान**

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८० को बुँदा नं.१० मा पशुपन्छी तथा मत्स्य विकास पूर्वाधार निर्माणको लागि सार्वजनिक निकायबाट सञ्चालन गरिने हकमा अधिकतम १०० प्रतिशत, कृषक समूह वा सहकारी वा उपभोक्ता समितिको हकमा अधिकतम ८५ प्रतिशत र निजी एवं व्यावसायिक प्रयोजनको हकमा अधिकतम ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिने व्यवस्था छ। पालिकाले देहायका निजि कृषि फर्महरुलाई यस वर्ष ७५ प्रतिशत अनुदान भुक्तानी गरेको देखियो। कार्यविधिमा उल्लेखित शर्त विपरित पालिकाले ७५ प्रतिशत अनुदान दिने निर्णय गरी फर्मलाई अनुदान उपलब्ध गराउनु नियम बिपरित रहेकोले रु.२५२०९५। बढी व्ययभार परेको देखियो। पालिकाले कार्यविधिमा भएको व्यवस्था भन्दा फरक पारी अनुदान दिएको नियम सम्मत नदेखिएको रु

| **गो.भौ/मिति** | **फर्मको नाम** | **सम्झौता रकम** | **लागत सहभागिता** | **विल भर्पाई पेश** | **भुक्तानी** | **बढी व्ययभार** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| २७। २०८२/०२/२८ | मचिन्द्र कृषि तथा पशुपन्छी फर्म | ३२०४८० | ९१९८५ | २९७९३० | २१५९८५ | ७४४८३ | २०८२।२।४ को अनुगमनमा विउ खरिद नगरेको भनि भनेकोमा भुक्तानी दिएको छ। |
| २९। २०८२/०२/२८ | ग्रिन ट्रेडिङ्ग फर्म | ४७४४६० | १३०४९० | ४७४४६० | ३४३९७० | ११८६१५ | २०८२।२।४ को अनुगमनमा विउ खरिद नगरेको भनि भनेकोमा भुक्तानी दिएको छ। |
| ३१। २०८२/०२/२८ | रामलाल तामाङ | २३५९९० | ७०८७३ | २३५९९० | १४६३६८ | ५८९९८ | २०८२।२।४ को अनुगमनमा विउ खरिद नगरेको भनि भनेकोमा भुक्तानी दिएको छ। |
| | **जम्मा** | **१०३०९३०** | **२९३३४८** | **१००८३८०** | **७०६३२३** | **२५२०९५** | |

| | |
|---|---|
| अनियमित भएको | २,५२,०९५ |

## ५२ रोजगारी सृजना

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। कार्यक्रम अन्तर्गत बाटो सरसफाई तथा कच्चि नाली सरसफाईका योजना सञ्चालन गरी पालिका अन्तर्गत २० वडामा सुचिकृत ५२१ बेरोजगार मध्ये यो वर्ष २२ योजना सञ्चालन गरी ७१ जनालाई औसत ९१ दिनले ६४४३ दिन रोजगारी उपलव्ध गराई रु.४१७०३२४। श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ। वर्षको करिब ११ प्रतिशत मात्र रोजगार उपलब्ध गराएर कार्यक्रमको सार्थकता हासिल हुदैन। रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेकोले सोही अनुरुप स्थानीय नागरिकको उत्पादकत्व वृद्धि हुने स्वरोजगारमुलक कार्यक्रममा केन्द्रित हुन पर्दछ।

| वडा नं. | सूचिकृत संख्या | रोजगार संख्या | रोजगार प्रदान जम्मा दिन | प्रति व्यक्ति रोजगार गरेको दिन | कुल खर्च | प्रति व्यक्ति औषत रोजगारी आय | रोजगार प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ० | ० | ० | ० | ० | ० |
| ४ | ७७ | १२ | ११८२ | ९९ | ७८९५७६ | ६५७९८ | १६ |
| ५ | ११८ | १५ | १४५२ | ९९ | ९६९९३६ | ६४६६२ | १३ |
| ६ | ३९ | ४ | ११७ | ९९ | ७८१५६ | १९५३९ | १० |
| ११ | १२३ | १४ | १२६० | ९९ | ८४१६८० | ६०१२० | ११ |
| १३ | ७ | ० | ० | ० | ० | ० | ० |
| १४ | ३ | ० | ० | ० | ० | ० | ० |
| १५ | ४० | १२ | ९१२ | ७६ | ६०९२१६ | ५०७६८ | ३० |
| १६ | १० | ४ | ३२० | ८० | २१३७६० | ५३४४० | ४० |
| १७ | २४ | ० | ० | ० | ० | ० | ० |
| १९ | १३ | ० | ० | ० | ० | ० | ० |
| २० | ६५ | १० | १२०० | १०० | ६६८००० | | १५ |
| जम्मा | ५२१ | ७१ | ६४४३ | | ४१७०३२४ | ३१४३२७ | ११ |

## ५३ कार्यस्थलमा आधारित तालिम

२५९-०८१।१२।११ युवा रोजगारका लागि रुपान्तरण पहल आयोजना सञ्चालन कार्यविधि,२०८० को दफा ३६ बमोजिम आयोजनाले लाभग्राहीहरूको रोजगार योग्य क्षमता विकासका लागि १० दिनसम्मको जीवन उपयोगी सीप विकास र ४० दिनसम्मको कार्यस्थलमा आधारित सीप विकास तालिम (On-The-Job Training) गरी कूल ५० दिनसम्मको सीप विकाससम्बन्धी क्रियाकलाप सञ्चालन गर्न सक्ने उल्लेख छ। पालिकाले वेरोजगार सुचिमा सुचिकृत ४० जनालाई ४० दिने डकर्मी विषयको तालिमका लागि पाथवे नेपाल प्रालिसँग रु.८७८५७५।(भ्याट सहित) मा सम्झौता गरी तालिम २०८१।९।२१ देखि २०८१।११।७ सम्म सञ्चालन गरेको

देखियो। तालिमको लागि पालिकाले ५० दिने कार्य दिन राखी लागत अनुमान तयार पारेकोमा उक्त संस्थाले सिप विकास तालिम र जीवन उपयोगी सिपमा ४५ दिनको कक्षा संचालन गर्ने गरी आर्थिक प्रस्ताव पेश गरेको देखियो। उक्त संस्थाले पेश गरेको कागजात परीक्षण गर्दा तालिममा सहभागिहरुलाई ४० दिनको मात्र हाजिरी गराएको र कक्षा संचालन गरेको प्रमाण पेश गरेको छ। यसरी आर्थिक प्रस्तावमा पेश गरे भन्दा कम अवधिको कक्षा संचालन गरेको देखिएकोले बढी भुक्तानी भएको सम्बन्धित सेवा प्रदायक संस्थाबाट निम्नानुसार असुल गर्नुपर्ने रु.

| शीर्षक | प्रस्ताव दिन | प्रस्ताव दर | कक्षा संचालन दिन | बढी भुक्तानी |
|---|---|---|---|---|
| मुख्य प्रशिक्षक | ४५ | ३५००० | ४० | ५८३३ |
| सहायक प्रशिक्षक | ४५ | ३०००० | ४० | ५००० |
| जम्मा | | | | १०८३३ |

| असुल गर्नुपर्ने | १०,८३३ |
|---|---|

५४ **नमुना विद्यालय भवन निर्माण**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१०,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

५५ **प्रदेश समपुरक अनुदान**

प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेशको प्रदेश समपुरक अनुदान सम्वन्धी कार्यविधि, २०७५ को दफा ४(२) मा समपुरक अनुदान प्रदान गर्दा कुल लागतको वढीमा पैंसट्ठी प्रतिशत सम्म रकम प्रदेश सरकारले समपुरक अनुदानको रुपमा प्रदान गर्न सक्ने व्यवस्था छ। पालिकामा प्रदेश समपुरक अनुदानबाट २० नम्वर वडाको चिण्डेडाँडाबाट धरान मुख्य बजार पुग्ने ग्रामिण सडक योजनाको लागि यस बर्ष रु.१,००,००,०००।०० वजेट विनियोजन भएको देखिन्छ। सो रकममा पालिकाको अंश थप गरी ठेक्का नं.07/DHARAN/WORKS/NCB/081/82 बाट ३७.८६ प्रतिशत घटी रु.८९,९१,९९८।५९ मा निर्माण व्यवसायी सिद्धकाली निर्माण सेवासंग खरिद सम्झौता भई भुक्तानी भएको छ। यस खरिद सम्झौतामा जम्मा रु.८९,२९,९८६।५२ को कार्यसम्पन्न भएको देखिएकोले प्रदेश कार्यविधि अनुसार पैंसट्ठी प्रतिशतले हुने रु.५८,०४,४९१।२४ सम्म वढीमा प्रदेश सरकार श्रोतको खर्च गर्नु मिल्ने देखिएकोमा सम्पूर्ण भुक्तानी प्रदेश सरकार श्रोतबाटनै भएकोले तोकिएको सिलिङ भन्दा रु.३१,२५,४९५।२८ वढी खर्च भएको देखिन्छ। प्रदेश कार्यविधिले तोकेको भन्दा वढी खर्च भएको रकम प्रदेश सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | ३१,२५,४९५ |
|---|---|

५६ **बोलपत्रको मुल्याङ्कन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम २ मा बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाताले सन्तोषजक रुपमा कार्य गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलत रुपमा बुझि वा नबुझि अस्वभाविक न्यून कबोल अङ्क उल्लेख गरेको छ छैन भन्ने कुरा बोलपत्र मूल्याङ्कन समितिले जाँच गर्नुपर्दछ। त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहित स्पष्टिकरण माग गर्नुपर्दछ। मूल्याङ्कन समितिले मागेको स्पष्टिकरण सन्तोषजन भएमा त्यस्तो बोलपत्रदातासँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबर थप कार्यसम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्ने सिफारिस गर्न र स्पष्टिकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष ठेक्का व्यवस्थापन भएका निम्नानुसार निर्माण कार्यको लागत अनुमानको ३७.८६ प्रतिशत सम्म घटेर कबोल अङ्क प्रस्ताव गरी बोलपत्र पेश गरेको छ। लागत अनुमानको करिव ६२ प्रतिशत लागतमा तोकिएको गुणस्तरमा र तोकिएको पारिमाणको कार्य हुन सक्ने अवस्था स्वभाविक नदेखिदा समेत बोलपत्र मूल्याङ्कन समितिले नियममा भएको व्यवस्था

अनुसार दर विश्लेषण सहित स्पष्टिकरण माग गरेको देखिएन। साथै कार्यसम्पादन जमानत समेत तोकिए बमोजिम थप माग नगरी बोलपत्र स्वीकृत गरी सम्झौता गरेको देखियो। लागत अनुमानभन्दा अस्वभाविक न्यून कबोल अङ्क प्रस्ताव भएको अवस्थामा पालिकाले नियममा भएको व्यवस्थाको अनुसरण गरी ठेक्का व्यवस्थापनमा आइपर्ने सम्भाविक जोखिम व्यवस्थापनमा ध्यान दिनुपर्दछ। यस्ता लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कवोल तथा सम्झौता भएका योजनाका विवरण देहायमा उल्लेख छ।

| खरिद सम्झौता नं | कामको विवरण | निर्माण व्यवसायी | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| 07/DHARAN/WORKS/NCB/081/82 | २० नम्वर वडाको चिण्डेडाँडाबाट धरान मुख्य बजार पुग्ने ग्रामिण सडक | सिद्धकाली निर्माण सेवा | १४४८२८४३.२३ | ८९९१९९८.५९ | -३७.८६ |
| 07/DHARAN/WORKS/NCB/080/81 | धरान उपमहानगरपालिकाको कार्यालय भवन निर्माण | शेर- इनोभेटिभ जे . भी . | ९८५२६८८७.४४ | ६९२४८२९१.०१ | -३०.०८ |
| 08/DHARAN/WORKS/NCB/081/082 | तरकारी बजार सेड निर्माण वडा नं. १८ | न्यू थापा निर्माण सेवा | ९२०७४५२.५ | ६३४४७१८.४५ | -३१.०२ |
| 01/DHARAN/WORKS/NCB 081-082 | ज्ञानोदय माध्यमिक विद्यालय भवन निर्माण | माड्वारक कन्स्ट्रक्सक्सन कम्पनी प्रा. लि . | ३४४८५३९.६९ | २४७९६४०.०६ | -२८.०९ |

५७ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

५८ **बीमा नगराएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायी तथा उपभोक्ता समितिले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिए देखि वाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ। पालिकाले देहाय वमोजिमको योजनाहरुको वीमा नगराई उपभोक्ता समिति मार्फत निर्माण कार्य गराएको देखिन्छ। यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरित खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| योजनाको नाम | लागत अनुमान | कार्यसम्पन्न | कैफियत |
|---|---|---|---|
| ज्ञानोदय माध्यमिक विद्यालय भवन निर्माण | ३४४८५३९.६९ | २४७९६४०.०६ | माङ्वारक कन्स्ट्रक्सक्सन कम्पनी प्रा. लि . संग सम्झौता भई काम भएको वीमा नगरेको |
| नेपाल आदिवासी जनजाती संग्रहालय निर्माण | ४८०१५०३.६५ | ३६८८४१८.७ | उपभोक्ता समिति मार्फत भएको काममा वीमा नगराएको |
| धरान ११ १३ र १५ मा अस्फाल्ट कंक्रिट गर्ने कार्य | ६२१५८५५. | ५२३४८१५.४५ | माया इन्टरनेशनल विल्डर्स प्रा. लि . संग सम्झौता भई काम भएको |
| आधारभूत स्वास्थ्य केन्द्र भवन संरचना निर्माण | ३२४६९६८.६६ | ३२३८२४३.७६ | उपभोक्ता समिति मार्फत भएको काममा वीमा नगराएको |

५९ **स्मार्ट वसपार्क**

संघीय सरकार समपुरक कार्यक्रमबाट लागत अनुमान रु.३१,९६,४९,०३४।६४ रहेको स्मार्ट वसपार्क निर्माण धरान ८, ठेक्का नं.06/DHARAN/WORKS/NCB/077/78 को ३६ महिना भित्र निर्माण सम्पन्न गर्नेगरी मिति २०७८।३।३० मा विकोई - गिताञ्जली जे.भी.संग रु.२२,७४,६६,३५३।८२ मा सम्झौता भएको देखिन्छ। दोश्रो पटक म्याद थप पछी मिति २०८१।१२।३० सम्म अवधि कायम भएको यस खरिद सम्झौतामा देखिएको थप व्यहोराहरु देहाय बमोजिम छन्।

५९.१ **लागत अनुमान र भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(२) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा वोलपत्र जमानत वा कार्यसम्पादन जमानत लगायत मोविलाईजेशन र डिमोविलाईजेशन खर्च, वीमा, परामर्शदातालाई दिनुपर्ने सुविधा बापतका कार्यहरु, गुणस्तर परीक्षण, व्यबसायजन्य स्वास्थ्य र सुरक्षा, एज विल्ड नक्सा, कार्यसम्पादन जमानतको कमिशन खर्च लगायतको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र सो भन्दा वाहेक निर्माणकार्यसँग सम्वन्धित आइटमहरुलाई सोही नियमावलीको नियम १० वमोजिम मुख्य आइटममा समावेश गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस खरिद सम्झौतामा परिमाण, डिजाईन तथा स्पेसिफिकेशन स्पष्ट गर्न सकिने फर्निचर र फर्निसिङ्गको कामलाई पिएस आइटममा राखि एम.के.एडभरटाइजिङ नेपाल प्रा.लि.बाट ACP वोर्ड रु.४,४६,६२८।६६ र आरम्भ मल्टि विजनेस हब प्रा.लि.बाट वेटिङ चियर रु.१४,३६,००४।०० को खरिद गरेको विजक पेश गरेर रु.१८,७४,९२८।९३ भुक्तानी दिएको देखियो। यसरी बजारमा सजिलै उपलब्ध हुन सक्ने, परिमाण तथा स्पेसिफिकेशन स्पष्ट गर्न सकिने कार्य पिएसमा राख्ने कार्य नियमविपरित देखिन्छ। नियममा भएको व्यवस्था विपरित प्रतिशपर्धा भन्दा वाहिर राखेर उपर्युक्त फर्निचर र फर्निसिङ्गको कामलाई पिएस आइटममा समावेश गरी पेश भएको विजकको आधारमा भुक्तानी दिएको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १८,७४,९२९ |

५९.२ **पिएस आइटम** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २२ तथा अनुसूची ४ अनुसार काम गर्ने परिस्थिती पूर्वानुमान गर्न नसकिने प्रकृतिको निर्माण कार्य गराउनको लागि लागत शोधभर्ना सम्झौता गर्न सकिने व्यवस्था छ। यो सम्झौता गरी निर्माण कार्य गराउँदा सार्वजनिक निकायको प्रमुखले लागत सोधभर्नाको अधिकतम रकमको सीमा निर्धारण गर्नुपर्ने र सो सीमा भन्दा बढी लागत सोधभर्ना दिनुपर्ने भएको खण्डमा पूर्वस्वीकृति लिनुपर्ने उल्लेख छ। कार्यालयले ठेक्काको प्रोभिजनल सममा राखिएको आइटमवाइज कार्य वापतको भुक्तानी गर्दा निर्माण व्यवसायी वा सेवा प्रदायकबाट पेश भएको खर्चको विलको आधारमा अधिकतम सीमा भित्र रहेर भुक्तानी दिनु पर्दछ। यस खरिद सम्झौतामा देहायको आइटमहरुको लागत शोधभर्ना सम्झौता गर्दा तोकिएको सीमा भन्दा बढी खर्च भएको अनियमित देखिएको रु.

| आइटम नम्वर | विवरण | अधिकतम सीमा | खर्च रकम | सीमा भन्दा बढी खर्च |
|---|---|---|---|---|
| १ | बीमा | १२५००००. | १७१०३८७.९७ | ४६०३८७.९७ |
| ७ | फर्निचर एण्ड फर्निसिङ्ग | १६२५०००. | १८७४९२८.९३ | २४९९२८.९३ |
| जम्मा | | | | ७१०३१६.९ |

| | |
|---|---|
| अनियमित भएको | ७,१०,३१७ |

५९.३ **उपयोगको अवस्था -** वहुवर्षिय ठेक्काको रुपमा आर्थिक बर्ष २०७८।७९ मा खरिद सम्झौता गरी दोश्रो पटक म्याद थप पश्चात मिति २०८१।१२।३० भित्र सम्पन्न गर्नुपर्ने यो योजना म्यादथप पछि तोकिएकै अवधिमा सम्पन्न भएको देखिन्छ। सवारी साधनको बढ्दो चापलाई ध्यानमा राखि हाल सञ्चालनमा रहेको भानुचौक स्थित वसपार्कलाई व्यवस्थित तथा आधुनिक तवरले सञ्चालन तथा स्थानान्तरण गर्ने उद्देश्यका साथ निर्माण भएको यस योजनाको निर्माणकार्य पुरा भए तापनि सञ्चालनमा भने आएको छैन। पालिकाले निर्मित संरचना यथाशिघ्र सञ्चालनमा ल्याउनु पहल गर्नुपर्दछ।

## ६० नाष्ट कार्यालय भवन

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ वमोजिम सार्वजनिक निकायले कुनै खरिद कारवाहीको तयारी गर्दा एकमुष्ठ लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ। स्वीकृत डिपिआर बमोजिम ३२ पिलर सहितको प्लिन्थ एरिया ६१४ स्क्वायर मिटर र प्रत्येक फ्लोरको ६३१ स्क्वायर मिटर एरिया रहेको ३ तले भवन निर्माण कार्यको लागि यस बर्ष रु.२० लाख विनियोजन गरी जम्मा ५ वटा पिलर (Column) को प्लिन्थ लेभल सम्मको काम गर्नेगरी ठेक्का नं.20/DHARAN/WORKS/SQ/081/82 बाट सरस्वती कन्स्ट्रक्सन धरानसंग रु.१४,०८,३०८।८१ मा सम्झौता गरी भुक्तानी दिएको देखिन्छ। पालिकाले यस भवन निर्माणको लागतको श्रोत यकिन नगरी निर्माण प्रारम्भ गर्दा निर्माण कार्य अलपत्र अवस्थामा रहेको छ। विस्तृत परियोजना प्रतिवेदन बमोजिम उक्त भवनको एकमुष्ठ लागत अनुमान र सो को लागतको श्रोत यकिन गरी खरिद सम्झौता गर्नुपर्नेमा उपलव्ध बजेट वमोजिमको लागत अनुमान तयार गरी त्यसै वमोजिम भुक्तानी हुँदा हाल उक्त निर्माण अलपत्र अवस्थामा रहेको देखिन्छ भने पटक पटक बजेट वमोजिमको लागत अनुमान तयार गरी खरिद सम्झौता गर्दा एउटै काम दोहोरो पर्नसक्ने अवस्था पनि छ। निर्माण कार्य सुरु भई सकेको यस प्रकारको संरचनाहरु स्वीकृत डिजाइन वमोजिम सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ। यस बर्ष ३२ पिलर (Column) मध्ये ५ वटाको मात्र प्लिन्थ लेभल सम्मको काम गरेको देखिएको र चालु आर्थिक बर्षमा पनि रु.२० लाख नै बजेट व्यवस्थापन भएको पालिकाको भनाई रहेकोले यस भवनको निर्माण सम्पन्न गर्नु बर्षौ लाग्ने देखिन्छ। निर्माण पुरागर्ने अवधि र उपभोग गर्ने समयको ख्याल नगरी एकमुष्ठ लागत अनुमान वेगर यस बर्ष रु.१४,०८,३०८।८१ खर्च भएको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १४,०८,३०९ |

## ६१ स्वीकृत नर्म्स

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण सम्वन्धी कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्वन्धी नर्म्स भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्री परिषद्बाट स्वीकृत गराई सो वमोजिम लागत अनुमान तयार गर्नुपर्दछ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा आवश्यक निर्माण सामग्रीको दरभाउ, मेशिनरी र उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ। पालिकाले लागत अनुमान रु.१८,७०,२२४।३५ रहेको भुमी पथ इन्टरलक ब्लक निर्माण कार्य वडा नं.१६ को निर्माण कार्य बापत रु.१२,६८,२१२।५३ सम्झौता बमोजिम निर्माण व्यवसायी सरस्वती कन्स्ट्रक्सनलाई भुक्तानी दिएको देखिन्छ। यस खरिद सम्झौताको आइटम नम्वर ७ मा रहेको Interlock tiles including installing leveling all complete 80mm Hydraulic Compressed High density 40N/mm2 Hexagonal/behaton or Equivalent interlocking concrete block 165*200*80 NS certified कार्यमा

कार्यालयबाट स्वीकृत दररेटको प्रयोग नगरी अन्य दररेट प्रयोग गरी लागत अनुमान तयार गरेको छ। आर्थिक बर्ष २०८१।८२ को स्वीकृत नगर दररेटको पाना नं.६९ सि.नं.४.७ मा यस आइटमको प्रति बर्गमिटर ओभरहेड समेत रु.१,९००।९५ हुने देखिएकोमा प्रति बर्गमिटर रु.२,२९२।१२ ले ५७७.५० वर्गमिटरको रु.१३,२३,६९९।३० राखेर लागत अनुमान तयार गर्दा निर्माण व्यवसायीले ३३.४६ प्रतिशत घटी प्रति बर्गमिटर रु.१,५२५।०० कवोल गरे वमोजिम कुल ५६८.८४ बर्गमिटरको रु.८,६७,४८१।०० अन्तिम विल सम्म भुक्तानी दिएको छ। स्वीकृत नगर दररेट अनुसार यस आइटममा प्रति बर्गमिटर रु.१,९००।९५ ले लागत अनुमान तयार गर्दा खरिद सम्झौतामा घटेको ३३.४६ प्रतिशत घटाई प्रति बर्गमिटर रु.१,२६४।८९ ले भुक्तानी हुनुपर्ने देखिन्छ। तर बढी दर राखि लागत अनुमान तयार गरेर खरिद सम्झौता गर्दा प्रति बर्गमिटर रु.२६०।११ ले वढी भुक्तानी भएकोले स्विकृत दररेटको पालना गरी लागत अनुमान तयार गरेर खरिद सम्झौता गर्नुपर्ने देखिन्छ।

६२ **प्रिमिक्सको खपत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण सम्वन्धी कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्वन्धी नर्म्स भए त्यस्तो नर्म्स वमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्रीपरिषद्वाट स्वीकृत गराई स्वीकृत नर्म्स वमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सडक विभागबाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेशन, २०७३ (संशोधन समेत) को क्रमसंख्या १३१० र १३११ मा प्रिमिक्स कंक्रिटको मोटाई २० मि.मि. हुनुपर्ने उल्लेख छ। पालिकाले देहायका सडक योजनाहरुमा विभागको स्पेसिफिकेशनमा प्रिमिक्स कंक्रिटको लागि तोकिएको भन्दा बढी मोटाई राखि प्रिमिक्स कंक्रिट गरी भुक्तानी दिएको छ। ठेक्का नं.10/DHARAN/WORKS/NCB/081/82 को Road Maintenance of various roads on Dharan city योजनाको निर्माण व्यवसायी फ्रेण्डसिप- भट्टराई जे.भी.संग रु.२४१७५९४८।१६ मा सम्झौता गरेको देखिन्छ। यस बर्ष चौथो रनिङ विल सम्म रु.१,८२,६८,४५६।५८ भुक्तानी भएको यस योजनामा विभिन्न सेक्सनमा प्रिमिक्स कंक्रिटको मोटाई ३० मि.मि.राखेर देहाय वमोजिम भुक्तानी दिएको पाईयो। त्यसैगरी शहिद स्मृति मार्ग सडक कालोपत्रे उपभोक्ता समिति मार्फत सञ्चालन भएको योजनामा पनि प्रिमिक्स कंक्रिटको मोटाई ३० मि.मि.राखेर भुक्तानी दिएको देखियो। यसरी स्वीकृत नर्म्सको पालना नगर्ने, २० मि.मि. राखेर काम गर्दा नै हुनेमा बढी खर्च लाग्ने गरी ड्रइङ्ग डिजाइन गर्ने र सो अनुसार ठेक्कापट्टा गर्ने गराउने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ। यसरी स्वीकृत नर्म्सको पालना नभएको कारण बढी भुक्तानी हुन गएको रकम अनियमित देखिएको रु.

| योजनाको नाम | कामको विवरण | काम भएको चेनेजको लम्वाई चौडाई र मोटाई | भुक्तानी भएको कार्यको परिमाण (घ.मि.) | भुक्तानी हुनुपर्ने कार्यको परिमाण (घ.मि.) | फरक परिमाण (घ.मि.) | भुक्तानी दर | वढी भुक्तानी (मु.अ.कर समेत) |
|---|---|---|---|---|---|---|---|
| Road Maintenance of various roads on dharan city | Providing and laying open graded premix carpet of 20mm thickness composed of 13.2 mm to 5.6mm aggregates as wearing course on a previously prepared base as per drawing | विभिन्न ६ सेक्सनमा टालटुलको काम भएकोले लम्वाई चौडाई वरावर नभएको | ३२.६५ (१०८८ sqm* ०.०३) | २१.७७ (१०८८.५०* ०.०२) | १०.८८ | १४५००. | १७८२६८.८ |
| शहिद स्मृति मार्ग सडक कालोपत्रे | Providing and laying open graded premix carpet of 20mm thickness composed of 13.2 mm to 5.6mm aggregates as wearing course on a previously prepared base as per drawing | शहिद मार्ग मुख्य सडक | ३३.४८ (१४५५.५९ sqm* ०.०२३) | २९.१ (१४५५.५९ sqm* ०.०२) | ४.३८ | २१२९४.९८ | ७३६००.९४ (उपभोक्ताको अंश २१.०९ प्रतिशत घटाउदा हुने) |
| जम्मा | | | | | | | २५१८६९.७८ |
| | | | | | | अनियमित भएको | २,५१,८६९ |

## ६३ **ट्याक कोटको भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण सम्वन्धी कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्वन्धी नर्म्स भए त्यस्तो नर्म्स वमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्रीपरिषद्बाट स्वीकृत गराई स्वीकृत नर्म्स वमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सडक विभागबाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेशन, २०७३ (संशोधन समेत) SECTION 1300- BITUMINOUS SURFACE AND BASE CORUSE को पृष्ठ २१६ मा ट्याक कोट प्रति बर्गमिटर औषत ०.४ देखि ०.६ सम्म हुने उल्लेख छ। पालिकाले ठेक्का नं.04/DHARAN/WORKS/NCB/080/81 को Road Maintenance of various roads on Dharan city लगायतको योजनाहरुमा ट्याक कोटको लागत अनुमान तयार गर्दै सडक विभागबाट स्वीकृत भएको स्पेसिफिकेशन भन्दा बढी हुनेगरी राखेको देखिन्छ। यसरी बढी लागत अनुमान तयार हुन गएको कारण खरिद सम्झौता पनि सोही वमोजिम भई बढी भुक्तानी भएको छ। स्वीकृत नर्म्सको पालना नगरी लागत अनुमान तयार गरेर खरिद सम्झौता गर्ने प्राविधिकलाई जिम्मेवार वनाई वढी भुक्तानी भएको रकम सम्वन्धित निर्माण व्यवसायीबाट असूल हुनुपर्ने रु.

| योजनाको नाम | निर्माण व्यवसायी | कामको विवरण | ट्याक कोट प्रयोग भएको क्षेत्रफल (ब.मि.) | ट्याक कोट प्रयोग भएको परिमाण (लि.) | अधिकतम खपत हुनुपर्ने परिमाण (१ बर्गमिटर = ०.६० लि.) | बढी खपत परिमाण (लि.) | भुक्तानी दर | वढी भुक्तानी (मु.अ. कर थप समेत) |
|---|---|---|---|---|---|---|---|---|
| हिरालाल मार्ग धरान १६ | तेजश्वी कन्स्ट्रक्सन | Tack Coat with bitumen by mechanical means | १८७४.७५ | १३४९.८२ | ११२४.८५ | २२४.९७ | १५० | ३८१३२.४२ |
| साम्पाङ्ग मार्ग लुप गणतन्त्र मार्ग सडक | तेजश्वी कन्स्ट्रक्सन | Tack Coat with bitumen by mechanical means | ९७५.६ | ७०२.४३ | ५८५.३६ | ११७.०७ | १५० | १९८४३.३६ |
| वडा नं. १६ पूँजीगत (सागुरी मार्ग लुपमा कालोपत्रे निर्माण कार्य) | लायन कन्स्ट्रक्सन | Tack Coat with bitumen by mechanical means | ९८.५ | ६८.९५ | ५९.१ | ९.८५ | १५४ | १७१४ |
| वडा नं. १५ पूँजीगत (अरनिको मार्ग लुप कालोपत्रे) | जनजाती मार्ग वाटो निर्माण उपभोक्ता समिति | Tack Coat with bitumen by mechanical means | ६७८.५ | ६७८.५ | ४०७.१ | २७१.४ | १३५.२४ | १८३५२.०७ (५० प्रतिशत उ.स. को अंश घटाएर वाँकी) |
| वडा नं. १५ पूँजीगत (गोविन्द मार्ग लुप कालोपत्रे) | गोविन्द मार्ग लुप उपभोक्ता समिति | Tack Coat with bitumen by mechanical means | ४२३.५७ | ४२३.५७ | २५४.१४ | १६९.४३ | १३५.२४ | १४०००.०० ( ३८.९० प्रतिशत उ.स. को अंश घटाएर वाँकी) |
| वडा नं. १५ पूँजीगत (सुनगाभा लुप कालोपत्रे) | सुनगाभा लुप उपभोक्ता समिति | Tack Coat with bitumen by mechanical means | ८४२.७७ | ८४२.७७ | ५०५.६६ | ३३७.११ | १३५.२४ | ५१९६९.०१ (५४.२७ प्रतिशत उ.स. को अंश घटाएर वाँकी ) |
| वडा नं. १५ पूँजीगत (भिषणपथ लुप कालोपत्रे) | भिषणपथ लुप सडक निर्माण उपभोक्ता समिति | Tack Coat with bitumen by mechanical means | ३४४.१८ | ३४४.१८ | २०६.५१ | १३७.६७ | १३५.२४ | ९४०२.३४ (४९.५० प्रतिशत उ.स. को अंश घटाएर वाँकी) |
| वडा नं. १५ पूँजीगत (गर्भलाल मार्ग कालोपत्रे) | गर्भलाल मार्ग कालोपत्रे उपभोक्ता समिति | Tack Coat with bitumen by mechanical means | ६१४.७३ | ६१४.७३ | ३६८.८३ | २४५.९ | १३५.२४ | १३३९१.९९ (५९.७३ प्रतिशत उ.स. को अंश घटाएर वाँकी ) |
| वडा नं. १५ पूँजीगत (पुष्पलाल लुप | विरछाँया मार्ग निर्माण | Tack Coat with bitumen by | ४०६.३५ | ३०४.७६ | २४३.८१ | ६०.९५ | १३५.२४ | ५७६१.७७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विरछाँया मार्ग कालोपत्रे) | उपभोक्ता समिति | mechanical means | | | | | | (३०.१० प्रतिशत उ.स. को अंश घटाएर बाँकी) |
| **जम्मा** | | | | | | | | **१,७२,५६६** |

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२७६,००९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१,८७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७२,५६६ |

६४ **भत्काउँदा निस्कने सामानको उपयोग**

सडक तथा पुल सम्वन्धी कार्यको स्पेशिफिकेशन २०० मा निर्माण भएका पुराना संरचना भत्काउँदा ती संरचना बाट निस्कने अवशेष मुल्य हुने सामग्री कार्यालयको सम्पत्ति हुने र यस्ता सामग्री निर्माण व्यवसायीले जतन साथ संकलन गरी राख्नु पर्ने र उपयोग हुन सक्ने भएमा ईन्जिनियरको निर्देशन अनुसार ती सामग्री उपयोग गर्नु पर्ने उल्लेख छ। प्रयोग हुनसक्ने सामग्री प्रयोग गर्ने गरी लागत अनुमानमा समावेश गर्नुपर्ने र उपयोग हुन नसक्ने तर विक्री हुनसक्ने सामग्री कार्यालयको जिम्मा लिई लिलाम विक्री गर्ने व्यवस्था मिलाउनु पर्दछ। पालिकाले लागत अनुमान रु.८,०५,५४,११३।५३, ठेक्का नं.09/DHARAN/WORKS/NCB/080/81 को सरस्वतीचौक खहरे करिडोर निर्माण कार्यको लागि रु.५,९०,८१,३२१।३४ मा सम्झौता भए वमोजिम निर्माण व्यवसायी देवीथान- बिर- काबिल जे.भी.लाई चौथो रनिङ विल सम्म रु.२,६७,७९,२४१।३४ भुक्तानी दिएको जसमा सोलिङको काम २०४.७६ घनमिटर भएको देखिन्छ। यस खरिद सम्झौतामा आइटम नं.७ र ८ मा रहेको Dismantling of existing structure १२१.०० घनमिटरको भुक्तानी भएको छ। सोही निर्माण कार्यमा पुनः ३४८.१८ घनमिटर स्टोन सोलिङ कार्य गर्नेगरी सम्झौता गर्दा पुरानो स्ट्रक्चरबाट निस्कने ढुंगा प्रयोग गर्न सकिने गरी लागत अनुमात तयार गरी पुनः प्रयोग गर्न सकिने ढुंगाको परिमाण यकिन गरी सोही अनुसार भुक्तानीमा घटाउनु पर्नेमा सो गरेको र प्रयोग नगरकोमा लिलाम बिक्री गरेको पाईएन। तसर्थ पुरानो प्लम वाल लगायतको स्ट्रक्चर हटाउँदा निस्केका ढुंगा प्रयोग भएन भन्न समेत सकिएन। सडकको स्ट्याण्डर्ड स्पेशिफिकेशन अनुसार स्टोन सोलिङमा उक्त ढुङ्गा प्रति घ.मी. ७० प्रतिशत सम्म प्रयोग हुने उल्लेख भए अनुसार १२१ घ.मी.रिटेनिङ वाल लगायतको स्ट्रक्चर भत्काउँदा निस्कने ढुंगा ८४.७० घ.मी.को जिल्ला दर रु.२,०५०।०० ले हुने रु.१,७३,६३५।०० व्ययभार पर्ने गरी लागत अनुमान गरेको देखियो। उक्त निर्माण कार्य अन्तर्गत भत्काउँदा निस्केको ढुंगाको उपयोग गरे/नगरेको यकीन गरेर मात्र रकम भुक्तानी गर्नु पर्दछ।

६५ **अधुरो निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तीमा एक्काईस दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत, बिमा र पेश्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने व्यवस्था छ। पालिकाले ठेक्का नं.08/DHARAN/WORKS/NCB/081/082 को तरकारी बजार सेड निर्माण वडा नं.१८ न्यू थापा निर्माण सेवा संग रु.६३,४४,७१८।४५ मा मिति २०८२।१।२० भित्र सम्पन्न गर्नेगरी सम्झौता गरेको देखियो। खरिद सम्झौता वमोजिम तोकिएको अवधिमा निर्माणस्थलको जग्गाको विषयमा वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र उपमहानगरपालिका विच विवाद भई काम नभएको कारण मिति २०८१।१२।३१ मा निर्माण व्यवसायीले अवधि थपको लागि निवेदन पेश गरे तापनि सो वमोजिम म्याद थप भएको छैन। कार्यालयबाट पेश्की लगायत कुनै पनि विल भुक्तानी नभएको यस खरिद सम्झौतामा उपर्युक्त विवादको कारणले

निर्माण कार्य अगाडी बढ्न नसकेको पालिकाले जनाएको छ। यस खरिद सम्झौताको लेखापरीक्षण अवधि सम्म कुनै प्रगति नभएको, खरिद सम्झौताको अवधि थप पनि नभएको र सम्झौताको अन्त्य गर्ने प्रकृया अगाडी नवढेको कारण काम गर्ने वा नगर्ने निर्क्यौल गरी सो सम्वन्धमा यकिन गर्नुपर्दछ।

६६ **पिएसको भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६७ **उपमहानगरपालिका कार्यालय भवन**

पालिकाले रु.९,८५,२६,८८७।४४ लागत अनुमान भएको धरान उपमहानगरपालिकाको कार्यालय भवन निर्माणको लागि ठेक्का नं.07/DHARAN/WORKS/NCB/080/81 मार्फत निर्माण व्यवसायी शेर- इनोभेटिभ जे.भी.संग रु.६,९२,४८,२९१।०१ (मु.अ.कर समेत) मा १८ महिनामा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०८१।०३।०९ मा सम्झौता गरेको छ। निर्माण कार्यको सम्पन्न गर्नुपर्ने अवधि २०८२।०९।०८ सम्म रहेकोमा दोश्रो रनिङ विल, आर्थिक बर्षको अन्तसम्म रु.२,१२,४९,३५९।८६ भुक्तानी भएको देखिन्छ। यस सम्वन्धमा देखिएको व्यहोरा देहायवमोजिम रहेको छ।

**पेश्की ग्यारेण्टी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३) मा पेश्की दिंदा वाणिज्य बैङ्कको जमानत पेश गर्नु पर्ने र वैङ्क जमानत को मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फर्स्यौट गर्नु पर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा वढी अवधिको हुनु पर्ने व्यवस्था रहेको छ। पालिकाले यस खरिद सम्झौतामा नेपाल बैंक लि.बाट जारी भएको मिति २०८२।३।३१ सम्म मान्य अवधि रहेको रु.५० लाख वरावरको पेश्की जमानतको आधारमा भौचर नम्वर ४ मिति २०८१।६।७ वाट अग्रिम भुक्तानी स्वरुप रु.५० लाख निर्माण व्यवसायीलाई दिएको देखिन्छ। निर्माण कार्यको सम्पन्न गर्नुपर्ने अवधि २०८२।०९।०८ रहेको अवस्थामा कम्तिमा सोही अवधिसम्म म्याद भएको पेश्की जमानत पेश हुनुपर्नेमा सो मितिलाई ख्याल नगरी पेश्की दिएको देखियो। दोश्रो रनिङ विल सम्म रु.११,३५,३५०।०० मात्र पेश्की फर्स्यौट भएको र जमानतको म्याद पनि समाप्त भएको विषयमा छलफल हुँदा हाल खरिद सम्झौताको म्याद थपसंगै पेश्की जमानतको पनि म्याद थप भएको पालिकाले जनाएको छ। कानुनले तोकेको अवधि सम्मको जमानत नराखि खरिद सम्झौता गर्नुको कारण स्पष्ट भएन, यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ।

६८ **आसफाल्ट कंक्रिटको भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण सम्वन्धी कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्वन्धी नर्म्स भए त्यस्तो नर्म्स वमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्रीपरिषद्बाट स्वीकृत गराई स्वीकृत नर्म्स वमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सडक विभागबाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेशन, २०७३ (संशोधन समेत) क्रमसंख्या १३०९ मा अस्फाल्ट कंक्रिटको मोटाई ३०-५० मि.मि. हुनुपर्ने उल्लेख छ। पालिकाले स्पेसिफिकेशनमा तोकिएको भन्दा बढी मोटाई राखि आसफाल्ट कंक्रिट गरेको पाइयो। पालिकाले निर्माण गर्ने सडकको प्रकृति अनुसार उस्तै अन्य सडकहरुमा ४० मि.मि. सम्म आसफाल्ट कंक्रिटको मोटाई राखि लागत अनुमान तयार गरेर निर्माण सम्पन्न गरेको देखिन्छ। तर ठेक्का नं. 12/DHARAN/WORKS/NCB/079/80 को सहिदमार्ग सडक निर्माण धरान १५ मा भने सो भन्दा बढी राखेर लागत अनुमान तयार गरेको पाईयो। यसरी लागत अनुमान बढी तयार हुन गएको कारण सोही वमोजिम खरिद सम्झौता हुँदा बढी भुक्तानी भएको देखिन्छ। यसरी उस्तै प्रकृतिको अन्य सडकमा भन्दा वढी परिमाण हुनेगरी लागत अनुमान तयार गरेर खरिद सम्झौता अनुसार भुक्तानी भएको अनियमित देखिएको रु.

| योजनाको नाम | निर्माण व्यवसायीको नाम | कामको विवरण | काम हुने चेनेज लम्वाई चौडाई र उचाई | भुक्तानी हुने परिमाण (घनमिटर) | भुक्तानी हुनुपर्ने परिमाण (घनमिटर) | भुक्तानी हुने दर | रकम |
|---|---|---|---|---|---|---|---|
| सहिदमार्ग सडक निर्माण धरान १५ | ब्राइट बुल निर्माण सेवा | Providing and laying Asphalt concrete | १०१९.७२ मि.* ९.२५मि. (औषत चौडाई) र ०.०५ मि. | ४७१.६३ | ३७७.२९<br>(१०१९.७२मि.* ९.२५मि.* ०.०४मि.) | २४५००. | २३११३३० |
| | | | | | | अनियमित भएको | २३,११,३३० |

६९ **उपभोक्ता समितिबाट जटिल संरचना निर्माण**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिए बमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिनरी औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले जटिल प्राविधिक पक्ष समावेश भएको भवन लगायतको संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो। यस्ता कार्य उपभोक्ता समिति मार्फत गर्दा गुणस्तर परीक्षण लगायतको काम पनि नभएकोले निर्मित संरचनाहरुको गुणस्तरियताको सम्वन्धमा पनि आश्वस्त हुने आधार छैन। यस्ता निर्माण कार्यहरु प्रतिश्पर्धाको माध्यमबाट गर्दा उपयुक्त हुने देखिन्छ। यस वर्ष उपभोक्ता समिति मार्फत भएका जटिल संरचना निर्माणका केही उदाहरणहरु देहाय वमोजिम रहेका छन्।

| भौ. नं ./ मिति | योजनाको नाम | उपभोक्ता समिति | भुक्तानी रकम | कार्यसम्पन्न रकम | कैफियत |
|---|---|---|---|---|---|
| ६३- २०८२।३।२५ | बहुजातीय संग्रहालय धरान १४ | नेपाल आदिवासी जनजाती महासंघ बहुजातीय संग्रहालय निर्माण समिति | ३४५६८१०. | ३६८८४१८.७ | |
| ८- २०८२।२।११ | आधारभूत स्वास्थ्य केन्द्र भवन संरचना धरान १५ | आधारभूत स्वास्थ्य केन्द्र भवन संरचना निर्माण समिति | ३२४६९६८.६६ | ३२३८२४३.७६ | |

७० **सामाजिक सुरक्षा तर्फ**

७०.१ **चौमासिक वितरण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तर्फ २० वडाका लाभग्राहीको खातामा भत्ता रकम जम्मा गर्न बैंक मार्फत प्रथम त्रैमासिकमा रु.१३६७८५७९१।, दोस्रो त्रैमासिकमा रु.१४१७५५३६१।, तेस्रो त्रैमासिकमा रु.१४४७०५७२२। र चौथो त्रैमासिकमा रु.१४७४००४०३। समेत रु.५७०६४७२७७। निकासा गरेको छ। जसको वडागत विवरण निम्नानुसार रहेको छ:

| लाभग्राही | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौँथो त्रैमासिक | | जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|---|
| | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | |
| अन्य जेष्ठ नागरिक भत्ता | ८०२१ | ९५५३९९३२ | ८३५८ | ९९३३००६३ | ८५६० | १०१४०८५१० | ८७०२ | १०३७०७२९० | ३९९९८५७९५ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ६१२ | ४८२७९०० | ६३४ | ४९९५४८० | ६४२ | ५०४९२८० | ६५६ | ५१५२४२० | २००२५०८० |
| जेष्ठ नागरिक एकल महिला | १२५४ | ९९५०८११ | १२५७ | ९९५१०६० | १२३९ | ९८०९३०८ | ११८२ | ९४१५०२७ | ३९१२६२०६ |
| विधवा | २४०१ | १८९७६५२३ | २५१७ | १९७६९१२० | २६१० | २०५७०५६१ | २६८० | २११६५०१९ | ८०४८१२२३ |
| पूर्ण अपाङ्गता भत्ता | १९५ | २३२६१७० | १९६ | २३३८१४० | १९८ | २३६६०७० | २०० | २३९४००० | ९४२४३८० |
| अति अशक्त अपाङ्गता भत्ता | ६८३ | ४२९६४३२ | ७०३ | ४४५२६९९ | ७१२ | ४५३०८३६ | ७१६ | ४५६४५६० | १७८४४५२७ |
| दलित बालबालिका | ५६२ | ८६८०२३ | ६१३ | ९१८७९९ | ६३४ | ९७११५७ | ६५१ | १००२०८७ | ३७६००६६ |
| जम्मा | १३७२८ | १३६७८५७९१ | १४२७८ | १४१७५५३६१ | १४५९५ | १४४७०५७२२ | १४७८७ | १४७४००४०३ | ५७०६४७२७७ |

७०.२ **वडागत सामाजिक सुरक्षा खर्च** - यस पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत यस बर्षमा विभिन्न बैँकबाट जम्मा रु.५७०६४७२७७। वितरण गरेको विवरण उपलब्ध गराएकोमा वर्गगत सामाजिक सुरक्षा भत्ता वितरणको विवरण निम्नानुसार रहेको छ:

| वडामा भएको खर्च | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | जम्मा खर्च |
|---|---|---|---|---|---|
| १ | ४६२५३७६ | ४७१४६६१ | ४७५४७४२ | ४८१३३२५ | १८९०८१०४ |
| २ | ३१०३३५० | ३१६१३४३ | ३२७२०६३ | ३३६९७८८ | १२९०६५४४ |
| ३ | ४७६०८६८ | ४७९६५६० | ४८३७४९० | ४८३१२२८ | १९२२६१४६ |
| ४ | ३७१५६९० | ३७३७७३८ | ३७५९०५८ | ३८१७७७८ | १५०३०२६४ |
| ५ | ८९७३६८१ | ९१९४४९६ | ९३२६९३५ | ९५२१७४२ | ३७०१६८५४ |
| ६ | ८३८७४४४ | ८५६८५२७ | ८५४१२३७ | ८७०२८३२ | ३४२०००४० |
| ७ | २९२१४०८ | ३०२५०४४ | ३१२१५६४ | ३२०६८२४ | १२२७४८४० |
| ८ | ११३०८५०० | ११६५३३३७ | ११८६९३६० | १२०१३५३७ | ४६८४४७३४ |
| ९ | ३१०३६७२ | ३१७०३४७ | ३२५२३५५ | ३३१८४६८ | १२८४४८४२ |
| १० | ५७२१४०८ | ५९०८५२८ | ६०२७४८६ | ६१२६९१६ | २३७८४३३८ |
| ११ | ११०१०५४८ | ११६४७७१४ | १२०११६१० | १२३६८०९९ | ४७०३७९७१ |
| १२ | ४४२८१८० | ४५०१९९२ | ४५६७८२५ | ४६२३४९५ | १८१२१४९२ |
| १३ | ८४७६५२० | ८९१२६४१ | ८९९७७०७ | ८९९८६३५ | ३५३८५५०३ |
| १४ | ४३३५५४० | ४४००२११ | ४४३४४५६ | ४४९५३९६ | १७६६५६०३ |
| १५ | १७७८२९४५ | १८९२८८८८ | १९५६५१२५ | २००२७७८४ | ७६३०४७४२ |
| १६ | ११३३७१५५ | ११७८३७२६ | १२०५०३२९ | १२३०८५४३ | ४७४७९७५३ |
| १७ | ११७८३२०१ | १२२२७४६४ | १२५४७१२५ | १२७५६०२६ | ४९३१३८१६ |
| १८ | २४०४४७८ | २५८४४३८ | २७००३९८ | २९०१८१४ | १०५९११२८ |
| १९ | ५३२९४५७ | ५५४२३६० | ५६७४३७९ | ५७८८४१३ | २२३३४६०९ |
| २० | ३२७६३७० | ३२९५३४६ | ३३९४४७८ | ३४०९७६० | १३३७५९५४ |
| जम्मा | १३६७८५७९१ | १४१७५५३६१ | १४४७०५७२२ | १४७४००४०३ | ५७०६४७२७७ |

७०.३ **पारदर्शिता** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा कार्यालयले उल्लिखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

७०.४ **अनुगमन तथा निरीक्षण** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले सो कार्य गरेको पाइएन। यस तर्फ पालिका क्रियाशिल हुनुपर्ने देखिन्छ।

७०.५ **निस्कृय खाताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ अनुसार मृत्यु भएमा बसाई सरी गएमा एकल वा विधवा महिलाले विवाह गरेमा नवीकरण नगरेमा एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम बैङ्क मार्फत वितरण नभएकाका निष्क्रिय खाता भएमा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नु पर्ने व्यवस्था छ । पालिकाको सामाजिक सुरक्षा शाखाबाट दिएको विवरण अनुसार नेपाल इन्भेष्टमेन्ट मेघा बैंकमा खाता रहेका ६७७ जना लाभग्राहीहरुको लगत कट्टा गरी सके पनि रु.४०५३१९४.९२ बाँकी रहेको र राष्ट्रिय बाणिज्य बैंकमा खाता रहेका २८१३ जना लाभग्राहीहरूको रु.२०६१०२६१। गरी जम्मा रु.२४६६३४५५।९२ रकम रकम निस्कृय (Dormant) खातामा अन्तिम कारोवार सन २०२३ देखि हालसम्म कुनै कारोवार नभएका खाता रहेको देखिएकोले बाँकी रकम यकिन गरी बैकबाट फिर्ता गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ७०.५.१ | नेपाल इन्भेष्टमेन्ट मेघा बैंकमा | ४,०५३,१९५ |
| ७०.५.२ | राष्ट्रिय बाणिज्य बैंक | २०,६१०,२६१ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४६,६३,४५६ |

## ७१ वडा कार्यालयहरु तर्फको व्यहोरा

७१.१ **अन्य कार्यालयको खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। वडा कार्यालयहरूले आफ्नो कार्य क्षेत्रभन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि निम्नानुसार खर्च गरेको कार्य मनासिब देखिएन। यस्तो प्रकृतिको खर्चले थप व्ययभारमात्र वढ्दै जाने हुँदा खर्च नियमसम्मत नदेखिएको रु.

| गोश्वारा भौचर नं. र मिति | बजेट उपशीर्षक | विवरण | प्रयोजन | खर्च रकम रु. |
|---|---|---|---|---|
| १६३।२०८२।३।२५ | वडा नं.२ चालु | ट्राफिक कार्यालय धरानलाई हस्तान्तरण गर्न १ थान कम्प्युटर मोनिटर खरिद | कम्प्यूटर सामाग्री | १९५०० |
| ३७।२०८१।१०।६ | वडा नं.११ चालु | मौलो पुजा वापतको भुक्तानी | मौलो पुजा | ६००० |
| ३०।२०८२।७।६ | वडा नं.१३ चालु | अस्थायी प्रहरी चौकी अमरहाटको सवारी मर्मत गरेवापतको विल अनुसारको रकम भुक्तानी गरिएको | सवारी मर्मत | ९९५० |
| विभिन्न | वडा नं.१३ चालु | अस्थायी प्रहरी चौकी अमरहाटका प्रहरीको इन्धन | इन्धन | १६२५१ |
| २५।२०८१।६।१३ | वडा नं.१५ चालु | मौलो पुजा वापतको भुक्तानी | मौलो पुजा | १५००० |
| ८८।२०८१।१२।५ | वडा नं.१५ चालु | १५ नं वडा प्रहरी कार्यालयको इन्टरनेट शुल्क खर्चबापतको | इन्टरनेट शुल्क | ४००० |
| ७।२०८१।६।१३ | वडा नं.१६ चालु | १६ नं. वडा कार्यालयमा रहेको प्रहरी विटका दैनिक ५०० का दरले २५ दिनको लागि मोटरसाईकल भाडामा लिए वापत | गस्ती | १२५०० |
| १९।२०८२।२।२ | वडा नं.१६ पुँजीगत | अस्थाई प्रहरी विट जोर सखुवाका लागि सामाग्री खरिद | मसलन्द सामाग्री | १०७९६ |
| ९।२०८१।६।२२ | वडा नं.१८ चालु | ट्राफिक प्रहरी कार्यालयको सवारी साधन मर्मत खर्च | सवारी मर्मत | ७५००० |
| २५।२०८१।८।१९ | वडा नं.१८ चालु | इलाका प्रहरी भवनको भूइमा टायल लगाउने कार्य | भवन मर्मत | १८६६१५ |
| जम्मा | | | | ३५५६१२ |

| | |
|---|---|
| अनियमित भएको | ३,५५,६१२ |

७१.२ **घटि कर कट्टि** - आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८८क, ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नु पूर्व नियमानुसार अग्रीम कर कट्टि गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा नमूना छनौट गरी परीक्षण गर्दा वडा कार्यालयले निम्नानुसारको भुक्तानीमा ऐनले गरेको व्यवस्था बमोजिमको कर कट्टि गरेको देखिएन। अतः देहायका सम्बन्धित फर्म तथा व्यक्तिबाट कर वापत लाग्ने रकम असुल गर्नु पर्ने रू.

| भौचर नं | वडा नं. | विवरण | भुक्तानी पाउने | बजेट खर्च रकम रु. | कर कट्टि गर्नु पर्ने रु. | कर कट्टि रकम रु. | असुल गर्नुपर्ने रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १०८ | २ | युवा युवतीलाई बारिष्टा तालिम | कफी एण्ड बारिष्टा एकेडेमी | १४७२२५ | २२०८४ | ७३९६ | १४६८८ | टुक्रे विल पेश गरेको । |
| ५७ | ८ | गोधुली गोल्डकपको लागि | द राईजिङ्ग क्लव | १००००० | १५००० | १६८६ | १३३१४ | ८ थान विभिन्न टुक्रे विल पेश |
| ६४ | १५ | याक्थुङ सिने अवार्ड संचालन | याक्थुङ चलचित्र कर्मि संघ नेपाल | १००००० | १५००० | १५०० | १३५०० | ९ थान टुक्रे विल पेश गरेको |
| ५, १३ , ४१ , ७० , ७२ , १२६ र १४५ | १६ | विभिन्न सामाग्री खरिद | सीता ग्रोसरी | २५६७३७ | ३८५१० | ३८५१ | ३४६५९ | कम्प्यूटरबाट तयार गरी प्रिन्ट गरेको विजक पेश गरेको। |
| १२४ | १८ | डस्बिन खरिद वापत | श्री गीता स्टोर | ७४९८७ | ११२४८ | ११२५ | १०१२३ | ४ थान टुक्रे विल पेश गरेको |
| जम्मा | | | | | | | ८६२८४ | |

| असुल गर्नुपर्ने | ८६,२८४ |
|---|---|

७१.३ **वडा कर्मचारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा गाउँपालिका तथा नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाइ सम्बन्धी पदमा स्थायी पदपूर्ती नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्ने र सो बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न नपाइने उल्लेख छ। साथै सोही ऐनको दफा १६ (ग) मा वडा अध्यक्षको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था भएकोमा कर्मचारी नियुक्तको अधिकार उल्लेख गरेको देखिदैन्। पालिकाले विना प्रतिस्पर्धा वडा कार्यालयतर्फ वडा अध्यक्षको अधिकारक्षेत्र बाहिर करारमा कर्मचारी नियुक्त गरी मासिक रुपमा पारिश्रमिक भुक्तानी भएको देखिन्छ। वडा कार्यालयमा कर्मचारी आवश्यक भएमा वडा कार्यालयले पालिकामा माग गर्ने र पालिकाले मागको औचित्य समेतलाई ध्यान दिई मितव्यायी तवरले कर्मचारी नियुक्त गरी खर्च गर्नु पर्ने र सो को विवरण पालिकामा रहने व्यवस्था गर्नु पर्दछ। यसरी पालिकामा समन्वय नगरी वडा अध्यक्षको अधिकार क्षेत्र बाहिर तथा वडा सचिवको अख्तियारीभन्दा बाहिर कर्मचारी नियुक्त गराई वार्षिक तलव भुक्तानी गरेको देखिएकोले यस्तो कार्यमा नियन्त्रण गरी दरबन्दी स्वीकृत गराएर मात्र कर्मचारी पदपूर्ती गर्नु पर्दछ।

| सि.नं. | वडा नं. | कर्मचारी संख्या | कर्मचारीको पद | वार्षिक खर्च रकम (चाडपर्व खर्च र पोशाक समेत) रु. |
|---|---|---|---|---|
| १ | १ | ३ | कार्यलय सहयोगी २ र सरसफाई १ | ६२४००० |
| २ | २ | ७ | बाल सहजकर्ता १, सहायक कर्मचारी १ , कार्यालय सहयोगी १ , कार्यालयको सरसफाई १ , माछाभौडी सरसफाई १ , भानुपार्क सरसफाई १ र माली १ जना | १०४२००० |
| ३ | ३ | ४ | कार्यालय सहयोगी २ र डोर हाजिरी २ | ७३४४७६ |
| ४ | ४ | ४ | सामाजिक परिचालन २ र कार्यालय सहयोगी २ | ९८२८४८ |
| ५ | ५ | ५ | सामाजिक परिचालनक १, बाल सहजकर्ता १ , महिला सहजकर्ता १ , कार्यालय सहयोगी १ र माली १ | १४५४००० |
| ६ | ६ | ४ | कार्यालय सहयोगी ४ | ९६२००० |
| ७ | ७ | ४ | कम्प्युटर अपरेटर २, कार्यालय सहयोगी १ र पार्क हेरालु १ | ५९४९२४ |
| ८ | ८ | ५ | वालवालिका सम्पर्क व्यक्ति १, सहायक कर्मचारी , कार्यालय सहयोगी १ , सरसफाई १ र अपाङ्ग सहकर्ता १ जना | ११३४००० |
| ९ | ९ | ४ | प्रशासन सहयोगी १ , कर संकलक १ , कार्यालय सहयोगी १ र डोर हाजिरी १ | ८७०००० |
| १० | १० | ५ | सामाजिक परिचालक १, सहायक कर्मचारी १ , कम्प्यूटर अपरेटर १ र कार्यालय सहयोगी २ | ११४१०९० |
| ११ | ११ | ४ | कार्यालय सहयोगी ३ र सरसफाई १ जना | ९४२३०० |
| १२ | १२ | ३ | कम्प्यूटर अपरेटर १, सहायक कम्प्यूटर अपरेटर १ र कार्यालय सहयोगी १ | ७८३००० |
| १३ | १३ | ३ | करार सम्झौतामा पद उल्लेख नभएको । | ७१९००० |
| १४ | १४ | ५ | कम्प्यूटर अपरेटर १, सहायक कम्प्यूटर अपरेटर १ र कार्यालय सहयोगी २ र सरसफाई कर्मी १ | ८६३००० |
| १५ | १५ | १० | राजस्व सहयोगी २, सहायक कर्मचारी २ , कार्यालय सहयोगी २ , विद्युत सहायक २ , कुचीकार १ र अपाङ्ग सहजकर्ता १ | २६८४६२० |
| १६ | १६ | ४ | कार्यालय सहयोगी २, कम्प्यूटर सहयोगी १ र सरसफाई १ | ८२२००० |
| १७ | १७ | ४ | करार सम्झौतामा पद उल्लेख नभएको । | १०८५५०० |
| १८ | १८ | ५ | कर सहयोगी १, पञ्जिकरण सहयोगी २ , कार्यालय सहयोगी २ | १०९५१३३ |
| १९ | १९ | ४ | चौकीदार १, कार्यालय सहयोगी १, माली १ र सरसफाई १ | १०९३००० |
| २० | २० | ४ | कार्यालय सहयोगी २, माली १ र डोर हाजिरी १ | ८९५५५० |
| जम्मा | | | | २०५२२४४१ |

७१.४ **वडाबाट आर्थिक सहायता** - धरान उपमहानगरपालिकाको खर्च व्यवस्थापन कार्यविधि, २०७८ को दफा २९ मा विपन्न तथा अशक्तहरूलाई तत्काल कुनै पनि आर्थिक सहयोग प्रदान गर्नु परेमा नगर प्रमुखको निर्णयबाट रु.१०००० सम्म र सो भन्दा बढी प्रदान गर्नु परेमा कार्यपालिकाको निर्णयबाट प्रदान गर्न सकिने उल्लेख छ। वडा अध्यक्षको तोक आदेशका आधारमा सहायता वितरण सम्बन्धी कुनै व्यवस्था देखिदैन। पालिकाअन्तर्गतका निम्नानुसारका वडा कार्यालयहरूले सो व्यवस्थाको विपरित हुने गरी वडा अध्यक्षको तोक आदेशका आधारमा निम्नानुसार सहायता वितरण गरेको देखियो। अत: कार्यविधिको व्यवस्था विपरित हुने गरी वितरण गरेको सहायता वापतको भुक्तानी नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं.-मिति | वडा नं. | प्राप्त गर्नेको संख्या | सहायता वितरणको कारण | वितरण रकम रु. |
|---|---|---|---|---|
| १०८।२०८२।२।२८ | १ | १ | क्यान्सर पिडितलाई सहयोग | २००० |
| ६४।२०८१।११।११ | १२ | १ | मृगौला प्रत्यारोपन तथा नियमित चेकजाँच गर्न सहयोग | २५००० |
| ११४।२०८२।३।२ | १३ | १ | क्यान्सर पिडितलाई सहयोग | २००० |
| ४२।२०८१।८।१२ | १५ | १ | गेन्द्र बराइलीलाई वडा समितिको निर्णय बमोजिम मुडा बनाउनको लागी धोगो लगायतको सामाग्री खरिदबापतको | ५००० |
| १९२।२०८२।३।२२ | १७ | १ | असाहय गरिब दिर्घरोगिलाई औषधि खरिद बापतको रकम भुक्तानी | ८००० |
| ११८।२०८१।६।८ | १९ | २ | असाहय गरिब दिर्घरोगिलाई औषधि खरिद बापतको रकम भुक्तानी | २०००० |
| जम्मा | | | | ६२००० |

| अनियमित भएको | ६२,००० |
|---|---|

७१.५ **अवलोकन भ्रमण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन आवश्यक बिल,भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ। कार्यालयले अवलोकन भ्रमण खर्चको भुक्तानी दिँदा भ्रमण खर्च नियमावली, २०६४ ले निर्धारण गरेको दरको आधारमा भ्रमण आदेश स्वीकृत गराएर मात्र अवलोकन भ्रमण खर्च भुक्तानी दिनु पर्नेमा सो नगरी भ्रमण अवधीमा विभिन्न मितिमा भएको खाना, खाजा तथा होटल बासको विल संलग्न गरी भुक्तानी दिएको देखियो। यसरी भ्रमण खर्च नियमावलीले तोकेको दरभन्दा बढी हुने गरी पेश गरेको विलका आधारमा दैनिक भत्ताभन्दा बढी हुने गरी भुक्तानी दिएको रकम सोधभर्ना भुक्तानी लिनेबाट असुल गर्नु पर्ने रु.

| **गो.भौ.नं. र वडा** | **कूल भुक्तानी रकम(गाडी भाडा लगायत)** | **कार्यक्रमको नाम** | **भुक्तानी पाउने** | **अवलोकन भ्रमण गरेको स्थान** | **भ्रमण अवधी र संख्या** | **पाउने दैनिक दर र अवधी** | **भुक्तानी पाउने रकम** | **भुक्तानी भएको रकम (खाना, खाजा र होटल बील खर्च)** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|---|---|---|---|
| ९८ (वडा नं.१०) | ३२६६४२ | वडा बाल सञ्जालका प्रतिनिधि जनप्रतिनिधि र कर्मचारीहरुको अवलोकन भ्रमण | वडा कर्मचारी प्रतिमा ताम्राकार | लुम्बिनी पाल्पा र पोखरा | ३७ जना | १*३.२५*१६००<br>४*३.२५*१५००<br>१*३.२५*१२००<br>३१*३.२५*१००० | १२९३५० | १९७९६५ | ६८६१५ |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **२८,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **५५,६७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **५४,८३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६८,६१५ |

७१.६ **हर्जना भुक्तानी -** बिद्युत, खानेपानी तथा टेलिफोन महशुल जस्ता अनिवार्य प्रकृतिका मासिक रुपमा गर्नु पर्ने उपभोग वापतको भुक्तानीमा जरिवना नतिर्ने बरु छुट लिने गरी समयमै विल भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ। नमूना परीक्षण गर्दा निम्नानुसारका वडा कार्यालयले बिद्युत महशुल भुक्तानी गर्दा ५ देखि २५ प्रतिशतसम्म थप हर्जना भुक्तानी गर्ने गरेको देखियो। वडा कार्यालयले समयमै विल भुक्तानी नगर्दा थप दायित्व सिर्जना भई बढी भुक्तानी गर्ने गरेकोले समयमै विल भुक्तानी गरी रिवेट लिने तर्फ ध्यान दिनुपर्दछ। यसरी थप दायित्व श्रृजना हुने गरी गरेको भुक्तानी नियमसंगत नदेखिएको रु.

| गो. भौ . नं .- मिति | बजेट शीर्षक | भुक्तानी पाउने | जम्मा महशुल भुक्तानी रु. | हर्जना भुक्तानी रु. |
|---|---|---|---|---|
| २८।२०८१।८।१२ | वडा नं.११ चालु | नेपाल बिधुत प्राधिकरण धरान | ३०००० | १३२६ |
| १६४।२०८२।३।२४ | वडा नं.११ चालु | नेपाल बिधुत प्राधिकरण धरान | १२४८० | २४९६ |
| ५।२०८१।६।१३ | वडा नं.१३ चालु | नेपाल बिधुत प्राधिकरण धरान | ७६६० | ९९१ |
| ४८।२०८१।८।२० | वडा नं.१५ चालु | नेपाल बिधुत प्राधिकरण धरान | ४७९८५ | ९२९१ |
| ११५।२०८२।१।२३ | वडा नं.१५ चालु | नेपाल बिधुत प्राधिकरण धरान | १००००० | १५९६७ |
| १९।२०८१।७।१२ | वडा नं.१८ चालु | नेपाल बिधुत प्राधिकरण धरान | ६१३५० | ७६०१ |
| ३७।२०८१।९।२३ | वडा नं.१८ चालु | नेपाल बिधुत प्राधिकरण धरान | १६९१० | ३२४३ |
| जम्मा | | | २७६३८५ | ४०९१५ |

| | |
|---|---|
| अनियमित भएको | ४०,९१५ |

७१.७ **वडा कार्यालय इन्धन** - धरान उपमहानगरपालिका खर्च व्यवस्थापन कार्यविधि, २०७८ को दफा १२ मा इन्धनसुविधा सम्बन्धी व्यवस्था रहेको छ। सोही दफाको उपदफा २ मा वडा सचिवहरुको हकमा वडा नं.४, ५ र २० का वडा सचिवलाई मासिक बढीमा १० लिटरसम्म र अन्य वडाका वडा सचिवहरुलाई मासिक वढीमा ६ लिटरसम्म पेट्रोल वडाहरुबाटै उपलब्ध गराउन सकिने र उपदफा ४ मा वडाका प्राविधिकहरुको हकमा वडा नं.४ लाई मासिक वढीमा १५ लिटर, वडा नं.५ लाई बढीमा १० लिटर र वडा नं.२० लाई बढीमा २० लिटरसम्म र अन्य वडाहरुको हकमा बढीमा ६ लिटरसम्म पेट्रोलको सुविधा वडाहरुबाटै उपलब्ध गराउन सकिने व्यवस्था गरेको छ। पालिकाले सवारी साधन उपलब्ध नगराएको अवस्थामा निजी सवारीलाई समेत इन्धन उपलब्ध गराएको छ। वडा अध्यक्ष र वडा सदस्यलाई पदाधिकारी सुविधामा उल्लेखित यातायात सुविधाको रकम सम्बन्धित पदाधिकारीको खातामा नै मासिक रुपमा उपलब्ध गराउने गरेकोले पदाधिकारी इन्धन सुविधा वडा कार्यालयबाट उपलब्ध गराईरहनु पर्ने अवस्था छैन्। वडा कार्यालयहरूले इन्धन शीर्षकमा बजेट विनियोजन गरी निम्नानुसार २० वडाले रु.३३६१३७३.०० खर्च गरेकोमा सो कार्यविधिले तोकेको सीमाभन्दा बढी हुने गरी इन्धन सुविधामा खर्च गरेको देखिन्छ। वडा कार्यालयको कार्यक्षेत्र भित्र रहेका सुरक्षा निकायहरूको इन्धन खर्च समेत वडा कार्यालयबाट उपलब्ध गराउने गरिएकोले सो खर्च बढी हुन गएको वडा कार्यालयहरूको भनाई रहेको छ। सुरक्षा निकाय छुट्टै अस्तित्व भएको संघीय मन्त्रालय अन्तर्गतको कार्यालयहरू भएको हुँदा सो निकायहरूको खर्च सम्बन्धी मन्त्रालयबाट कार्यालयगत रुपमा उपलब्ध हुने व्यवस्था रहन्छ। वडा कार्यालयहरूले पालिकाले तयार गरेको कार्यविधिको पूर्ण पालना गरी सोही बमोजिम इन्धन सुविधाको खर्च लेख्ने, प्रयोगको अभिलेख (लगबुक) अद्यावधिक गरी राख्नु पर्ने र खर्चमा मितव्ययीता कायम गर्नु पर्ने देखिन्छ।

| सि.नं. | वडा नं. | वडा कार्यालयको लागि उपलब्ध गराईएको सवारी संख्या | सवारीको किसिम | बजेट विनियोजन रु. | खर्च रु. |
|---|---|---|---|---|---|
| १ | १ | उपलब्ध नगराएको | - | १००००० | १००००० |
| २ | २ | उपलब्ध नगराएको | - | १००००० | ६८७१६ |
| ३ | ३ | उपलब्ध नगराएको | - | ९५००० | ९५००० |
| ४ | ४ | २ | मोटरसाईकल | १५०००० | ११८००२ |
| ५ | ५ | १ | मोटरसाईकल | ३३६००० | २८९१२१ |
| ६ | ६ | २ | मोटरसाईकल र स्कुटर | २६२००० | २६२००० |
| ७ | ७ | उपलब्ध नगराएको | - | ८०००० | ५२२६२ |
| ८ | ८ | २ | मोटरसाईकल | १७०००० | १६७५४३ |
| ९ | ९ | १ | फोहोर उठाउने | १४०००० | १३१८३४ |
| १० | १० | १ | मोटरसाईकल | २१०००० | १७८३९९ |
| ११ | ११ | ३ | मोटरसाईकल १ र स्कुटर २ | १७०००० | १७०००० |
| १२ | १२ | १ | स्कुटर | २१०००० | २१०००० |
| १३ | १३ | १ | मोटरसाईकल | २४०९०० | २४०९०० |
| १४ | १४ | १ | मोटरसाईकल | ३५६००० | २६७९२६ |
| १५ | १५ | उपलब्ध नगराएको | - | ३१५००० | ३०३१७८ |
| १६ | १६ | १ | मोटरसाईकल | २५०००० | २२२७१५ |
| १७ | १७ | २ | मोटरसाईकल र स्कुटर | २००००० | १७१६०७ |
| १८ | १८ | १ | स्कुटर | १०५००० | १०५००० |
| १९ | १९ | १ | स्कुटर | १००००० | ९९९९९ |
| २० | २० | ३ | मोटरसाईकल | १५१५०० | १०७१७१ |
| जम्मा | | २३ | | ३७४१४०० | ३३६१३७३ |

७१.८ **अतिथि सत्कार** - धरान उपमहानगरपालिका खर्च व्यवस्थापन कार्यविधि, २०७८ को परिच्छेद ३ मा खाजा तथा अतिथि सत्कार सम्बन्धी व्यवस्था रहेको छ। दफा ८ (ग) मा यस उपमहानगरपालिकामा कार्यरत स्थायी र करारका कर्मचारीलाई दैनिक हाजिरीका आधारमा कार्यालय संचालन भएका दिनको प्रति कर्मचारी प्रतिदिन एक सय पच्चीस रूपैयाँका दरले खाजा सुविधा दिइने व्यवस्था रहेको छ। सोही व्यवस्था बमोजिम पालिकाले मासिक हाजिरीको आधारमा कर्मचारीहरूको बैंक खातामा सो वापतको रकम गणना गरी उपलब्ध गराएको छ। त्यस्तै पदाधिकारीका हकमा गाउँ तथा नगर सभाका सदस्यहरूको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा पालिका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यले अनुसूची १(ग) मा भएको व्यवस्था अनुसारको सुविधा पाउने व्यवस्था भएकोमा सो व्यवस्थाको क्र.सं.३ मा खाजा खर्च र ८ मा अतिथिसत्कार वापत सुविधा समेत समावेश भएकोमा सोही बमोजिम मासिक सुविधामा उपलब्ध गराएको छ। त्यसका अतिरिक्त वडा कार्यालयहरूले निम्नानुसार बजेट नै व्यवस्था गरी खाजा खानाको बील संलग्न गरी खर्च लेखेका छन्। यस्तो खर्चमा मितव्ययिता कायम गर्दै नियन्त्रण गर्नु पर्ने देखिन्छ।

| सि.नं. | वडा नं. | कार्यक्रमको नाम | बजेट विनियोजन रु. | खर्च रु. |
|---|---|---|---|---|
| १ | १ | अतिथि सत्कार | १३०००० | १३०००० |
| २ | २ | अतिथि सत्कार | ९०००० | ७७०२५ |
| ३ | ३ | अतिथि सत्कार | २४०००० | २३९९६० |
| ४ | ४ | वैठक चियापान तथा अतिथि सत्कार | १४४००० | १४४००० |
| ५ | ५ | अतिथी सत्कार तथा चिया नास्ता खर्च | २४८००० | १४९१०५ |
| ६ | ६ | अतिथि सत्कार तथा अन्य खर्च | ५५५०० | ५५५०० |
| ७ | ७ | अतिथि सत्कार | १५०००० | १३१०३० |
| ८ | ८ | विविध खर्च अतिथि सत्कार | १२१००० | १०८५९० |
| ९ | ९ | विविध खर्च- अतिथि सत्कार | ५०००० | ५०००० |
| १० | १० | अतिथि सत्कार तथा चिया नास्ता खर्च | ३३०६०० | ३३०६०० |
| ११ | ११ | अतिथि सत्कार खाजा खर्च | १९९५०० | १९९४१४ |
| १२ | १२ | अतिथि सत्कार खर्च | १२०००० | ११३२८० |
| १३ | १३ | अतिथि सत्कार खर्च | १६७८६४ | १६७८६४ |
| १४ | १४ | अतिथि सत्कार खर्च | २३७८०० | २२२०३० |
| १५ | १५ | अतिथि सत्कार | १३०००० | १२७००५ |
| १६ | १६ | अतिथि सत्कार खर्च | १४०००० | ११०५२० |
| १७ | १७ | वडा वैठक/अतिथी-दाता-सहयोगी सत्कार/चिया खाजा आदि खर्च | १६०००० | १६०००० |
| १८ | १८ | अतिथि सत्कार खर्च | १००००० | १००००० |
| १९ | १९ | विविध खर्च | १३२२८७ | १३२११४ |
| २० | २० | अतिथि सत्कार खर्च | १९५००० | १४९९१० |
| जम्मा | | | ३१४१५५१ | २८९७९४७ |

७१.९ **भ्रमण आदेश-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले कार्यालयको दैनिक कार्य सञ्चालन र कर्मचारी प्रशासनको जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई हुने व्यवस्था गरेको छ। यस पालिका अन्तर्गतको वडा कार्यलय अन्तर्गत विनियोजित बजेट खर्चको अख्तियारी वडा सचिवलाई प्रदान गरेकोमा सोमा भ्रमण खर्चको लागि भ्रमण आदेश स्वीकृत गर्ने अख्तियारी प्रदान गरेको देखिएन। त्यसले गर्दा पालिका अन्तर्गतका कर्मचारीहरूको भ्रमण आदेशको स्वीकृत प्रमुख प्रशासकीय अधिकृतबाट मात्र स्वीकृत गर्नु पर्ने हुन्छ। पालिका अन्तर्गका निम्नानुसारका वडा कार्यालयहरूको नमूना परीक्षण गर्दा वडा सचिवबाट भ्रमण आदेश स्वीकृत गराई भ्रमण खर्च लेखेकोले यसरी लेखेको खर्च नियमसम्मत मान्न नसकिएको रु.

| सि.नं. | वडा नं. | बजेट शीर्षक | भ्रमण आदेश स्वीकृत गर्ने (पद र नाम) | भ्रमण गर्ने कर्मचारी | खर्च रु. |
|---|---|---|---|---|---|
| १ | १ | दैनिक भ्रमण भत्ता | वडा सचिव रमेश राई | वडा सचिवन रमेश राई | १६००० |
| | | | वडा सचिव रमेश राई | लेखा प्रमुख ओम प्रकाश दास | १६००० |
| २ | ६ | कन्टिन्जेन्सी | उद्धव बहादुर लुङ्गेलि सातौ | सव ईन्जिनियर श्री मनोज बस्नेत | ४०६७५ |
| | | कर्मचारी दैनिक भ्रमण भत्ता तथा विविध | उद्धव बहादुर लुङ्गेलि सातौ | उद्धव बहादुर लुङ्गेलि सातौ | २०००० |
| | | कर्मचारी दैनिक भ्रमण भत्ता तथा विविध | उद्धव बहादुर लुङ्गेलि सातौ | उद्धव बहादुर लुङ्गेलि सातौ तथा लव कुमार चौधरी काठमाडौ। | २९५०० |
| | | कर्मचारी दैनिक भ्रमण भत्ता तथा विविध र | उद्धव बहादुर लुङ्गेलि सातौ | उद्धव बहादुर लुङ्गेलि सातौ तथा लव कुमार चौधरी र भोलानाथ महत काठमाडौ। | २५५०० |
| | | जनप्रतिनिधि/कर्मचारी सरकारी कार्यालयको लागी विभिन्न निकायमा आउँदा जाँदाको खर्च लगायत विविध खर्च | | | |
| ३ | ११ | संस्थागत विकास | वडा सचिव कोपिला पौडेल | लेखा अधिकृत नवराज चापागाँई | १३५०० |
| | | संस्थागत विकास | वडा सचिव सुजन भट्टराई | अधिकृत छैठौँ भगवती पोख्रेल | ३४२०० |
| | | भ्रमण खर्च | वडा सचिव सुजन भट्टराई | लेखा अधिकृत नवराज चापागाँई | ३२००० |
| ४ | १२ | भ्रमण खर्च | वडा सचिव मदन श्रेष्ठ | लेखा प्रमुख कल्पना बस्नेत | १२४०० |
| ५ | १३ | विविध खर्च | वडा सचिव कमला कार्की | लेखा प्रमुख ओम प्रकाश दास | ४००० |
| | | विविध खर्च र फुटकर खर्च | वडा सचिव कमला कार्की | सहायक पाँचौ रोशन वि.क. | २०७०० |
| ६ | १४ | विविध प्रशासनिक खर्च | वडा सचिव टिकाराम निरौला | वडा सचिव टिकाराम निरौला | ४६४०० |
| | | | वडा सचिव टिकाराम निरौला | लेखा प्रमुख ओम प्रकाश दास | ५९६०० |
| ७ | १६ | भ्रमण खर्च | वडा सचिव सुवास पराजुली | लेखा अधिकृत कल्पना बस्नेत | १३८०० |
| ८ | १८ | भ्रमण खर्च | वडा सचिव धर्मराज पौडेल | लेखा अधिकृत नवराज चापागाँई | ३१००० |
| | | भ्रमण खर्च | वडा सचिव धर्मराज पौडेल | असई प्रमोद कुमार साह | १३५०० |

| | |
|---|---|
| **जम्मा** | **४२८७७५** |

| | |
|---|---|
| अनियमित भएको | ५,२८,७७५ |

७१.१० **सडक बत्तीमा भएको खर्च** - सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ मा प्रतिस्पर्धालाई सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै धरान उपमहानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७८ को नियम ९५ मा रू.५ लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने र रू.५ लाखभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटक वा पटक पटक गरी रू.५ लाख भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ। उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र विभिन्न स्थानमा सडक बत्ती राख्नको लागि वडा कार्यालयतर्फ प्रति वडा रु.१ लाख देखि १० लाखसम्म बजेट विनियोजन गराई कोटेशनमार्फत खरिद गरी वडाका विभिन्न स्थानमा जडान गरेको छ। यसरी विनियोजित बजेटबाट खरिद गर्दा हरेक वडाहरूमा खरिदको दररेट फरक रहेको, बत्ती जडान भएको यथेष्ट प्रमाण पेश नभएको, प्रभावकारी अनुगमन नभएको र अत्याधिक संख्यामा खरिद गरिएको देखिएको हुँदा खर्चमा मितव्ययिता भएको देखिदैन। एकै प्रकृतिको कार्यमा उपमहानगरपालिकाबाट प्रतिस्पर्धात्मक रुपमा खरिद गराई जडान गर्नु पर्नेमा सो नगरी वडा कार्यालयतर्फ बजेट विनियोजन गरी खर्च लेख्ने कार्यले खर्चमा मितव्ययीता तथा खरिदमा प्रतिस्पर्धा कायम गरेको देखिदैन। यस्तो कार्यमा नियन्त्रण गर्दै कामको प्रकृति अनुसार बजेट विनियोजन गर्दा पालिकास्तरीय कार्यक्रमलाई पालिकाको बजेटमा समावेश गराई प्रतिस्पर्धात्मक रुपमा कार्य गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

| सि.नं. | वडा नं. | क्रियाकलापको नाम | बजेट विनियोजन रु. | खर्च रु. |
|---|---|---|---|---|
| १ | १ | सडक बत्ती व्यवस्थापन खर्च | २०००० | २०००० |
| २ | २ | सडक बत्ती व्यवस्थापन | २०००० | १९२९३५ |
| ३ | ३ | सडक बत्ती खरिद र व्यवस्थापन | २७०००० | २६९९७० |
| ४ | ५ | सडक बत्ती मर्मत तथा व्यवस्थापन | ४१०००० | ४०८९७२ |
| ५ | ६ | सडक बत्ती मर्मत संभार जडान तथा व्यवस्थापन खर्च | ५३८००० | ५३७५१२ |
| ६ | ७ | सडक बत्ती खरिद तथा मर्मत | ८०००० | ७९१६० |
| ७ | ८ | सडक बत्ती व्यवस्थापन | ४००००० | ३९९३९० |
| ८ | ९ | सडक बत्ती व्यवस्थापन | २५०००० | २४८५०७ |
| ९ | १० | सडक बत्ती सामाग्री खरिद | ५००००० | ४९९८३३ |
| १० | ११ | सडक बत्ती व्यवस्थापन | ५००००० | ४९९९६३ |
| ११ | १२ | सडक बत्ती ब्यवस्थापन | २००००० | २००००० |
| १२ | १३ | सडक बत्ती व्यवस्थापन | ४००००० | ३९९७४९ |
| १३ | १४ | सडक बत्ती व्यवस्थापन खर्च | ३५०००० | ३५०००० |
| १४ | १५ | विद्युतिय सामाग्री खरिद तथा सडक बत्ती व्यवस्थापन | ३११२७० | ३०९८२४ |
| १५ | १६ | सडक बत्ती ब्यवस्थापन खर्च | ४००००० | ३९९३८३ |
| १६ | १७ | सडक बत्ती व्यवस्थापन सम्बन्धी कार्य | ४८३८४० | ४८३८४० |
| १७ | १८ | सडक बत्ती व्यवस्थापन | २५०००० | २४९९९१ |
| १८ | १९ | सडक बत्ती मर्मत तथा व्यवस्थापन | १०००९५९ | ९९९८८१ |
| १९ | २० | सडक बती मर्मत संभार तथा जडान | २१५००० | २१४२७७ |
| जम्मा | | | ६९५९०६९ | ६९४३१८७ |

७१.११ **वडा पदाधिकारी इन्धन** - गाउँ तथा नगर सभाका सदस्यहरूको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा पालिका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यलाई अनुसूची १(ग) मा भएको व्यवस्था अनुसार सुविधा उपलब्ध गराउने व्यवस्था छ। सो अनुसूचीको क्र.सं.११ मा प्रमुख र उपप्रमुखलाई सवारी साधन र अन्यलाई मासिक रुपमा यातायात खर्च उपलब्ध गराउने व्यवस्था उल्लेख छ। सोही बमोजिम पालिकाले मासिक रुपमा पदाधिकारी सुविधाको भुक्तानी गर्दा वडा अध्यक्ष र सदस्यलाई सो व्यवस्था अनुसारको रकम उपलब्ध गराएको छ। केही वडा कार्यालयको नमुना परीक्षण गर्दा वडा बजेटबाट समेत मासिक रुपमा इन्धन सुविधा उपलब्ध गराएको देखियो। पालिकाले अन्य वडा कार्यालयहरूमा समेत सो बमोजिम भुक्तानी भए नभएको यकीन गरी दोहोरो रुपमा भएको इन्धन सम्बन्धी खर्च सम्बन्धित पदाधिकारीबाट असुल गर्नु पर्ने रु.

| वडा नं. | भुक्तानी पाउने पदाधिकारी | इन्धन भुक्तानी अवधी | भुक्तानी लिएको लिटर | प्रति लिटर दर (वार्षिक औषतमा) | असुल गर्नु पर्ने रु. |
|---|---|---|---|---|---|
| १३ | वडा अध्यक्ष नेत्र प्रसाद काफ्ले | २०८१ बैशाखदेखि फागुनसम्म | ४० | १६५ | ६६०० |
| | वडा सदस्य सन्तोष राई | २०८१ बैशाखदेखि फागुनसम्म | ४५ | १६५ | ७४२५ |
| **जम्मा** | | | | | **१४०२५** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **२४,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **४९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **५,४४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **४,६२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **२५,९८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१९,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **११,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,०२५ |

७१.१२ **सि.सि.क्यामेरा जडान तथा मर्मत खर्च** - सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ मा प्रतिस्पर्धालाई सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै धरान उपमहानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७८ को नियम ९५ मा रू.५ लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने र रू.५ लाखभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटक वा पटक पटक गरी रू.५ लाख भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ। उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र विभिन्न स्थानमा सि.सि.क्यामेरा जडान गर्नका लागि वडा कार्यालयतर्फ प्रति वडा रु.१ लाख देखि १० लाखसम्म बजेट विनियोजन गराई कोटेशनमार्फत खरिद गरी वडाका विभिन्न स्थानमा जडान गरेको छ। यसरी विनियोजित बजेटबाट खरिद गर्दा हरेक वडाहरूमा खरिदको दररेट फरक रहेको, सि.सि.क्यामेरा जडान भएको यथेष्ट प्रमाण पेश नभएको, पालिकातर्फबाट समेत नगर प्रमुख कोष र नगर उपप्रमुख कोषबाट समेत खर्च गरेकोले दोहोरो भए नभएको प्रभावकारी अनुगमन नभएको र अत्याधिक संख्यामा खरिद गरिएको देखिएको हुँदा खर्चमा मितव्ययिता भएको देखिदैन। एकै प्रकृतिको कार्यमा उपमहानगरपालिकाबाट प्रतिस्पर्धात्मक रुपमा खरिद गराई जडान गर्नु पर्नेमा सो नगरी वडा कार्यालयतर्फ बजेट विनियोजन गरी

खर्च लेख्ने कार्यले खर्चमा मितव्ययीता तथा खरिदमा प्रतिस्पर्धा कायम गरेको देखिदैन। यस्तो कार्यमा नियन्त्रण गर्दै कामको प्रकृति अनुसार बजेट विनियोजन गर्दा पालिकास्तरीय कार्यक्रमलाई पालिकाको बजेटमा समावेश गराई प्रतिस्पर्धात्मक रुपमा कार्य गरी खर्चलाई मितव्ययि बनाउनु पर्दछ।

| सि.नं. | वडा नं. | क्रियाकलापको नाम | बजेट विनियोजन रु. | खर्च रु. |
|---|---|---|---|---|
| १ | १ | सि.सि क्यामेरा जडान तथा मर्मत | १७०००० | १७०००० |
| २ | २ | सिसि टिभि जडान र मर्मत | ४४३४०० | ४४१२०० |
| ३ | ३ | सि सि क्यामेरा सञ्चालन तथा व्यवस्थापन | १००००० | ९८४७० |
| ४ | ५ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १२१७०० | ९४६२० |
| ५ | ६ | सडक बत्ती मर्मत संभार जडान तथा व्यवस्थापन खर्च | २०६६१० | २०६६१० |
| ६ | ७ | सि.सि. क्यामेरा मर्मत | १००००० | ९८६४९ |
| ७ | ८ | सि.सि क्यामेरा जडान, मर्मत तथा विस्तार | ३००००० | २९१४४१ |
| ८ | ९ | सि.सि.क्यामेरा मर्मत तथा विस्तार | २५०००० | २४६७०० |
| ९ | १० | सि.सि. क्यामरा थप जडान | ३००००० | ९५८४२ |
| १० | ११ | सिसी क्यामेरा विस्तार तथा मर्मत | ३४०००० | ३२८९३९ |
| ११ | १२ | सि.सि. क्यामेरा मर्मत | १५०००० | १३८८१४ |
| १२ | १३ | कम्प्युटर सामाग्री तथा सि.सि. क्यामरा मर्मत | ८०००० | ८०००० |
| १३ | १४ | बुढासुब्बा मन्दिर सिसिटिभी क्यामेरा खरिद तथा व्यवस्थापन खर्च | १२०८५७ | १२०८५७ |
| १४ | १५ | विशालचौक पवित्रपथ सिसि क्यामेरा | २५००० | २५००० |
| १५ | १६ | सि.सि. क्यामेरा खरिद तथा मर्मत | ६९७५०० | ६९१९९१ |
| १६ | १७ | सि.सि क्यामरा जडान कार्यमा वडाको सहकार्य/अन्य कार्यक्रमहरुमा सहकार्य | ९८५०० | ९५००० |
| १७ | १८ | वडाभरी सिसि क्यामेरा जडान तथा मर्मत | ३००००० | २८८१९६ |
| १८ | १९ | विद्युतीय सामाग्री मर्मत र खरिद (सि, सि क्यामेरा , कम्प्युटर र अन्य) | २४०९८७ | २४०९८७ |
| जम्मा | | | ४०४४५५४ | ३७५३३१६ |

७१.१३ **वितरणमुखी कार्यक्रम** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले सञ्चालन गरेका केहि कार्यक्रम अनुत्पादक तथा वितरणमुखी कार्यक्रमहरू रहेकाले यस्ता कार्यक्रम नियन्त्रण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ। कार्यविधि बेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्च आवश्यकतामा आधारित रहि यस्तो खर्चमा नियन्त्रण गर्दै जानुपर्ने र सुबिधा प्राप्त गर्ने लाभग्राहीको नामनामेशी सहितको विवरण सार्वजनिक गर्नु पर्ने देखिन्छ। यस किसिमका वितरणमुखी खर्चका केही उदाहरणहरू देहाय बमोजिम छन्।

| भौचर नं. | वडा नं. | विवरण | भुक्तानी |
|---|---|---|---|
| ५ | १६ | गरिव परिवारहरूलाई राशन वितरण कार्यक्रम | १३८३०० |
| ८३ | १६ | जेष्ठनागरिकलाई छाता वितरण कार्यक्रम | ६५००० |
| ४५ | ११ | विपन्न नागरिकका लागि सिरक वितरण | ८०००० |
| ६६ | ११ | सुत्केरी पोषण सामाग्री वितरण | ५०४०० |
| १४३ | ११ | सुत्केरी पोषण सामाग्री वितरण | ३९६०० |
| १५२ | ११ | अपाङ्गलाई खाद्यन्न सामाग्री वितरण | २५००० |
| १५६ | ११ | जेष्ठ नागरिकको लागि हर्लिक्स र थर्मस वितरण | १००००० |
| ३ | १५ | हातेमालो उद्यमी महिला समूहलाई नरसिंहा सनाई र दमाहा खरिद | ९९८९२ |
| विभिन्न | १३ | सुत्केरी भेट कार्यक्रम तथा अण्डा वितरण र अपाङ्ग व्यक्तिलाई रासन वितरण | २०१६४९ |
| विभिन्न | ८ | सुत्केरी महिलाहरुलाई पौष्टिक आहार वितरण | ७६३२० |

७१.१४ **कालोपत्रे निर्माण** - धरान उपमहानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७८ को नियम १०७ उपनियम ९ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्स्काभेटर, रोलर, डोजर, ग्रेडर बिटुमिन डिस्ट्रीब्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न सकिने छैन भन्ने व्यवस्था उल्लेख गरेको छ। पालिकाअन्तर्गतका निम्नानुसारका वडा कार्यालयले नियमावलीले गरेको व्यवस्था विपरित हुने गरी उपभोक्ता समितिबाट हेभी मेशीनहरू प्रयोग हुने कार्य गराई भुक्तानी दिएको देखियो। यसरी नियमावलीले गरेको व्यवस्था विपरित हुने गरी गराएको कार्य नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं.-मिति | वडा नम्बर | आयोजनाको नाम | उपभोक्ता समितिको नाम | कार्यसम्पन्न रकम | वडाबाट भएको भुक्तानी रु. |
|---|---|---|---|---|---|
| ३४।२०८२।१।१९ | १५ | अरनिको मार्ग लुप कालोपत्रे | जातजाती मार्ग बाटो निर्माण उपभोक्ता समिति | ११४८३५२ | ५९७०८४ |
| ३५।२०८२।१।२१ | १५ | गोविन्द मार्ग लुप कालोपत्रे | गोविन्द मार्ग लुप सडक निर्माण उपभोक्ता समिति | ९११६६६ | ५५७०२१ |
| ४३।२०८२।१।३१ | १५ | सुनगाभा पथ लुप कालोपत्रे | सुनगाभा पथ लुप कालोपत्रे निर्माण उ स | १५५१७६७ | ७०८७३६ |
| ४४।२०८२।१।३१ | १५ | भिषण पथ लुप कालोपत्र | भिषण पथ लुप सडक निर्माण उ स | ७४९४०६ | ३७७४४४ |
| ४५।२०८२।२।६ | १५ | गर्भलाल मार्ग कालोपत्रे | गर्भलाल मार्ग कालोपत्रे सडक निर्माण उ स | १४२२७४५ | ५७२८९६ |
| २७।२०८२।३।१ | ८ | सहिद स्मृती सडक कालोपत्रे भृकुटी मार्ग | सहिद स्मृती सडक कालोपत्रे भृकुटी मार्ग निर्माण उ स | २४२०२१५ | १९०९७२४ |
| जम्मा | | | | ८२०४१५१ | ४७२२९०५ |

| अनियमित भएको | ४७,२२,९०५ |
|---|---|

७१.१५

**कन्टिन्जेन्सी खर्च** - यस पालिकाले कन्टिन्जेन्सी खर्च सम्बन्धी कार्यविधि तयार गरेको छैन। नमुना परीक्षण गर्दा निम्नानुसारका वडा कार्यालयहरूले कन्टिन्जेन्सी वापत लागत अनुमानमा ४ प्रतिशत समावेश गरी निर्माण कार्यपश्चात सो निर्माण कार्यको लागि तोकिएको प्राविधिक तथा अन्य कर्मचारीलाई सोझै खाजा, खाना, मर्मत लगायतको बिल पेश गराई सम्बन्धित प्राविधिक तथा अन्य कर्मचारीको खातामा भुक्तानी दिने गरेको पाईयो। पालिकाले खर्च गर्नका लागि कार्यविधि तयार नगरेको तथा सम्बन्धी योजनामा खर्च नभई विविध खर्चमा भएको खर्चको बिल भरपाई पेश गरी सम्बन्धीलाई भुक्तानी दिएको खर्च नियमसम्मत नदेखिएको रु.

| सि.नं. | वडा नं. | भुक्तानी पाउने कर्मचारी | खर्च प्रयोजन | खर्च रु. |
|---|---|---|---|---|
| १ | १ | वडा प्राविधिक श्री सुशिला थापा | विभिन्न मितिमा प्राविधिक टोलिले चिया नास्ता वापतको तथा सवारी मर्मत वापतको भुक्तानी | ७९२०७ |
| २ | ५ | वडा प्राविधिकको नाममा | विभिन्न मितिमा प्राविधिक टोलिले चिया नास्ता वापतको तथा सवारी मर्मत वापतको भुक्तानी | २१७९८ |
| ३ | | वडा प्राविधिक श्री इश्वर विश्वकर्मा | विभिन्न मितिमा प्राविधिक टोलिले चिया नास्ता वापतको तथा सवारी मर्मत वापतको भुक्तानी | २१६०२० |
| ४ | ९ | प्राविधिक राजेश राम | मोटरसाईकल मर्मत | २२५०५ |
| | ११ | सव इन्जिनियर अरुण कुमार साह | मोटरसाईकल मर्मत र मोवाईल रिचार्ज र खाजा खाना खर्च | ४२२८४ |
| ५ | | आलेप सहायक विष्णुमणी दाहाल | खाजा खर्च | ६२३० |
| ६ | १३ | असई तेन्जिङ्ग शेर्पा | रेनकोट ३ थान, व्याग २ थान , फोटोकपी पेपर लागत सामाग्री , इन्धन(५०.९७ + ५०.९७) , ल्यापटप मर्मत र खाजा खर्च | १९९८१६ |
| ७ | १४ | वडा प्राविधिक श्री रत्न बहादुर राई | विभिन्न मितिमा प्राविधिक टोलिले चिया नास्ता वापतको तथा सवारी मर्मत वापतको भुक्तानी | ४३६८७ |
| ८ | १५ | वडा सचिव नारायणप्रसाद राई | मोटरसाईकल मर्मत | ९९८६ |
| | | असई मदन कुमार लिम्बु | मोटरसाईकल मर्मत रु.१०००० र खाजा खर्च रु.१९९७७ | २९९७७ |
| | | सई चन्द्रमान सुनार | मोटरसाईकल मर्मत रु.१०००० र खाजा खर्च रु.१९६०९ | २९६०९ |
| | | अमिन चोपनाथ धमला | मोटरसाईकल मर्मत | १०००० |
| | | वडा कर्मचारी निश्चल खत्री | खाजा खाना खर्च | २२५८९ |
| जम्मा | | | | ७३३७०८ |

| | |
|---|---|
| अनियमित भएको | ७,३३,७०८ |

७२ **वडा नं.१**

६५- २०८१।१०।२४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। कार्यालयले युवा तथा खेलकुद विकास कार्यक्रम अन्तर्गत पाथीभरा स्टेशनरी एण्ड वुक डिपोबाट खरिद भएको देहायको सामग्रीको भरपाई पेश नभएको रु.

| विवरण | संख्या | रकम |
|---|---|---|
| फुटवल वुट | ४ जोडी | १०२०० |
| जर्सी सेट | १४ सेट | १८९०० |
| खेलकुद सामग्री वल लगायत | ३५ | १९७५० |
| जम्मा | | ४८८५० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४८,८५० |

७३ **वडा नं.३**

**फरक शीर्षकबाट खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ अनुसार सीमा नाघी खर्च गर्न नहुने उल्लेख छ। कर्मचारी तथा जनप्रतिनिधि र बालबालिकाहरुलाई शैक्षिक भ्रमणको लागि रु.१७००००। खर्च भएकोमा गत बर्ष रु.३५७००। खर्च भई रु.१३४३००। भुक्तानी दिनबाँकी रहेको भनेकोमा सो शीर्षकमा भुक्तानी दिन बाँकी रु.४४३००। मात्र राखी रु.९००००। अतिथि सत्कार शीर्षकबाट खर्च भएको देखियो। तोकेको शीर्षक भन्दा फरक शीर्षकबाट खर्च गर्ने कार्य नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९०,००० |

७४ **वडा नं ४**

७४.१ **कालिमाटि अधुरो ट्र्याक निर्माणः** धरान उप महानगरपालिकाको सार्वजनिक खरिद नियमावली,२०७८ को नियम १३२ अनुसार भुक्तानी दिदाँ प्राविधिक नाप जाचँ गरी सोको आधारमा दिनुपर्ने उल्लेख छ। कालिमाटि अधुरो ट्र्याक निर्माणको लागि मा चेनेज ००+०० बाट ००+१७०० सम्म रोड स्तरोन्न्ती गर्ने कार्यको लागि रु.३९८२४४। लागत अनुमान तयार गरी लायन्स कन्स्ट्रक्सनसँग कोटेशनबाट काम गरेको देखियो। संलग्न नापि किताव परीक्षण गर्दा ग्रेड कटिङ भनि चेनेज ००+०० देखि ००+१४० सम्म र At turning ००+०० देखि ००+२०० सम्म excavation को काम गरेको नापी गरेकोमा पुनः ००+०० देखि ००+१६८० सम्म रोड road clearance गरेको नापी गरेकोमा दोहोरो नापी गरी ३४० घन मिटरको प्रति घन मिटर रु.११४.२५ ले रु.३६६५२। दोहोरो परेको सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,६५२ |

७४.२ चालु तर्फः १०।०८१।६।१३ ९२।०८२।३।२३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। बालमैत्री क्रियाकलाप अन्तर्गत ६० औ बाल दिवस मनाउनको लागि सहभागिहरुलाई बालदिवस अंकित कप ४२ वटा र स्टेसनरी गरी रु.३०८३०। खर्च गरेकोले वितरण भर्पाई पेश नभएकोले भर्पाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,८३० |

७४.३ **फरक शीर्षकबाट खर्चः** १३३।०८२।३।१३ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ अनुसार सीमा नाघी खर्च गर्न नहुने उल्लेख छ। नेपाल प्याराग्लाईडिङ तथा ह्यान्ड ग्लाईडिङको पूर्वाधार निर्माण कार्यक्रमको लागि पालिकाबाट कार्यक्रम संचालन गरी अपुग रकम रु.४००००।वडाबाट भुक्तानी भएकोमा सो खर्च युवा तथा खेलकुद कार्यक्रमबाट खर्च गरेकोले तोकेको शीर्षक भन्दा फरक शीर्षकबाट खर्च गर्ने कार्य नियम सम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ४०,००० |

७५ **वडा नं ५**

७५.१ **बढी भुक्तानी**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **१०,३७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७५.२ **प्राविधिक प्रतिवेदन**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **९९,९८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७५.३ **स्वयंसेविका भ्रमण**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **२६,७४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७५.४ **अन्य निकायको खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। नमुना परीक्षण गर्दा कार्यालयले देहाय बमोजिम अस्थायी प्रहरी चौकीले प्रयोग गर्ने इन्धनको विल भुक्तानी गर्ने गरेको देखियो। यसरी अन्य सरकारी कार्यालयको सञ्चालन खर्च वडाबाट भुक्तानी हुँदा दोहोरो खर्च भए नभएको यकिन नहुने र यस प्रकृतिको खर्चले पालिकालाई व्ययभार बढाउदै जाने भएकोले यस्तो खर्च नियमसम्मत नदेखिएको रु.

| भौ.नं./मिति | विवरण | परिमाण | रकम |
|---|---|---|---|
| ४- २०८१।६।१३ | अरुण पेट्रोलियम ट्रेडिङ सेन्टर प्रा.लि.लाई अस्थायी प्रहरी चौकी देउरालीले प्रयोग गरेको आषाढ २०८१ को पेट्रोलको भुक्तानी | १६ | २७०२.४१ |
| १३- २०८१।६।१५ | अरुण पेट्रोलियम ट्रेडिङ सेन्टर प्रा.लि.लाई अस्थायी प्रहरी चौकी देउरालीले प्रयोग गरेको भाद्र २०८१ को पेट्रोलको भुक्तानी | १० | १६०९. |
| ४१- २०८१।८।१३ | अरुण पेट्रोलियम ट्रेडिङ सेन्टर प्रा.लि.लाई अस्थायी प्रहरी चौकी देउरालीले प्रयोग गरेको असोज र कार्तिक २०८१ को पेट्रोलको भुक्तानी | २५ | ३९२२.५१ |
| जम्मा | | | ८२३४. |

| | |
|---|---|
| अनियमित भएको | ८,२३४ |

७६ **वडा नं.६**

७६.१ ४२।०८२।३।२३ धरान उप महानगरपालिकाको सार्वजनिक खरिद नियमावली,२०७८ को नियम १३२ अनुसार भुक्तानी दिदाँ प्राविधिक नाप जाचँ गरी सोको आधारमा दिनुपर्ने उल्लेख छ। वडा कार्यालयको बार्षिक कार्यक्रम नियमित सडक मर्मत तथा सम्भार तथा स्तरोन्नतीबाट वडाको विभिन्न ठाउमा ह्युमपाई जडान गर्नको लागि रु.२२२०८५।५६ को लागत अनुमान मा १० प्रतिशत श्रमदान हुने

गरी तयार पारी जय श्रीराम कंक्रिट ईन्डस्टिज प्रालिसँग १२ वटा ह्युम पाईप खरिद गरी रु.२०४३००। भुक्तानी गरेकोमा सो ह्यूम पाईप कुन ठाउँमा जडान भएको हो र लागत अनुमानमा तोकेको श्रमदान देखिने गरी कार्यसम्पन्न भएको प्रमाण पेश भएको देखिएन। अतः श्रमदान सहितको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०४,३०० |

७६.२ **कन्टिन्जेन्सी रकम खर्च**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **१६,६४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७६.३ २५७।२०८२।३।२४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने उल्लेख छ। विभिन्न टोल विकास समिति तथा बाल सञ्चाल समितिहरुको बैठकमा खाजा खर्च वापत रु.१११२६५। भुक्तानी गरेको देखियो।यसरी बजेटको परिधि भन्दा बाहिरको खर्च कर्मचारी तथा खाजा पसललाई भुक्तानी गरेकोले स्वीकृत बजेटको सिमा भन्दा बाहिरको खर्च गर्ने कार्य नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,११,२६५ |

७६.४ **घर भाडाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। कर्मचारी आवास प्रयोजनको लागि भनेर प्रति महिना रु.५०००। का दरले घर भाडा घर धनी हरिकाजी खत्रीलाई भुक्तानी दिएको साथै ऐन नियममा पदाधिकारी तथा कर्मचारीलाई आवास सुविधा दिन मिल्ने देखिदैन। यसरी नियममा नभएको कर्मचारी आवासको भुक्तानी दिएकोले नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६०,००० |

७६.५ **खाजा खर्च**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **६,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७६.६ **भ्रमण भत्ता भुक्तानी**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७६.७ **पदाधिकारी इन्धन**

**"कार्यालयबाट प्राप्त प्रतिकृयाको आधारमा कायम संशोधित बेरुजु यसै प्रतिवेदनको थप बेरुजु खण्डतर्फ दफा नं.१ मा समावेश गरिएको छ।"**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **६४,८५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७७ **वडा नं.१०**

७७.१ **कर्मचारीलाई इन्धन**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२,८८३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७७.२ **विद्यार्थी सम्मान कार्यक्रम** - वडा नं.१० ले बार्षिक बजेटमा वडाका सामुदायिक तथा संस्थागत विद्यालयहरुवाट सर्वोत्कृष्ट अंक ल्याई एस.ई.ई.परीक्षा उत्तिर्ण गर्ने विद्यार्थीका लागि सम्मान कार्यक्रम शिर्षकमा रु.२ लाख विनियोजन गरेको रकम भौचर नम्वर १४८ मिति २०८२।३।२३ बाट खर्च गरेको छ। श्रेष्तासाथ पेश भएको कागजात परीक्षण गर्दा यस वडाबाट निम्नानुसार एस.ई.ई.परीक्षा उत्तिर्ण भएको देखिन्छ।

| **विद्यार्थीले प्राप्त गरेको ग्रेड** | **विद्यार्थी संख्या** | **भुक्तानी दर** | **जम्मा भुक्तानी** |
|---|---|---|---|
| ए प्लस (A+) | ९ | ५००० | ४५००० |
| ए (A) | २३ | ३००० | ६९००० |
| वडाका एस.ई.ई.परीक्षा उत्तिर्ण गरी सम्पर्कमा आएको विद्यार्थी | १७ | २००० | ३४००० |
| **जम्मा** | | | **१४८०००** |

वार्षिक बजेटमै सर्वोत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई सम्मान गर्ने उल्लेख गरिएको भए तापनि एस.ई.ई.परीक्षा उत्तिर्ण गरी कार्यक्रममा सहभागि सबैलाई सम्मान गरेको उचित देखिएन।

७७.३ **प्रयोजन बेगरको इन्धन खपत** - धरान उपमहानगरपालिकाको खर्च व्यवस्थापन कार्यविधि, २०७८ को अनुसुची २ मा पदाधिकारी तथा कर्मचारीलाई दिने इन्धन सुविधा बाहेक अन्य निकायलाई इन्धन उपलव्ध गराउने सम्वन्धमा कुनै व्यवस्था गरिएको छैन। वडा कार्यालयबाट इन्धनको भुक्तानी गर्दा कार्यालयसँग असम्वन्धित तथा सवारी साधन नम्वर समेत नखुलाई इन्धनको भुक्तानी गरेको देखिन्छ। यसरी भएको खर्च वास्तविक भए नभएको यकिन गर्न नसकिने तथा भुक्तानी प्रयोजनको लागि विल मात्र पेश गर्ने प्रकृतिको भएकोले यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ। नमुना परीक्षण गर्दा इन्धन प्रयोग गर्ने गाडी नम्वर, प्रयोगकर्ता र प्रयोजन समेत नखुलाई देहायअनुसार भुक्तानी भएकोले त्यस्तो खर्च नियमसम्मत नदेखिएको रु.

| भौ.नं./मिति | विवरण | भुक्तानी पाउने | लि. | रकम |
|---|---|---|---|---|
| ९३- २०८१।१२।१३ | गाडी नम्वर र प्रयोग गर्ने व्यक्ती नखुल्ने वडा प्रहरी कार्यालयले प्रयोग गरेको १५ लि. डिजेलको भुक्तानी | अरुण पेट्रोलियम ट्रेडिङ सेन्टर प्रा.लि. | १५ | २४७३.५१ |
| ९३- २०८१।१२।१३ | गाडी नम्वर र प्रयोग गर्ने व्यक्ती नखुल्ने १० नम्वर वडा कार्यालयले प्रयोग गरेको १२२ लि. पेट्रोलको भुक्तानी | अरुण पेट्रोलियम ट्रेडिङ सेन्टर प्रा.लि. | १२२ | २०११७.९१ |
| १४६- २०८२।३।२३ | गाडी नम्वर र प्रयोग गर्ने व्यक्ती नखुल्ने सशस्त्र प्रहरी बलले प्रयोग गरेको २० लि. डिजेलको भुक्तानी | अरुण पेट्रोलियम ट्रेडिङ सेन्टर प्रा.लि. | २० | २९७८. |
| १४६- २०८२।३।२३ | गाडी नम्वर र प्रयोग गर्ने व्यक्ती नखुल्ने १० नम्वर वडा कार्यालयले प्रयोग गरेको १३२ लि. पेट्रोलको भुक्तानी | अरुण पेट्रोलियम ट्रेडिङ सेन्टर प्रा.लि. | १३२ | २१७६६.९२ |
| जम्मा | | | | ४७३३६.३४ |

| | |
|---|---|
| अनियमित भएको | ४७,३३६ |

७८ **वडा नं.११**

७८.१ **निर्माण कार्यको नापी -** धरान उपमहानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७८ को नियम १३२ मा विल वा विजकको भुक्तानी सम्बन्धी व्यवस्था रहेको छ। नमूना परीक्षण गर्दा ११ नम्बर वडा कार्यालयले निम्नानुसारको निर्माण कार्यमा सुरु लागत अनुमानमा तयार गरेको निर्माण कार्यको ड्रोइङ्ग र लागत अनुमानभन्दा फरक हुने गरी कार्य गराएको देखिएको छ। ड्रेन निर्माणको कार्यमा शुरु लागत अनुमानभन्दा बढी चौडाईमा खन्ने, सोलिङ गर्ने र संरचना तयार गरेको नापी कितावमा उल्लेख गरी सोही बमोजिम भुक्तानीको लागि विल तयार गरी भुक्तानी दिएको छ। निर्माण कार्यपश्चातको ड्रोइङ श्रेस्तासाथ संलग्न नगरेकोले लागत अनुमानभन्दा बढी हुने गरी कार्य भएको हो भन्न सक्ने अवस्था छैन। निर्माण कार्यको लागत अनुमानभन्दा फरक हुने गरी कार्य हुने अवस्थामा लागत अनुमानलाई संशोधन गर्ने तथा निर्माण कार्य पश्चात प्राविधिकले कारण खुलाई बढी कार्य गर्नु पर्ने अवस्थालाई स्पष्ट गरी कागजात संलग्न गरेर मात्र भुक्तानी दिनु पर्दछ। वडा कार्यालयले सो नगरी लागत अनुमानभन्दा बढी हुने गरी भएको कार्यको नापी गरी सोही बमोजिम भुक्तानी दिएकोले नापी बमोजिम कार्य भएको भनी विस्वस्त हुन सकिएन। भुक्तानीलाई प्रमाणित गर्ने कागजात संलग्न गरेर मात्र खर्च लेख्नु पर्दछ।

| **योजनाको नाम** | **आइटमको नाम** | **लागत अनुमानको अवस्था** | **नापीमा चढेको अवस्था** |
|---|---|---|---|
| विकास मार्ग ढल तथा एजिङ वाल निर्माण | खन्ने, सोलिङ र PCC M15 | चौडाई ०.७० मिटर | चौडाई खान्ने ०.७५, सोलिङ ०.७५ र पिसिसिको ०.७५ मिटर |
| संघर्ष चौक ढल तथा एजिङ्वाल निर्माण | खन्ने, सोलिङ र PCC M15 | चौडाई ०.६५ मिटर | चौडाई खान्ने ०.७५, सोलिङ ०.७० र पिसिसिको ०.७० मिटर |
| न्यु भगवती मार्ग लुप ढल तथा एजिङ्वाल निर्माण | खन्ने, सोलिङ र PCC M15 | चौडाई ०.६५ मिटर | चौडाई खान्ने ०.७५, सोलिङ ०.७० र पिसिसिको ०.७० मिटर |

७८.२ **तालिम तथा कार्यक्रम सञ्चालन -** धारन उपमहानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७८ को नियम १३ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। सो नियममा भएको व्यवस्था अनुसार पालिका तथा वडा कार्यालयले केही परामर्श सेवाको लागत अनुमान स्वीकृत गरेको छैन्। कतिपय कार्यक्रमहरू सञ्चालन गर्दा कार्यक्रम सञ्चालन गर्ने संस्थाले पेश गरेको प्रस्तावलाई सोही बमोजिम स्वीकृत गरी खर्च गरेको देखिन्छ भने कतिपय कार्यक्रमको बजेटका आधार सम्झौता गरी कार्यक्रम सञ्चालन पश्चात एकमुष्ट खर्च लेखेको देखिन्छ। कार्यक्रमको लागि बजेट विनियोजन भएको रकम बराबर हुने गरी सञ्चालकले पेश गरेको प्रस्तावको आधारमा

तालिम तथा कार्यक्रम सञ्चालन गर्ने कार्यमा नियन्त्रण गरी लागत अनुमान तयार गरेर मात्र तालिम कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ। नमुना छनौट गरी परीक्षण गर्दा पालिका अन्तर्गतको ११ नम्बर वडा कार्यालयले SEE दिएका विपन्न विद्यार्थीलाई कम्प्यूटर तालिम सञ्चालन गर्दा लागत अनुमान तयार नगरेको, तालिम लिएका विद्यार्थीहरूको छनौटको आधार संलग्न नगरेको, उपस्थित विद्यार्थीको हाजिरी समेत विद्यार्थी स्वयमले नगरेको(उपस्थित र अनुपस्थित जनाएको), म्याक इन्फ्युजन कम्प्यूटर प्रा.लि. सँग सोझै सम्झौता गरी एक लाख भुक्तानी दिएको देखिएकोले सो तालिम सञ्चालन भएको भन्न सक्ने आधार देखिदैन्। यसरी बजेट विनियोन भएको आधारमा गरेको खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

७८.३ **बढी तलव**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **३०,२७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७९ **वडा नं.१२**

७९.१ **प्रयोजन बेगरको इन्धन खपत -** धरान उपमहानगरपालिकाको खर्च व्यवस्थापन कार्यविधि, २०७८ को अनुसुची २ मा पदाधिकारी तथा कर्मचारीलाई दिने इन्धन सुविधा बाहेक अन्य निकायलाई इन्धन उपलव्ध गराउने सम्वन्धमा कुनै व्यवस्था गरिएको छैन। वडा कार्यालयबाट इन्धनको भुक्तानी गर्दा कार्यालयसँग असम्वन्धित तथा सवारी साधन नम्वर समेत नखुलाई इन्धनको भुक्तानी गरेको देखिन्छ। यसरी भएको खर्च वास्तविक भए नभएको यकिन गर्न नसकिने तथा भुक्तानी प्रयोजनको लागि विल मात्र पेश गर्ने प्रकृतिको भएकोले यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ। नमुना परीक्षण गर्दा इन्धन प्रयोग गर्ने गाडी नम्वर तथा प्रयोजन समेत नखुलाई देहायअनुसार भुक्तानी भएकोले त्यस्तो खर्च निमयसम्मत नदेखिएको रु.

| भौ.नं./मिति | विवरण | भुक्तानी पाउने | लि. | रकम |
|---|---|---|---|---|
| ५- २०८१।६। १६ | गाडी नम्वर र प्रयोग गर्ने व्यक्ती नखुल्ने वडा प्रहरी कार्यालयले प्रयोग गरेको १५ लि. डिजेलको भुक्तानी | अरुण पेट्रोलियम ट्रेडिङ सेन्टर प्रा.लि. | १५ | २२६३।५० |
| ६- २०८१।६। १६ | गाडी नम्वर र प्रयोग गर्ने व्यक्ती नखुल्ने ३० लि. पेट्रोलको विलको आधारमा भुक्तानी दिएको | अरुण पेट्रोलियम ट्रेडिङ सेन्टर प्रा.लि. | ३० | ४९९९.२३ |
| २३- २०८१।७। १३ | गाडी नम्वर र प्रयोग गर्ने व्यक्ती नखुल्ने ३१ लि. पेट्रोलको विलको आधारमा भुक्तानी दिएको | अरुण पेट्रोलियम ट्रेडिङ सेन्टर प्रा.लि. | ३१ | ४८६३.९१ |
| ३४- २०८१।८। १० | गाडी नम्वर र प्रयोग गर्ने व्यक्ती नखुल्ने २६ लि. पेट्रोलको विलको आधारमा भुक्तानी दिएको | अरुण पेट्रोलियम ट्रेडिङ सेन्टर प्रा.लि. | २६ | ४०७९.४१ |
| ४५- २०८१।९। १८ | गाडी नम्वर र प्रयोग गर्ने व्यक्ती नखुल्ने ४५ लि. पेट्रोलको विलको आधारमा भुक्तानी दिएको | अरुण पेट्रोलियम ट्रेडिङ सेन्टर प्रा.लि. | ४५ | ७०६०.५२ |
| ६१- २०८१। १०।१८ | गाडी नम्वर र प्रयोग गर्ने व्यक्ती नखुल्ने ५० लि. पेट्रोलको विलको आधारमा भुक्तानी दिएको | अरुण पेट्रोलियम ट्रेडिङ सेन्टर प्रा.लि. | ५० | ७९९४.७५ |
| ६६- २०८१। ११।१९ | गाडी नम्वर र प्रयोग गर्ने व्यक्ती नखुल्ने ३२ लि. पेट्रोलको विलको आधारमा भुक्तानी दिएको | अरुण पेट्रोलियम ट्रेडिङ सेन्टर प्रा.लि. | ३२ | ५१४१.५९ |
| ८२- २०८२।१। ११ | गाडी नम्वर र प्रयोग गर्ने व्यक्ती नखुल्ने ६५ लि. पेट्रोलको विलको आधारमा भुक्तानी दिएको | अरुण पेट्रोलियम ट्रेडिङ सेन्टर प्रा.लि. | ६५ | १०४५७.८१ |
| ८२- २०८२।१। ११ | गाडी नम्वर र प्रयोग गर्ने व्यक्ती नखुल्ने ७५ लि. डिजेलको विलको आधारमा भुक्तानी दिएको | अरुण पेट्रोलियम ट्रेडिङ सेन्टर प्रा.लि. | ७५ | ११९६७.५ |
| **जम्मा** | | | | **५८०२८.२२** |

| अनियमित भएको | ५८,०२८ |
|---|---|

७९.२ **खानेपानी महशुल** - बिद्युत, खानेपानी तथा टेलिफोन महशुल जस्ता अनिवार्य प्रकृतिका मासिक रुपमा गर्नु पर्ने उपभोग वापतको भुक्तानीमा जरिवना नतिर्ने बरु छुट लिने गरी समयमै विल भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ। वडा कार्यालयले खानेपानी बोर्ड व्यवस्थापन, धरानलाई खानेपानी महशुल (पुरानो विल २०८० श्रवाण देखि २०८१ आषाढ सम्मको) रु.३३,४३५।०० भुक्तानी गर्दा रु.१०,२०१।५० थप हर्जना भुक्तानी गर्ने गरेको देखियो। यसरी कार्यालयले समयमै विल भुक्तानी नगर्दा थप दायित्व सिर्जना हुने भएकोले समयमै विल भुक्तानी गरी रिवेट लिने तर्फ ध्यान दिनु पर्दछ। यसरी थप दायित्व श्रृजना हुने गरी गरेको भुक्तानी नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | १०,२०२ |
|---|---|

७९.३ **ड्राईभिङ तालिम** - लक्षित समुहलाई दिईने तालिम कार्यक्रम पूर्व र तालिम पश्चातको तथ्याङ्क संकलन गरी कार्यालयले तालिमको प्रभावकारिता मापन गर्नु पर्दछ। कार्यालयले कर्मचारी जनप्रतिनिधी क्षमता अभिवृद्धि कार्यक्रममा १ महिने ड्राइभिङ तालिम सञ्चालन गरी रु.१,७२,०००।०० अप्सरा मोटर ड्राईभिङ इन्स्टिच्युटलाई भुक्तानी दिएको छ। ८ कर्मचारी र ३ जनप्रतिनिधीले प्रशिक्षण लिने भनि सम्झौता भएको देखिए तापनि सहभागिको विवरण तथा नामनामेसी पेश भएन। यस कार्यक्रममा प्रति सहभागि कारको रु.१८,०००।०० ले ७ जनाको रु.१,२६,०००।०० र प्रति सहभागि मोटरसाईकलको रु.११,५००।०० ले ४ जनाको रु.४६,०००।०० समेत जम्मा रु.१,७२,०००।०० खर्च भएको देखिन्छ। कार्यालयले कुन उद्देश्यको साथ यस प्रकारको सवारी चालक प्रशिक्षण कार्यक्रम राखेको हो, यस तालिम पश्चात कति सहभागिले सवारी चालक अनुमती पत्र प्राप्त गर्न सफल भई तालिमको लक्ष्य हाँसिल

भयो त्यस सम्वन्धमा कुनै रेकर्ड राखेको देखिएन। जसले गर्दा तालिमहरुको उद्देश्य र प्रभावकारिता यकिन गर्न सकिएन भने सहभागिहरुको विवरण समेत पेश नभएकोले तालिममा सबै सहभागि उपस्थित भए नभएको समेत यकिन भएन। यस तालिममा सहभागि प्रशिक्षार्थीहरुको सम्पूर्ण विवरण सहित तालिमको औचित्य पुष्टी हुने कागजात पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७२,००० |

८० **वडा नं.१३**

**कन्टिन्जेन्सीको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ। १३ नम्बर वडा कार्यालयले खर्च लेखी अ.स.ई. तेन्जिङ शेर्पाको नाममा भुक्तानी दिएको कन्टिन्जेन्सी वापतको खर्चको नमूना परीक्षण गर्दा खर्चलाई प्रमाणित गर्ने विल भरपाई चालु आर्थिक वर्ष २०८२।८३ मा जारी भएको पाईयो। यसरी खर्च नै नभएको अवस्थामा बजेट खर्च लेखी सम्बन्धीलाई भुक्तानी दिएको र पछी विजक प्राप्त गरी संलग्न गरेको सम्बन्धमा वास्तविक खर्च भए नभएको, सम्बन्धीत योजनाको काममा खर्च भए वा नभएको पालिकाले यकिन गरी सोको प्रमाण पेश गर्नु पर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,६९१ |

८१ **वडा नं.१४**

**अन्य निकायको खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। नमुना परीक्षण गर्दा कार्यालयले देहाय बमोजिम अस्थायी प्रहरी चौकीले प्रयोग गर्ने इन्धनको विल भुक्तानी गर्ने गरेको देखियो। यसरी अन्य सरकारी कार्यालयको सञ्चालन खर्च वडाबाट भुक्तानी हुँदा दोहोरो खर्च भए नभएको यकिन नहुने र यस प्रकृतिको खर्चले पालिकालाई व्ययभार बढाउदै जाने भएकोले यस्तो खर्च नियमसम्मत नदेखिएको रु.

| **भौ.नं./मिति** | **विवरण** | **लिएको इन्धन** | **रकम** |
|---|---|---|---|
| २७- २०८१।६।२१ | अरुण पेट्रोलियम ट्रेडिङ सेन्टर प्रा.लि.लाई अस्थायी प्रहरी चौकी विजयपुर १४ ले विभिन्न महिनामा प्रयोग गरेको पेट्रोलको भुक्तानी | ८८ | १६१०६.२ |
| ७१- २०८१।१०।२० | अरुण पेट्रोलियम ट्रेडिङ सेन्टर प्रा.लि.लाई अस्थायी प्रहरी चौकी विजयपुर १४ ले विभिन्न महिनामा प्रयोग गरेको पेट्रोलको भुक्तानी | १६ | २६२०.४ |
| ७१- २०८१।१०।२० | अरुण पेट्रोलियम ट्रेडिङ सेन्टर प्रा.लि.लाई इलाक प्रशासन कार्यालय धरानले विभिन्न महिनामा प्रयोग गरेको पेट्रोलको भुक्तानी | १५ | २३३८.५ |
| ७२- २०८१।१०।२४ | अरुण पेट्रोलियम ट्रेडिङ सेन्टर प्रा.लि.लाई अस्थायी प्रहरी चौकी विजयपुर १४ ले विभिन्न महिनामा प्रयोग गरेको पेट्रोलको भुक्तानी | ९७ | १९३८३. |
| १०९- २०८२।२।१६ | अरुण पेट्रोलियम ट्रेडिङ सेन्टर प्रा.लि.लाई अस्थायी प्रहरी चौकी विजयपुर १४ ले विभिन्न महिनामा प्रयोग गरेको पेट्रोलको भुक्तानी | १० | १५७९.०१ |
| १५१- २०८२।३।२५ | अरुण पेट्रोलियम ट्रेडिङ सेन्टर प्रा.लि.लाई अस्थायी प्रहरी चौकी विजयपुर १४ ले विभिन्न महिनामा प्रयोग गरेको पेट्रोलको भुक्तानी | २० | ३१७८. |
| **जम्मा** | | | **४५२०४.६** |

| अनियमित भएको | ४५,२०५ |
|---|---|

८२ **वडा नं.१५**

८२.१ **शिक्षा सदन मा.वि. भ्रमण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन आवश्यक बिल,भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ। १५ नम्बर वडा कार्यालयले शिक्षा सदन माध्यमिक विद्यालयलाई वडा बजेटमा व्यवस्था नै नभएकोमा विद्यालयले पेश गरेको भ्रमण खर्चको विल भरपाईका आधारमा महिला लक्षित विविध कार्यक्रमबाट बजेट खर्च लेखी रु.५०००० मा रु.७५० कर कट्टि गरी रु.४९२५० भुक्तानी दिएको देखियो। यसरी बजेट नै व्यवस्थापन नभएको अवस्थामा विद्यालयले भ्रमण गरेको विल भरपाई पेश गरी भुक्तानी लिएको नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | ४९,२५० |
|---|---|

८२.२ **टोली विकास संस्थालाई अनुदान** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन आवश्यक बिल,भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ। १५ नम्बर वडा कार्यालयले वडा कार्यालयमा रहेका टोली विकास संस्थाहरूलाई वार्षिक रु.७५०० का दरले दिने भनी निर्णय गरेका आधारमा विभिन्न ३७ टोल विकास संस्थालाई रु.१७१०० खर्च लेखी भुक्तानी दिएको देखियो। भुक्तानीको कागजात परीक्षण गर्दा केहीले टोल विकास संस्थाको बोर्ड निर्माण गरेको र कतिपयले खाना, खाजा वापतको विल भरपाई पेश गरेर भुक्तानी लिएको देखियो। निर्णय गर्दा के वापत भुक्तानी दिने भनी निर्णय नभएकोले भुक्तानी दिएको खर्च रकमको सार्थकता देखिदैन। यसरी कुनै आधार विना भुक्तानी दिने निर्णय र विविध खर्च लगायतको संलग्न विलअनुसार खर्च दिएको रकम नियसम्मत नदेखिएको रु.

| अनियमित भएको | १,७१,००० |
|---|---|

८२.३ **जनता आ.वि. व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन आवश्यक बिल,भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ। १५ नम्बर वडा कार्यालयले जनता आधारभुत विद्यालय व्यवस्थापन शीर्षकमा रु.१ लाख बजेट विनियोजन गरी खेल सामाग्री, डायरी पेन लगायतका सामाग्री खरिद गरेको विल भरपाई पेश गरी विद्यालयलाई निकासा दिएको देखियो। विद्यालयको चालु प्रकृतिको खर्चका बील संलग्न गरी खर्च लेखेको नियसम्मत नदेखिएको रु.

| अनियमित भएको | १,००,००० |
|---|---|

८२.४ **तथ्यांकीय प्रतिवेदन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन आवश्यक बिल,भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ। १५ नम्बर वडा कार्यालयले बालमैत्री सूचक अद्यावधीक गरे वापत २ कर्मचारीलाई डोर हाजिरी संलग्न गरी वर्षभरमा रु.९८९२० खर्च लेखी भुक्तानी दिएकोमा संकलन गरेको तथ्यांकको प्रतिवेदन संलग्न नगरी भुक्तानी दिएको देखियो। यसरी भुक्तानीलाई प्रमाणित गर्ने प्रमाण कागजात संलग्न नगरी भुक्तानी दिएकोमा प्रतिवेदन संलग्न गराई खर्चलाई नियमित गर्नु पर्ने रु.

| अनियमित भएको | ९८,९२० |
|---|---|

८२.५

**बढी भुक्तानी** - पालिका तथा वडा कार्यालयले निर्माण कार्यको भुक्तानी दिँदा भएको कामको मात्र नापी कितावमा उल्लेख गरी सोही बमोजिम भुक्तानी दिनु पर्दछ। १५ नम्बर वडा कार्यालयले निम्नानुसारको कालोपत्रे निर्माणको भुक्तानी दिँदा भएको कार्यभन्दा बढी हुने गरी नापी कितावमा चढाई सोही बमोजिम भुक्तानी दिएकोले बढी भुक्तानी दिएको देखियो। अत: बढी भुक्तानी दिएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नु पर्ने रु.

| **गो.भौ.नं.-मिति** | **आयोजनाको नाम** | **उपभोक्ता समितिको नाम** | **ट्याक गरिएको क्षेत्रफल** | **अस्पाल्ट/ प्रिमिक्सको थिक्नेस (नापी कितावमा चढेको)** | **भुक्तानी हुनु पर्ने परिमाण (घनमिटर)** | **नापी बीलमा चढेको परिमाण (घनमिटर)** | **बढी परिमाण भुक्तानी (घनमिटर)** | **प्रति एकाई दर** | **उपभोक्ता समितिको अंश (प्रतिशत)** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| अस्पाल्ट | | | | | | | | | | |
| ३५। २०८२। १।२१ | गोविन्द मार्ग लुप कालोपत्रे | गोविन्द मार्ग लुप सडक निर्माण उपभोक्ता समिति | ४२३.५७ | ०.०४ | १६.९४ | १८.२६ | १.३२ | २२२१९.८७ | ३८.९ | १७९२१ |
| ४३। २०८२। १।३१ | सुनगाभा पथ लुप कालोपत्रे | सुनगाभा पथ लुप कालोपत्रे निर्माण उ स | ८४२.७७ | ०.०४ | ३३.७१ | ३७.३२ | ३.६१ | २२२१९.८७ | ५४.२७ | ३६६८२ |
| ४४। २०८२। १।३१ | भिषण पथ लुप कालोपत्र | भिषण पथ लुप सडक निर्माण उ स | ३४४.१८ | ०.०४ | १३.७७ | १५.१२ | १.३५ | २२२१९.८७ | ४९.५ | १५१४८ |
| प्रिमिक्स | | | | | | | | | | |
| ६४। २०८२। ३।१८ | पुष्पलाल लुप बिरछाँया मार्ग कालोपत्रे | बिरछाँया मार्ग कालोपत्रे बाटो निर्माण उ स | ४०६.३५ | ०.०२ | ८.१३ | ९.२४ | १.११ | २१२९४.९८ | ३०.१ | १६७५९ |
| **जम्मा** | | | | | | | | | | **८६५१०** |

| असुल गर्नुपर्ने | ८६,५१० |
|---|---|

८३ **वडा नं.१६**

**बढी भुक्तानी**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१६,३९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

८४ **वडा नं.१७**

८४.१ **अन्य निकायको खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। नमुना परीक्षण गर्दा कार्यालयले देहाय बमोजिम अस्थायी प्रहरी चौकीले प्रयोग गर्ने इन्धनको विल भुक्तानी गर्ने गरेको देखियो। यसरी अन्य सरकारी कार्यालयको सञ्चालन खर्च वडाबाट भुक्तानी हुँदा दोहोरो खर्च भए नभएको यकिन नहुने र यस प्रकृतिको खर्चले पालिकालाई व्ययभार बढाउदै जाने भएकोले यस्तो खर्च नियमसम्मत नदेखिएको रु.

| भौ.नं./मिति | विवरण | परिमाण | रकम |
|---|---|---|---|
| १६६- २०८२।३।१६ | अरुण पेट्रोलियम ट्रेडिङ सेन्टर प्रा.लि.लाई अस्थायी प्रहरी चौकी रेलवेले प्रयोहग गरेको इन्धन डिजेलको भुक्तानी | ७८ | ७५३८. |
| १४०- २०८२।२।१ | अरुण पेट्रोलियम ट्रेडिङ सेन्टर प्रा.लि.लाई अस्थायी प्रहरी चौकी रेलवेले प्रयोग गरेको इन्धन पेट्रोलको भुक्तानी | ४० | ६४३६.०२ |
| ६५- २०८१।८।२५ | अरुण पेट्रोलियम ट्रेडिङ सेन्टर प्रा.लि.लाई अस्थायी प्रहरी चौकी रेलवेले प्रयोग गरेको इन्धन पेट्रोलको भुक्तानी | ३० | ४७०७.०१५ |
| | जम्मा | | १८६८१.०३५ |

| | |
|---|---|
| अनियमित भएको | १८,६८१ |

८४.२ **दोहोरो आर्थिक सहायता** - धरान उपमहानगरपालिकाको खर्च व्यवस्थापन कार्यविधि, २०७८ को दफा २९ मा विपन्न तथा अशक्तहरूलाई तत्काल कुनै पनि आर्थिक सहयोग प्रदान गर्नु परेमा नगर प्रमुखको निर्णयबाट रु.१०००० सम्म र सो भन्दा बढी प्रदान गर्नु परेमा कार्यपालिकाको निर्णयबाट प्रदान गर्न सकिने उल्लेख छ। वडा अध्यक्षको तोक आदेशका आधारमा सहायता वितरण सम्बन्धी कुनै व्यवस्था देखिदैन। पालिकाले केन्द्रीय प्रविधि क्याम्पसमा अध्ययनरत विद्यार्थी दिक्षा वाग्लेलाई रिसर्चको लागि आर्थिक सहयोग वापत पालिका चालुतर्फको भौचर नम्बर ११८ बाट नगर प्रमुखको तोक आदेशका आधारमा रु.१५००० सहायता रकम भुक्तानी दिएकोमा १७ नम्बर वडा कार्यालयले समेत सोही कार्यको लागि चालुतर्फको भौचर नम्बर १२८ बाट रु.५०००० भुक्तानी दिएको देखियो। पालिकाले एकै व्यक्तिलाई पालिका र वडा कार्यालयबाट दोहोरो सहायता प्रदान गरेको नमूना परीक्षण गर्दा देखिएको हुँदा यस्तो कार्यमा नियन्त्रण गरी पालिकाले तयार गरेको कार्यविधि बमोजिम एकद्वार प्रणाली लागु गर्नु पर्ने देखिन्छ। आर्थिक सहयता उपलब्ध गराउँदा विद्यार्थीबाट निवेदन मात्र लिएको र सो विद्यार्थी सहायताको लागि छनौट भएको प्रमाण कागजात पेश गरेको छैन्। यसरी पालिकाले तयार गरेको कार्यविधिले अधिकार नदिएको तथा पालिकाबाट सहायताको रकम लएको अवस्थामा वडा कार्यालयबाट समेत थप सहायता भुक्तानी भएको रकम १७ नम्बर वडा कार्यालयले असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,००० |

८५ **वडा नं.१८**

**जस्ताको आम्दानी**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **२४,३५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | धरान उपमहानगरपालिकाको खर्च व्यवस्थापन कार्यविधि, २०७८ को दफा १२ अनुसार सरकारी तथा निजि सवारी साधनमा प्रयोग गर्ने कर्मचारी तथा पदाधिकारीहरुको सुविधा सम्बन्धी सिमा निर्धारण गरेको छ। उक्त कार्यविधिमा वडा सदस्य तथा अन्य निकायहरुलाई ईन्धन दिने बारे व्यवस्था नगरेको अवस्थामा वडा सदस्य श्री देवीमाया विकलाई रु.७३४०।५० र अन्य निकायलाई विभिन्न मितिमा ईन्धन खर्च रु.२१९६।३९ गरी जम्मा रु.९५३६।८९ कार्यविधि भन्दा बाहिरको भुक्तानी गरेकोले नियमानुसार दिन नमिल्ने रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | 9537.00 |
| २ | गाउँ तथा नगर सभाका सदस्यहरूको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा पालिका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यले अनुसूची १(ग) मा उल्लेख भएबमोजिमको सुविधालाई अधिकतम कायम गरी कार्यपालिकाले निर्धारण गरेबमोजिमको सुबिधा पाउने व्यवस्था गरेको छ। सो व्यवस्थामा यातायात सुविधा वापत मासिक वडा अध्यक्षलाई रु.५५००, कार्यपालिका सदस्य र वडा सदस्यलाई रु.३००० पाउने उल्लेख छ। पालिकाले उल्लिखित व्यवस्था बमोजिम मासिक सुविधाको भुक्तानी गर्दा यातायात सुविधा वापतको रकम मासिक रुपमा भुक्तानी दिएको छ। यातायात सुविधा वापत भुक्तानी दिएको अतिरिक्त नगरसभाको बैठकमा उपस्थितलाई बैठक भत्ताका अतिरिक्त रु.१००० यातायात सुविधा समेत भुक्तानी दिएको देखियो। यसरी मासिक सुविधामा भुक्तानी दिएकोमा थप यातायात खर्च भुक्तानी दिएको सम्बन्धितबाट असुल गर्नु पर्ने रु. | 37000.00 |

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| | (तलको तालिका) | |

| क्र.सं. | पद | पदाधिकारीको नाम | गो.भौ.नं.१७४२ बाट भुक्तानी भएको | गो.भौ.नं.१७७१ बाट भुक्तानी भएको | जम्मा भुक्तानी रु. |
|---|---|---|---|---|---|
| १ | महिला सदस्य | उषा सुब्बा लिम्बु | १००० | १००० | २००० |
| २ | वडा सदस्य | कुमार विश्वकर्मा | ० | १००० | १००० |
| ३ | वडा सदस्य | कृष्ण बीडीआर राई | १००० | १००० | २००० |
| ४ | वडा सदस्य | देबेन्द्र राई | १००० | ० | १००० |
| ५ | वडा सदस्य | जसरथ सुब्बा | १००० | १००० | २००० |
| ६ | कार्य पालिका सदस्य | दिनेश विश्वकर्मा | १००० | १००० | २००० |
| ७ | वडा सदस्य | दिनेश कुमार अग्रवाल | १००० | १००० | २००० |
| ८ | वडा सदस्य | नेत्र प्रसाद काफ्ले | १००० | १००० | २००० |
| ९ | वडा सदस्य | मनिष बिष्ट | १००० | १००० | २००० |
| १० | वडा सदस्य | रमेश राई | १००० | १००० | २००० |
| ११ | वडा सदस्य | राजेश राज मोक्तान | १००० | १००० | २००० |
| १२ | दलित महिला सदस्य | रमा वि.क. | ० | १००० | १००० |
| १३ | वडा सदस्य | राम बहादुर राई | १००० | १००० | २००० |
| १४ | वडा सदस्य | लक्ष्मण राई | १००० | १००० | २००० |
| १५ | दलित महिला सदस्य | लक्ष्मी विश्वकर्मा | १००० | १००० | २००० |
| १६ | कार्य पालिका सदस्य | बिकाश भाटी | १००० | १००० | २००० |
| १७ | वडा अध्यक्ष | बिवेक राई | १००० | १००० | २००० |
| १८ | दलित महिला सदस्य | संगीता लोहनी (बीके) | १००० | १००० | २००० |
| १९ | वडा सदस्य | सुमिर [illegible] | १००० | १००० | २००० |
| २० | वडा सदस्य | समीर राई | १००० | १००० | २००० |
| जम्मा | | | | | ३७००० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : धरान उप महानगरपालिका, सुनसरी , धरान उप-महानगरपालिका , सुनसरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | भुपेन्द्र राई | २०८१-३-५ | २०८१-८-१६ |
| कार्यालय प्रमुख | अम्बिका प्रसाद चौंलागाईं | २०८१-९-३ | २०८२-१२-२४ |
| कार्यालय प्रमुख | तीर्थराज राई | २०८२-१२-२४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | भेषराज अधिकारी | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,१२३,१९४ | २८,१००,९७६ | ३८,८७६,७५६ | ० | ० | ७३७,११४.२९ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६९,८३८,०४०.२९ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १२,८०२,७७६ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ४६,५३७ |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ५७,०८१,८०१.२९ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | २०८२५१४४६.१९ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ७८६४८६७४३.७४ | चालु खर्च | ९६५२८७५९५.०३ |
| प्रदेश सरकारबाट अनुदान | ६६३२४६२८ | पूँजीगत खर्च | ५१७९२४७८४.८ |
| राजश्व बाँडफाँट | ३१९०२९७१९.८ | वित्तीय/अन्य व्यवस्था | ७१३२६७८८६.३४ |
| आन्तरिक आय | २७६६३९६०९.५६ | | |
| अन्य आय | ७१८४४२४३५.४५ | | |
| कुल आय | २१६६९२३१३६.५५ | कुल खर्च | २१९६४८०२६६.१७ |
| बाँकी मौज्दात | | १७८६९४३१६.५७ | |

## अनुसूची - २

| सि.नं. | लेखापरीक्षण | लेखापरीक्षण गरिएका विषयहरू |
|---|---|---|
| 1 | कृषि तथा पशु विकास कार्यक्रम | कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम |
| 2 | स्वास्थ्यतर्फ | स्वास्थ्यतर्फ |
| 3 | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) |
| 4 | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य गराउने । | अमानत, लाभग्राही समुदाय, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने । |
| 5 | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) |
| 6 | आन्तरिक आयतर्फ | आन्तरिक आयतर्फ |
| 7 | तालिम र कार्यक्रम खर्च | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) |
| 8 | खरिद व्यवस्थापन | खरिद व्यवस्थापन |
| 9 | शिक्षा तर्फ | शिक्षा तर्फ |
| 10 | ठेक्का तथा प्रस्ताव व्यवस्थापन | ठेक्का तथा प्रस्ताव व्यवस्थापन |
| 11 | संघ र प्रदेशबाट प्राप्त सशर्त लगायत कार्यक्रम (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |
| 12 | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा |

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) मार्फत तयार भएको म.ले.प.फा.नं.२७० अनुसारको विवरण निम्नानुसार रहेको छ:

| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
|---|---|---|---|---|---|
| | | नगद | जम्मा | नगद | जम्मा |
| | **राजस्व अनुदान र अन्य प्राप्ति** | | | | |
| ११००० | कर | ४४५८१२२०१.४० | ४४५८१२२०१.४० | ३९०६५०९८६.७८ | ३९०६५०९८६.७८ |
| १३००० | अनुदान | ८७५८६०१६२.७४ | ८७५८६०१६२.७४ | ८८९७३४५०५.०४ | ८८९७३४५०५.०४ |
| १४००० | अन्य राजस्व | १४९६०७३४३.१९ | १४९६०७३४३.१९ | १४३२०४६८८.५९ | १४३२०४६८८.५९ |
| १५००० | विविध प्राप्ति | २४९७८४.७७ | २४९७८४.७७ | ३९२८४०.०० | ३९२८४०.०० |
| **क** | **कुल जम्मा प्राप्ति** | **१४७१५२९४९२.१०** | **१४७१५२९४९२.१०** | **१४२३९८३०२०.४१** | **१४२३९८३०२०.४१** |
| **३** | **चालु** | **९६५२८७५९५.०३** | **९६५२८७५९५.०३** | **८७८१५६३२२.२२** | **८७८१५६३२२.२२** |
| २१००० | पारिश्रमिक / सुविधा | ५३५२२५०६६.७३ | ५३५२२५०६६.७३ | ४९९६८९८४७.१५ | ४९९६८९८४७.१५ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ३१६०६९३५१.६० | ३१६०६९३५१.६० | २९२६२९२९०.९२ | २९२६२९२९०.९२ |
| २४००० | ब्याज सेवा शुल्क तथा बैंक कमिशन | २९९९९९१८.९० | २९९९९९१८.९० | ०.०० | ०.०० |
| २५००० | सहायता (Subsidy) | ६७०१३६११.०० | ६७०१३६११.०० | ७१३३४३०८.७५ | ७१३३४३०८.७५ |
| २६००० | अनुदान | ८६८१७.०० | ८६८१७.०० | ०.०० | ०.०० |
| २७००० | सामाजिक सुरक्षा | १४१३३४८०.०० | १४१३३४८०.०० | १२६६८९५३.०० | १२६६८९५३.०० |
| २८००० | अन्य खर्च | २७५९३४९.८० | २७५९३४९.८० | १८३३९२२.४० | १८३३९२२.४० |
| **४** | **पूंजीगत** | **५१७९२४७८४.८०** | **५१७९२४७८४.८०** | **४४२१३१४४०.६९** | **४४२१३१४४०.६९** |
| ३१११० | भवन तथा संरचना | ६९९२६७९२.०० | ६९९२६७९२.०० | ८१३३७२५५.९९ | ८१३३७२५५.९९ |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | १९२६७८७९.०० | १९२६७८७९.०० | ११५६११३२.१३ | ११५६११३२.१३ |
| ३११३० | अन्य पूँजीगत खर्च | ६०८२५.०० | ६०८२५.०० | ३२८२५३१.०० | ३२८२५३१.०० |
| ३११४० | सुरक्षा उपकरण | ५२२७०१.०० | ५२२७०१.०० | १०९५४९८.०० | १०९५४९८.०० |
| ३११५० | सार्वजनिक निर्माण | ४१०९७८१६२.३० | ४१०९७८१६२.३० | ३३४००८८६७.६१ | ३३४००८८६७.६१ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ५८८९८६१.०० | ५८८९८६१.०० | १६३५६५८.०० | १६३५६५८.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ११२७८५६४.५० | ११२७८५६४.५० | ९२१०४९७.९६ | ९२१०४९७.९६ |
| **५** | **वित्तीय** | **४००००००.००** | **४००००००.००** | **१६४५८०८५.९१** | **१६४५८०८५.९१** |
| ३३१४७ | अन्य संस्थाहरूबाट ऋण प्राप्ति साँवा भुक्तानी | ४००००००.०० | ४००००००.०० | ०.०० | ०.०० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३१९५ | ऋणपत्र मार्फत प्राप्त ऋण साँवा भुक्तानी | ०.०० | ०.०० | १६४५८०८५.९१ | १६४५८०८५.९१ |
| ख) | कुल जम्मा भुक्तानी | १५२३२१२३७९.८३ | १५२३२१२३७९.८३ | १३३६७४५८४८.८२ | १३३६७४५८४८.८२ |
| ग) | बचत /कमी (ग = क-ख ) | -५१६८२८८७.७३ | -५१६८२८८७.७३ | ८७२३७१७१.५९ | ८७२३७१७१.५९ |
| घ) | धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | २२१२५७५८.११ | २२१२५७५८.११ | -२४०३०९०५.०७ | -२४०३०९०५.०७ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -२७०८०४.०० | -२७०८०४.०० |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | -२९५५७१२९.६२ | -२९५५७१२९.६२ | ६३२०६२६६.५२ | ६३२०६२६६.५२ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | २०८२५१४४६.१९ | २०८२५१४४६.१९ | १४५०४५१७९.६७ | १४५०४५१७९.६७ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | १७८६९४३१६.५७ | १७८६९४३१६.५७ | २०८२५१४४६.१९ | २०८२५१४४६.१९ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।

- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चितगर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्योट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्योट कार्यलाई

व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अध्यावधिक गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।